# शिक्षा उत्पादन श्रमसँग नजोर्दिंदा नेपाली युवा बिदेसिनुपरेको चर्चा

भक्तपुर । बासु माविमा कार्यरत शिक्षक-कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीबिच शनिबार भेटघाट तथा शुभकामना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले नेमकिपाले स्थापनाकालदेखि नै शिक्षालाई उत्पादन श्रमसँग मिलाउनुपर्ने आवाज उठाइरहेको बताउनुभयो ।

शिक्षा उत्पादन श्रमसँग नजोडिएकै कारण आज ८० लाखभन्दा बढी नेपाली युवा विदेशी भूमिमा छन्, उहाँले भन्नुभयो ।

विद्यार्थीलाई पाठ्यक्रममा आधारित ज्ञान दिनुका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीति एवं घटनाक्रमबारे पनि ज्ञान दिनुपर्ने आवश्यकता अध्यक्ष बिजुक्छेँले औँल्याउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईले समुदायमा आधारित विद्यालयले समाजसँगको सम्बन्ध राम्रो बनाउन आवश्यक गतिविधि सञ्चालन गर्नुपर्ने र विभिन्न विद्यालयका असल अभ्यासहरूको आदानप्रदान गरी स्तरोन्नतिमा जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सिर्जनात्मक गतिविधि तथा अध्ययन-लेखनको क्षेत्रमा लाग्न विद्यार्थीहरूलाई निरन्तर उत्प्रेरणा दिनु आवश्यक छ; विद्यालय, शिक्षक र कर्मचारीले आत्मसमीक्षा, अन्तरक्रिया तथा अध्ययनमार्फत समय सुहाउँदा परिवर्तनका निम्ति तयार हुँदै योगदान गर्नु आवश्यक छ ।"

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बासुकलाले विद्यालयको गुणस्तर बढाउन शिक्षकहरूले थप मेहनत गर्नुपर्ने आवश्यकता औँल्याउँदै विद्यार्थीको परीक्षा नतिजाबारे गहन विश्लेषण गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष कृष्णबहादुर कर्माचार्य, विद्यालयका प्रअ अम्बिका न्याइच्याई, कम्प्युटर इन्जिनियरिङका संयोजक रमेश प्रजापति, सहायक प्रअद्वय राजकुमार ह्यौंमिखा र रविलाल प्रधान, मावि इन्चार्ज सुनिता घटुवा, शिक्षकहरू रामकुमार निरौला, जगतलक्ष्मी पहिजु र विष्णुप्रसाद दुमरूले पनि बोल्नुभएको थियो ।


साप्ताहिक

श्रमिक

WORKERS Weekly

(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३१ ✪ अङ्क १२ ✪ २७ चैत २०८०, मङ्गलबार ✪ 9 April, 2024, Tuesday ✪ मूल्य रू. १०।-


# मद्यपान र पत्रुखानाबाट नयाँ पुस्तालाई टाढा राख्न सुझाव




भक्तपुर । प्रभात इङ्गलिस सेकेन्डरी स्कूलको ४२ औँ स्थापना दिवस नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले पोका पारिएको तयारी खानेकुरा स्वास्थ्यलाई हानिकारक हुने भएकोले नानी-बाबुहरूलाई त्यस्ता खानेकुराबाट टाढा राख्नुपर्ने र यसबारे डाक्टर-स्वास्थ्यकर्मी र अभिभावकहरूबिच छलफल चालु राख्नुपर्ने बताउनुभयो ।

जाँड-रक्सी खानेको आयु छोटो हुनेभएकोले अम्मली पदार्थ सेवन नगर्न उहाँले सचेत गराउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "नयाँ पुस्ता सबै विदेश पठाइए देश के होला ? अहिले नै काठमाडौँका पुराना चोक, बस्तीमा स्थानीय रिक्त भएका छन् ।"

"प्रभात इङ्गलिस सेकेन्डरी स्कूलले कामदार वर्गका छोराछोरीलाई कम शुल्कमा राम्रो शिक्षा दिइरहेको हुँदा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु । विद्यार्थीहरूको सानो कक्षादेखि जग बलियो बनाउनु जरुरी छ", उहाँले भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले प्रभात सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित प्रभात इङ्गलिस सेकेन्डरी स्कूल कामदार जनताको साझा विद्यालय भएको र विद्यालयले कम शुल्कमा गुणस्तरीय शिक्षा दिइरहेको बताउनुभयो ।

१५ वर्षमुनिका विद्यार्थीहरूलाई नेपालभाषा, नेपाली, अङ्ग्रेजीबाहेक अन्य भाषासमेतको तालिम दिनेतर्फ विद्यालयले तयारी गरिरहेको उहाँले जानकारी गराउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीको निर्देशनमा कार्यकर्ताहरू विगत ६० वर्षदेखि विद्यालय स्थापना गरी कामदारवर्गको सेवामा लाग्नुभएको हो । सोही सिलसिलामा ४२ वर्ष अगाडि यो विद्यालय स्थापना भएको हो ।"

पोषणविद् डा. अरुणा उप्रेतीले भन्नुभयो, "नेवारको खानेकुरा स्वस्थकर छ । चिसो पेय पदार्थ र पोका पारिएको तयारी खानेकुराले कलेजो, मुटु, मिर्गौलालाई हानी गर्छ । यस्तो पत्रु खानेकुरा केटाकेटीलाई खुवाइए २५-३० वर्षमै मधुमेह र उच्च रक्तचापको बिरामी हुनेछ ।"

इन्जिनियर रामविन्दु श्रेष्ठले किशारोवस्थामा पाएको शिक्षा जीवनको पछिसम्म स्मरणमा रहने धारणा राख्दै श्रमलाई सम्मान गर्ने शिक्षा आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "मानिसमा साथअनुसारको संस्कृतिको विकास हुन्छ । खराब सङ्गत भए जीवन बर्बाद हुन्छ ।"

ख्वप अस्पतालका निमित्त निर्देशक डा. मजेशप्रताप मल्लले ख्वप अस्पतालले बीमाका बिरामीलाई सेवा दिएबापतको १६ करोड रुपैयाँ सरकारबाट प्राप्त हुन बाँकी भएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुरका जनताको मायाले अस्पतालमा विशेषज्ञ डाक्टरहरूको सेवा बढिरहेको छ ।"

डा. विवेक बासुकलाले भन्नुभयो, "प्रभातमा अध्ययन गरेको जगकै कारण हाडजोर्नी चिरफार गर्ने डाक्टर बन्न पाएको छु; यसको निम्ति विद्यालयप्रति आभार प्रकट गर्दछु ।"

विद्यालयका प्रिन्सिपल बदनकेशरी प्रजापतिले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुतिहरू देखाएका थिए ।

# स्वास्थ्य बीमा कार्यक्रम सफल होला ?

काठमाडौँ । नेपालको संविधानले आधारभूत स्वास्थ्य उपचार सेवा निःशुल्कको सुनिश्चितता गरेको छ । देशभर आधारभूत स्वास्थ्य केन्द्रहरूमार्फत त्यसको कार्यान्वयन हुँदै छ । स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउने उद्देश्यले स्वास्थ्य बीमा कार्यक्रम लागु गरिएको छ ।

२०७२ साल चैत २५ गतेबाट नेपालमा बीमा कार्यक्रम सुरु भएको हो । यही चैत २५ गते 'तपाईंको स्वास्थ्य हाम्रो अठोट' भन्ने मूल नाराका साथ राजधानीमा कार्यक्रम गरियो । अहिले देशमा ७७ वटै जिल्लामा यो कार्यक्रम लागु भएको छ । रु. ३५००।- को बीमाले एक लाखसम्मको उपचार पाउनु बीमितहरूको हितमा छ । सरकारले जुन उद्देश्यले बीमा कार्यक्रम लागु गरिएको हो, त्यो व्यवहारमा भन्ने निकै कमजोरी देखिएका छन् । सरकारी तथ्याङ्कअनुसार देशभर अहिले ७४ लाख बीमितहरूमध्ये ४७ लाखमात्रै सक्रिय बीमितहरू रहेका छन् ।

सर्वसाधारण जनताको लागि स्वास्थ्य बीमा राम्रो हुँदाहुँदै पनि सरकारको स्पष्ट योजना नहुँदा सफल हुनेमा भने धेरैले शङ्का गरेका छन् । सरकारले धनी र गरिब सबै नागरिकलाई समानरूपमा बीमा लागु गर्नु, सरकारी र निजी अस्पतालहरूमा पनि बीमा कार्यक्रम लागु गर्नु र निजामति कर्मचारी, प्रहरी, सेना, सङ्गठित संस्थामा कार्यरत सबै कर्मचारीहरूलाई अनिवार्य स्वास्थ्य बीमामा आबद्ध गर्न नसक्नु बीमाका कमजोर पक्षहरू हुन् ।

निजी अस्पतालहरू सेवाभन्दा नाफाको निम्ति खोलिएका हुन्छन् । फाइदाका लागि तिनीहरू बिरामीलाई चाहिनेभन्दा बढी औषधि लेख्ने, परीक्षणहरू गराउने र कतिपयले नक्कली बिलको समेत बीमा रकम दाबी गर्ने गर्छन् । यसले गर्दा सरकारको उद्देश्यअनुसार काम हुन नसकेको देखिन्छ ।

सरकारले जतिसुकै स्वास्थ्य बीमाको प्रचारप्रसार गरे पनि सरकारी र सामुदायिक अस्पतालहरू बीमाकै कारण समस्यामा छन् । त्यसको मुख्य कारण अस्पतालहरूलाई समयमा भुक्तानी प्रदान नगर्नु हो । औषधिलगायतको क्षेत्रमा अस्पतालहरूले धेरै लगानी गरी राखेको हुन्छ । धेरैले त्यो व्यापारीबाट उधारो लिइएका हुन्छन् र समयमा भुक्तानी गर्न नसक्दा व्यापारीहरूले विश्वास गर्दैनन् र सामान उपलब्ध गराउन रोक्छन् । त्यसको मार जनतालाई पर्छ । यसबारे बारम्बार प्रश्न उठे पनि सरकारले सम्बोधनको प्रयास गरेको देखिँदैन ।

गएको माघ १ गतेबाट बीमितहरूसँग उपचारको क्रममा लाग्ने खर्चको १० प्रतिशत नगद भुक्तानी लिने नीति लागु गरियो । आवश्यकताभन्दा बढी परीक्षणहरू रोक्ने उद्देश्यले सायद यो कार्यक्रम लागु गरिएको हुन सक्छ । त्यसलाई जनताले सकारात्मकरूपमै लिएका छन् ।

आफूलाई चाहिने बेला उपचार गर्न पाइएन भन्ने बीमाप्रति जनताको विश्वास घट्नेछ ।

अहिले मुलुकभरि ४४० वटा अस्पतालमध्ये आधारभूत स्वास्थ्य केन्द्रहरू र २५ शय्या सम्मका अस्पतालहरूमा बाहेक यो सहभुक्तानी कार्यक्रम लागु गरिएको छ । बीमाका बिरामीहरूले अस्पतालहरूका फर्मेसीमा औषधि नपाइएको, बाहिर निजी पसलमा गएर खरिद गर्नुपरेको, बीमाका कार्ड देखाउने बित्तिकै उपचार सेवा ढिलाइ गर्ने गरेको जस्ता थुप्रै गुनासाहरू गर्ने गर्छन् । भक्तपुर क्यान्सर अस्पताल त्यसको एक

*बाँकी पृष्ठ १२ मा*

# शासक दलहरूबाट सहिदको सपनामाथि खेलबाड

भक्तपुर । युवा खेलकुद समूह कीर्तिपुर र सहिद साप्ताहिक पत्रिकाको संयुक्त आयोजनामा भएको १५ औँ सहिद स्मृति कप खुला ब्याडमिन्टन प्रतियोगिता शनिबार सम्पन्न भयो ।

प्रतियोगिताको फाइनल खेलमा कीर्तिपुर नगरपालिकाका अमित महर्जन/विप्रिशमुनी बज्राचार्यको जोडीले चन्द्रागिरी नगरपालिकाका सुमन महर्जन/प्रमोद महर्जनको जोडीलाई २४/२२ र २०/१८ को सोझो सेटले पराजित गरी कीर्तिपुरको टीम त्रिनगर च्याम्पियन बन्न सफल भयो ।

चन्द्रागिरीका प्रमोद/सुमन द्वितीय र कीर्तिकपुरकै नरेश महर्जन/रितिश श्रेष्ठ र श्याम महर्जन/निखिल भट्ट संयुक्त रूपमा तृतीय भए ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले शासक नेताहरूले सहिदरूको सपनामाथि खेलबाड गरिरहेका छन् भन्नुभयो ।

उहाँले भन्नुभयो, "३३ वर्षलाई इतिहासमा एक पुस्ता मानिन्छ । सहिदको बलिदानबाट प्रजातन्त्र पुनःस्थापना भएको दोस्रो पुस्तामा पुग्दासमेत नेपाली जनताले मौलिक परिवर्तन अनुभव गर्न पाएका छैनन् ।"

देशका हरेक क्षेत्र भताभुङ्ग हुनुमा मुख्य जिम्मेवार सरकारमा गएका दलहरू नै दोषी भएको चर्चा गर्दै उहाँले भन्नुभयो,

*बाँकी पृष्ठ १२ मा*

# तःमुंज्याको समीक्षा तथा अन्तरक्रिया

ललितपुर । नेपालभाषा सहित्य तःमुंज्या ललितपुरको आयोजनामा चैत १७ गते शनिबार ललितपुरको महालक्ष्मी नगरपालिका वडा नं. ६ स्थित ऐतिहासिक एवम् सांस्कृतिक नगरी थसीमा भएको तेस्रो नेपालभाषा साहित्य तःमुंज्याको समीक्षा तथा अन्तरक्रिया कार्यक्रम शनिबार सम्पन्न भयो ।

उक्त भेलामा नेमकिपा वाग्मती प्रदेश समितिका सदस्य एन. महर्जनले भन्नुभयो, "समाजवादी चिन्तन गर्न छोडी पुँजीवादी पार्टीहरूसँग गठबन्धन गरेर बढी सीट वा पदमा जित्ने चिन्तन गर्ने पार्टी र नेताहरूबाट देश र कामदार जनताको सेवा हुँदैन । यो एक संशोधनवादी विचार हो । पार्टीको नाममा मार्क्स, लेनिन, कम्युनिस्ट वा माओवादी झुन्ड्याउँदैमा समाजवादी वा कम्युनिस्ट हुँदैन ।"

"हिटलरले पनि राष्ट्रिय समाजवाद (नाजी) नामको पार्टी खोली कम्युनिस्टहरूमाथि दमन गरे । समाजवादी देश सोभियत सङ्घमा आक्रमण गरी २ करोड ५० लाखभन्दा बढी सोभियत लालसेना र निर्दोष जनताको ज्यान लिए," उहाँले भन्नुभयो ।

नेमकिपा ललितपुरका अध्यक्ष राजवीर डंगोलले नेपालभाषा साहित्य तःमुंज्याले नेवारी भाषा र नेवारी संस्कृति बचाउन सहयोग पुगिरहेको बताउँदै अब थप प्रशिक्षण गरी नयाँ पुस्ताका युवाहरूलाई साहित्यकार र कलाकार बनाउनु आवश्यक छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "थसी पनि एक ऐतिहासिक सम्पदा संरक्षण भएको नेवार बस्ती हो । यहाँको कला, संस्कृति र सम्पदा संरक्षण गर्न नेपालभाषा साहित्य तःमुंज्याले मद्दत गर्छु । स्थानीय जनताको सांस्कृतिक स्तर उकास्न मद्दत मिल्छ ।"

*बाँकी पृष्ठ १२ मा*

# साम्राज्यवाद र पुँजीवादविरुद्ध युवाहरू जाग्नु आवश्यक

ललितपुर । नेपाल मजदुर किसान पार्टी ललितपुर जिल्ला समितिको आयोजनामा शनिबार 'श्रमिक' साप्ताहिक, 'मजदुर' दैनिक पत्रिका र अन्य प्रकाशनहरूबारे एक अन्तरक्रिया कार्यक्रम ललितपुरको त्यागलमा भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले अमेरिकी साम्राज्यवाद र त्यसका पिछलग्गूहरूले समाजवादी वा कम्युनिस्ट विचारधाराअनुसार अगाडि जान खोज्ने देश र नेताहरूमाथि गएको दुई सय वर्षको अवधिमा ५०० भन्दा बढी देशमा आक्रमण, हस्तक्षेप, नेताहरूको ज्यान लिने षड्यन्त्र गरेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "आफूले भनेजस्तो नबस्ने देशमा साम्राज्यवादी देशहरूले आक्रमण गर्ने, नाकाबन्दी गर्ने, नवउदारवादी नीतिअनुसार त्यस देशको सार्वभौमिकतामाथि हस्तक्षेप गर्ने, देश टुक्रा गर्ने र त्यस देशलाई परनिर्भरतातर्फ ढकेल्ने काम गरे । रुसविरुद्ध युक्रेनको अमेरिकी छद्मयुद्ध गरी रुसलाई पुनः टुक्रा गर्ने प्रयास गरिरहेको छ । नेपालका पुँजीवादी नेताहरू बफादार दलालको रूपमा प्रस्तुत भइरहेको हुँदा नेपाली युवाहरू सचेत भएर साम्राज्यवाद र पुँजीवादविरुद्ध जाग्नुपर्ने अवस्था छ ।"

उहाँले संरा अमेरिकाले युगोस्लाभियाका देशभक्त राष्ट्रपति स्लोभदान मिलोसेभिचलाई हेगमा मुद्दा

*बाँकी पृष्ठ १२ मा*



*जुछे विचारको आधार भनेको मानिस सबै कुराको मालिक हो र सबै कुराको लागि निर्णायक तत्त्व हो भन्ने हो ।*

**-किम इल सङ** *(कोरियाली जनताका महान् नेता)*

## सम्पादकीय

# नेपालमा समाजवाद खोइ ?

२०४६ सालको प्रजातन्त्रको पुन:स्थापनापछि नेपाली काङ्ग्रेस र एमालेले राप्रपासँग गठबन्धन गरी पञ्चायती प्रधानमन्त्रीहरू कहिले सूर्यबहादुर थापा त कहिले लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा सरकार बनाए भने गणतन्त्रको घोषणापछि पनि आफूलाई ठुला भनी दाबी गर्ने पार्टीहरू नेका, एमाले र नेकपा (माओवादी) समेतले उही राप्रपासँग गठबन्धन गरी सरकार बनाए । यसरी नेपाली जनताले देशमा बहुरूपी संयुक्त सरकार बनेको देखे, भोगे ।

नेपालको गणतन्त्रमा यस्तो रङ्गीचङ्गी सरकारहरूको शासनबाट नेपालको झन्डै एकतिहाइ नेपालीहरू विदेशमा श्रमिकहरू पठाइए । पहिले पहिले युरोपेली व्यापारी र व्यवसायीहरूले अफ्रिकाबाट ठुलठुला बाकसमा अफ्रिकी दासहरूलाई सिक्रीले बाँधेर, कोचेर जहाजबाट युरोपका विविध देशमा बेच्थे । त्यो व्यापार दास व्यवसायीहरूले बिस्तारै अमेरिका हुँदै पश्चिम गोलार्द्धमा समेत पुऱ्याए ।

अफ्रिकाबाट ल्याइएका दासहरू बिच-बिचमा ती व्यापारी र व्यवसायीहरूले मरे कि बाँचेका छन् भनी बाकस खोलेर हेर्थे; कोर्दा लगाएर उठबस गराउँथे र खाना नखाए जबरजस्ती खुवाउँथे । ती दासहरू मर्नुको अर्थ व्यापारी र व्यवसायीहरूको आफ्नो पुँजी डुब्नु हुन्थ्यो र अनेक क्रुरतापूर्वक यातना दिँदै लामो समुद्री यात्रा पार गर्थे । ती दासहरू सहन नसकेर जहाजबाट समुद्रमा फालेर आत्महत्या पनि गर्थे ।

पानीजहाजलाई युरोप पुऱ्याएपछि विभिन्न देशका हाटबजारमा दासहरू बेचिन्थे । लिलाम बढाबढजस्तै पनि हुन्थ्यो । व्यापारी-व्यवसायीहरूले एउटै परिवारका दासहरूका छोराछोरी, श्रीमती र श्रीमान्लाई फरक फरक मालिकसँग बेचिदिन्थे । संयुक्त राज्य अमेरिकामा ती अफ्रिकी दासहरूलाई घरेलु काम र दक्षिण अमेरिकामा कपास खेतीमा लगाउँथे । ती दासहरूलाई बिहानदेखि साँझसम्म काममा लगाउँथे । दासहरू सालाखाला आयु २७ वर्षसम्म मात्र बाँच्थे । त्यहाँ पनि काम र यातना सहन नसकी दासहरूले आत्महत्या पनि गर्थे र भागेका दासहरू पक्राउ गर्न कुकुरको प्रयोग गरिन्थ्यो, बन्दुक र लाठी भएका गुण्डाहरूसमेत लगाइन्थ्यो । प्रजातान्त्रिक भनिएका देशहरूमा पनि दास व्यवस्थालाई पुन:स्थापना गरियो ।

तर, बेलायतमा सांसदहरूले समेत दासप्रथाको विरोधमा सङ्घर्ष गर्न थाले । दासप्रथा र दासहरूमाथिको क्रुरताको विरोधमा संसद्मा सांसदहरूले दासहरूको मुक्तिको निम्ति बोल्थे । मानवीय भावना भएका साहित्यकार, बुद्धिजीवी र राजनीतिक व्यक्तिहरूले पनि साना-ठुला जनसभा र कोणसभा राखेर दासहरूको मुक्तिको पक्षमा अत्याचारको विरोधमा कविता वाचन गर्थे, गीत गाउँथे र कथाहरू बताउँथे । दासहरूको ससाना तस्बिरहरू छातीमा झुन्ड्याएर प्रदर्शनहरू गर्थे । झन्डै ५० वर्षपछि बेलायती संसद्ले दास व्यापारहरूको विरोधमा विधेयक पारित गर्‍यो ।

तर, नेपालमा २०० वर्षपछि पनि संसद्मा सांसदहरूले हवाई जहाजमा राखेर घरखेत बेच्न लगाएर वा ऋण बोकाएर दासजस्तै अरब देशहरू मलेसिया, दक्षिण कोरिया, जापान, अमेरिकाजस्ता देशहरूमा म्यानपावर कम्पनी भनिने व्यापारी र व्यवसायीले युवा श्रमिकहरूलाई बेच्दै छन् । ती युवाहरूमध्ये एकतिहाइले अनेक दु:ख, अव्यवस्था भोगिरहेका छन् तर म्यानपावर कम्पनीले त्यसको जिम्मेवार नलिँदा बेरोजगारबाट पीडित युवाले थप दु:ख पाउँदै छन् । अध्ययनको स्वीकृति लिएर बिदेसिएका युवाहरू पनि काम गर्न बाध्य छन् । चेलीबेटी एवम् महिलाहरूको अझ ठुलो गुनासो तिनीहरूको आँसु र सुस्केराले दिँदै छन् । समाचारपत्र र मोबाइलमा उनीहरूका दु:खका कुराहरू सुनिन्छन् ।

एउटा आश्चर्य छ - नेपालमा समाजवाद र साम्यवादलाई स्वीकार्दै शोषण समाप्त गर्न, काम, माम र छाना दिने जनतालाई विश्वास दिलाउँदै मत प्राप्त गर्ने सरकारहरूले किन यस्तो दुर्दशा देखाउँदै छन् भन्ने प्रश्न उठ्दै छ । समाजवादी र कम्युनिस्ट सरकारले शासन गरेको नेपालमा 'खोइ समाजवाद' भन्दै समाजवाद खोज्दै छन् - विदेशी पर्यटकहरू । विदेशबाट फर्केका नेपाली र जिज्ञासुहरूले पनि त्यही प्रश्न गर्दै छन् । प्रश्नको उत्तर शासक दलहरूबाट आउने अपेक्षा गरिएको छ ।

# के शासक दलहरू पद र पैसाको लागि आत्मा बेच्दै छन् ?

✍ प्रेम सुवाल



**देश र जनताप्रति समर्पित एक शुभचिन्तकले भन्नुभयो, "नेपालमा अङ्ग्रेजले आक्रमण गरेको बेला बेलायती तलब र मान पाएकाहरूले देशद्रोह गरेका थिए । तिनीहरूकै कारण युद्धमा नेपालको हार भयो ।" उहाँले प्रश्न गर्नुभयो, "पद र पैसा लिएर आत्मा बेच्नेहरूलाई के भन्ने ? के अरूको जुठो खाएर बाँचेकाहरू भन्ने ?" कम्युनिस्ट घोषणापत्रमा मार्क्स र एङ्गेल्सले स्पष्ट पार्नुभयो, "पुँजीवादी व्यवस्थाले सबै मूल्यमान्यता र नैतिकतालाई नाफा नोक्सान र शुभलाभमा फेरिदिएको छ ।" नेपालमा कम्युनिस्ट दाबी गरेकाहरूको सरकार छ, तर स्थिति यस्तो छ ।**

विश्व बैङ्कले नेपालको अर्थतन्त्र सुधारोन्मुख रहेको प्रक्षेपण सार्वजनिक गऱ्यो । नेपाली युवालाई संसारको १७१ भन्दा बढी देशमा रगत पसिना बगाउन पठाइएको छ । उनीहरूबाट प्राप्त विप्रेषणको आधारमा गरिएको आर्थिक वृद्धिको प्रक्षेपण भरपर्दो छैन; होइन । सामान्यत: कुल गार्हस्थ उत्पादन (GDP) बढ्नुलाई जनताको जीवनस्तर उकासिएको रूपमा हेरिन्छ तर तथ्यले यसलाई सही ठहऱ्याउँदैन । संरा अमेरिकाको औसत प्रतिव्यक्ति जीडीपी जर्मनीको भन्दा उच्च छ । तर, जर्मनीका कामदारले बढी तलबी र बिरामी सहुलियत पाउँछन् । बेलायतमा बाँचन झन्झन् महँगो हुँदै छ । रोजगारीमा होमिनुपर्दा बेलायती आमाहरूले आफ्ना सन्तानसँग बस्ने क्षमतासमेत गुमाएका छन् भने गरिब आमाहरू आफ्नो सन्तानलाई हेरचाह नगरी तलब पाउनकै निम्ति अरूका बच्चा हेरचाहमा जान बाध्य छन् ।

नेपालमा आमाहरूको श्रमशक्ति वृद्धि र शिशुहरूको उचित पालनपोषणको लागि सरकारले वडाका टोलटोलमा शिशु स्याहार केन्द्र र बालोद्यान सञ्चालन गर्नु जरुरी छ । बालबच्चालाई मातृभाषाबाट शिक्षा दिँदा छिट्टै सिकिने हुँदा स्थानीय भाषा बोल्ने र बुझ्ने शिक्षक, शिक्षिकालाई विद्यालयहरूमा नियुक्ति गर्नु जरुरी छ ।

देश र जनताप्रति समर्पित एक शुभचिन्तकले भन्नुभयो, "नेपालमा अङ्ग्रेजले आक्रमण गरेको बेला बेलायती तलब र मान पाएकाहरूले देशद्रोह गरेका थिए । तिनीहरूकै कारण युद्धमा नेपालको हार भयो ।" उहाँले प्रश्न गर्नुभयो, "पद र पैसा लिएर आत्मा बेच्नेहरूलाई के भन्ने ? के अरूको जुठो खाएर बाँचेकाहरू भन्ने ?" कम्युनिस्ट घोषणापत्रमा मार्क्स र एङ्गेल्सले स्पष्ट पार्नुभयो, "पुँजीवादी व्यवस्थाले सबै मूल्यमान्यता र नैतिकतालाई नाफा नोक्सान र शुभलाभमा फेरिदिएको छ ।" नेपालमा कम्युनिस्ट दाबी गरेकाहरूको सरकार छ, तर स्थिति यस्तो छ ।

इतिहासमा अफ्रिकीहरूलाई दास बनाएर युरोप र अमेरिकीहरूको सेवा गराउने दास व्यापारीहरू थिए । आज म्यानपावर कम्पनीहरूमार्फत नेपाली युवालाई बहुर्राष्ट्रिय कम्पनीको सस्तो ज्यामी र नेपाली चेलीलाई विदेशमा यौनदासी बनाउने गलावालहरूको सङ्ख्या बढ्दो छ । प्रधानमन्त्री र मन्त्रीहरूलाई यी विषयबारे जानकारी छ तर तिनीहरूमाथि कारबाही नहुँदा अपराधीहरूको मनोबल बढ्दो छ । सरकारमा गएका पार्टीहरूमा राजनीतिक आवरणका कोही सुन तस्कर, कोही नक्कली भुटानी शरणार्थी बनाउने र उद्योगी-व्यापारीको नाममा ठेकेदार, बैङ्क सञ्चालक, सहकारी सञ्चालक, भ्रष्टाचारी, ठग, सार्वजनिक जग्गा कमलपोखरी, बालमन्दिरको जग्गा निजी बनाउने भूमाफियाहरू बढिरहेको समाचारहरू प्रकाशित भइरहेका छन् । यसमा शासक दलहरूको संलग्नताकै कारण सचेत नभएको होइन र ? भ्रष्टाचार, बेरोजगारी र अशान्ति, हिंसा र युद्धबाट बच्ने एकमात्र उपाय सामाजिकीकरण नै हो । यसकारण, सार्वजनिक संस्थान निजीकरण गर्ने, सार्वजनिक र सरकारी जग्गा, भवन कब्जा गर्नेहरूमाथि कारबाही हुनुपर्छ र ती सम्पत्ति पुन: सरकारी बनाउनु जरुरी छ ।

शासक दलहरूको पुँजीवादी चुनावबाट सरकारमा जाने होडबाजी भएको हुँदा २०१७ साल पुस १ गते र २०६१ साल माघ १९ गतेको घटना भएका हुन् । यसकारण क्रान्तिबाट जनताको सरकार बनाउनेतर्फ राजनीतिक दलहरू लाग्नु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत २१ गते प्रतिनिधिसभा बैठकको विशेष समयमा राख्नुभएको मन्तव्यको सार-सं)*

**प्रधानमन्त्री र मन्त्रीहरू इमानदार नहुँदा कर्मचारीहरू इमानदार भएनन्!**

सङ्घीय निजामती सेवा विधेयक, २०८० मा सैद्धान्तिक विषय राख्न चाहन्छु ।

प्रधानमन्त्री र मन्त्रीहरू इमानदार नभएसम्म कर्मचारीहरू पनि इमानदार हुने छैनन् । सरकारले राजस्वको ४० प्रतिशत कर्मचारी प्रशासन र ६० प्रतिशत विकासमा खर्च गर्नु जरुरी छ । कतिपय देशमा ५ वर्षसम्म मूल्यवृद्धि गरिँदैन । तर, नेपालमा कर्मचारीको तलबभत्ता १० प्रतिशत वृद्धि हुँदा महँगी ५० प्रतिशत वृद्धि हुन्छ ।

यो विधेयकको नाम 'देश र जनताको सेवा गर्ने कर्मचारी विधेयक' राख्नु उपयुक्त हुनेछ । जिल्लाका सरकारी अधिकारीहरू बजेटको लागि सिंहदरबार धाउनुपर्ने र अग्रीम कमिसन बुझाउनुपर्ने

***बाँकी पृष्ठ १२ मा***

# मानवीय कारणले काठमाडौँमा अधिक वायु प्रदूषण

**पाठक स्तम्भ**

**शुक्र**

काठमाडौँ विश्वकै प्रदूषित सहर भएको समाचार प्रकाशित भइरहेको छ । विश्वका प्रमुख १०० सहरमध्ये काठमाडौँको हावा सबैभन्दा बढी प्रदूषित रह्यो । चैत २५ गते बेलुका काठमाडौँको वायु गुणस्तर सूचकाङ्क (एक्युआई) २०० अङ्क पुगेको छ । चैत २६ गते बिहान ललितपुर खुमलटारको एक्यूआई २१० अङ्क पुगेको थियो ।

वायुको प्रदूषण जनाउने सूचकको १०० अङ्कभन्दा माथि पुगेमा स्वास्थ्य कमजोर भएकाहरूका लागि अस्वस्थकर, १५० अङ्कभन्दा माथि पुगेमा सबैलाई अस्वस्थकर मानिन्छ भने २०१ अङ्कदेखि ३०० सम्म अत्यन्त अस्वस्थकर मानिन्छ । एक्युआई १५१ देखि २०० सम्मलाई रातो रङ्ग, एक्युआई २०१ देखि ३०० सम्मलाई वैजनी रङ्गले सङ्केत गर्दछ ।

एक्यूआईले हावामा हुने पीएम २.५ र पीएम १० भनिने सूक्ष्म कणलाई हेरेर प्रदूषणको तह निर्धारण गर्छ । विश्वभरको वायु प्रदूषणको अवस्था रियल टाइममा मापन गर्ने स्विट्जरल्याण्डको 'आईक्यू एयरका' अनुसार भारतको नयाँ दिल्ली र थाइल्याण्डको चिङ्गमाई प्रदूषित सहरमध्ये दोस्रो-तेस्रो नम्बरमा परेको बताइन्छ ।

काठमाडौँमा अस्वस्थकर वायु भएकोले घरभित्रै बस्न र बाहिर निस्कनै परे मास्क, चस्मा र पूरै शरीर ढाकिने कपडा लगाउनुपर्ने जनस्वास्थ्यविद्हरूको सुझाव छ । वायु प्रदूषणले स्वासप्रश्वासका बिरामी र बालबालिकाहरू जोखिममा पर्दछन् । वायु अस्वस्थ हुँदा आँखा, फोक्सो र छालामा असर पर्दछ । अहिले काठमाडौँको हावा अस्वस्थकर हुँदा पनि सुरक्षाका उपाय अपनाउन सरकारले सूचित गरेको छैन ।

वायु प्रदूषणले मानव शरीरको हरेक अङ्गमा असर गर्ने छातीरोगका विशेषज्ञहरू बताउँछन् । वायु प्रदूषणले सबैभन्दा पहिले श्वासप्रश्वास प्रणालीका अङ्गहरू नाक, मुख, घाँटी, श्वासप्रश्वास नली र फोक्सोमा असर गर्छ । जसले निमोनिया, दम र फोक्सोको क्यान्सर जस्ता समस्या निम्तिन्छ । प्रदूषणको कारण तत्कालै नाक बन्द हुने, घाँटी खसखस गर्ने, खोकी लाग्ने, आँखामा सङ्क्रमण हुने, छाला सुख्खा हुने र फोक्सो लगायतमा समस्या देखापर्छ ।

वायुमण्डलमा भएको ग्यास र मसिनो धुलोका कण श्वासप्रश्वास नली फोक्सो हुँदै रक्तसञ्चार प्रणालीसम्म पुग्छ । रक्तसञ्चार प्रणाली हुँदै शरीरको हरेक अङ्गमा पुगेर दीर्घकालीन रूपमा मुटुमा पुगेर मुटुको चाल बढ्ने गर्छ । वायु प्रदूषणले गर्दा पछिल्ला दिनहरूमा श्वासप्रश्वास, फोक्सो, क्यान्सर, मुटु रोग, हाइपर टेन्सन, हृदयघात, मस्तिष्कघात समेत बढेको चिकित्सकहरूको मत छ ।

वायु प्रदूषण बढ्नुका प्रमुख कारणहरूमा डिजेलको उत्सर्जन, ईटा कारखानाको उत्सर्जन, फोहरमैला र खेतवारीका बोटबिरुवा जलाउँदाको उत्सर्जन, चैतदेखि जेठसम्म वन क्षेत्रमा डढेलो लाग्दाको उत्सर्जन आदि पर्दछ । अहिले पर्याप्त वर्षा नभएको र हावा नचल्दा वायुमण्डलमा धुवाँ र धुलोको मात्रा थुप्रिएको हुँदा प्रदूषण बढेको विज्ञहरूको मत छ ।

मानवीय कारणले पनि अहिले काठमाडौँमा वायु प्रदूषण बढेको हो । काठमाडौँमा मात्र जनसङ्ख्या थुप्रिँदा सवारी साधनको अत्यधिक प्रयोग भयो । पावरप्लान्ट चलाइयो । औद्योगिक कलकारखानाबाट धेरै धुवाँ निस्कियो । सडक निर्माण ढिलासुस्ती हुँदा पनि प्रदूषण बढेको हो । भक्तपुर-धुलिखेल, नागढुङ्गा-मुग्लिन, मुग्लिन-नारायणघाट-बुटवल र मुग्लिन-पोखरा सडकखण्ड विस्तार कार्यले पनि धुलो उडेर अहिले वायु प्रदूषण बढाएको छ । धुलो उडेर पूर्व-पश्चिम राजमार्गमा दिउँसै अन्धकार हुँदा हेडलाइट बाल्नुपर्ने अवस्था आएको विज्ञहरू बताउँछन् । काठमाडौँ उपत्यका कचौरा आकारमा भएको हुँदा यहाँ धेरै प्रदूषण थुप्रिएको छ । प्रदूषण हट्न तीव्र गतिमा हावा चल्नुपर्ने र वर्षा भएपछिमात्र कम हुने विज्ञहरूको मत रहेको हुँदा उपत्यकाबासी सचेत हुनु जरुरी छ ।

# २०४६ सालको आन्दोलन, जनअपेक्षा र परिणाम

✍ विवेक

२०४६ चैत २६ गते नेपालको राजनैतिक इतिहासमा एउटा महत्त्वपूर्ण दिन थियो। ३० वर्षसम्म निर्दलीयताको नाउँमा पञ्चहरूको एक दलीय शासनबाट जनताले मुक्तिको श्वास फेरेका दिन थियो त्यो। निरङ्कुश पञ्चायती व्यवस्थामा दलहरू प्रतिबन्धित थिए। जनताले कुनै राजनैतिक गतिविधिमा भाग लिन पाउँदैनथे। पञ्चायतको विरोध गर्नेहरूले जेलको सजाय भोग्नुपर्थ्यो। प्रतिबन्धित अवस्थामा पनि दलहरूले जनताको मौलिक र राजनैतिक अधिकारहरूको लागि निरन्तर सङ्घर्ष गरे। 'फूट गर र राज गर' को नीतिअनुसार पञ्चहरूले शासन गरिरहेका थिए। २०३६ सालको आन्दोलन पनि २०३७ सालमा जनमतसङ्ग्रहमा टुङ्गिएको थियो भने २०४२ सालमा सुरु भएको शान्तिपूर्ण आन्दोलन पनि रामराजाप्रसाद सिंहले गरेको बमकाण्डको कारण स्थगित गर्नुपरेको थियो। पटक पटक असफल र हन्डर खाँदै जनआन्दोलन नयाँ नयाँ रूपमा अगाडि बढ्दै थियो। संयुक्त वाममोर्चा र नेकाको संयुक्त आन्दोलनको बलमा २०४६ सालको परिवर्तन सफल भएको हो।

> *राजनैतिक दलहरूले सिद्धान्त र विचार त्यागेपछि अनैतिक गठबन्धन गरेर चुनाव लड्ने, निर्वाचन जितेपछि अर्कोसँग गठबन्धन गरी सरकार बनाउने जस्ता हदैसम्मको अवसरवादी र अनैतिक चरित्र प्रदर्शन गरे। पछिल्लो समयको मात्रै कुरा गर्ने हो भने २०७९ सालको संसदीय निर्वाचनमा नेका र माओवादी गठबन्धन गरेर चुनाव लडे। निर्वाचन सम्पन्न भएको ३ महिनापछि प्रधानमन्त्री निर्वाचनसम्ममा एमाले, माओवादी गठबन्धन सरकार बन्यो। पछि २०८० फागुन २१ गते पुनः एमाले माओवादीकै गठबन्धन सरकार बन्यो र अहिले चलिरहेको छ। यो कति दिन चल्छ अनिश्चित छ।*

आन्दोलनको क्रममा नेताहरूले ठूल्ठूला आश्वासनहरू दिए र बहुदल पुनःस्थापनापछि जनताका इच्छा आकाङ्क्षाहरू सबै पूरा हुने सपना बाँडेका थिए। त्यतिबेलै नेमकिपाका अध्यक्ष का. रोहितले भन्नुभएको थियो–'बहुदलको एक चम्चा पानीले जनताको प्यास मेटिनेछैन।'

२०४६ सालको जनआन्दोलनमा नेमकिपाका धेरै नेता कार्यकर्ताहरू जेलमा थिए। २०४५ सालमा राज्य स्तरबाट रचिएको भक्तपुर काण्डमा धेरै नेता तथा कार्यकर्ताहरू फसाइएको थियो। धेरै नेता र कार्यकर्ताहरू भूमिगत भएर पञ्चायती व्यवस्थाविरुद्ध निरन्तर सङ्घर्षमा थिए। २०४६ साल फागुन ७ गतेबाट जनआन्दोलन सुरु भएकोमा फागुन ८ गते भक्तपुरमा भएको प्रदर्शनमाथि प्रहरीले अन्धाधुन्ध गोली चलाए। दोस्रो विश्वयुद्धमा समेत प्रतिबन्धित डमडम गोली प्रहारबाट ४ जना युवाहरूले शहादत प्राप्त गरे भने धेरै घाइते भए। त्यसले जनआन्दोलनमा ऊर्जा थप्यो। आन्दोलनको आगो देशैभरि फैलियो। २४ चैतको दिन जनआन्दोलनले उत्कर्ष रूप लियो।

२०४५ साल काण्डमा 'का. रोहितलाई फाँसी देऊ' भनी सडकमा उत्रेर नारा लगाउने प्रधानमन्त्री मरिचमान सिंहको जनताले सडकबाटै फाँसी माग गरे र चैत २४ गते प्रधानमन्त्री सिंह राजीनामा दिन बाध्य भए। उनको ठाउँमा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री नियुक्त भए। आन्दोलन झन् चर्को रूपमा अगाडि बढ्दै गयो। चैत २६ गते तत्कालीन राजा वीरेन्द्रले बहुदलको घोषणा गरे र निर्विकल्प भनिएको पञ्चायती व्यवस्थाको विकल्प बहुदलीय व्यवस्था पुनःस्थापना भयो।

त्यतिबेला राजनैतिक दलका नेताहरूप्रति जनताको ठूलो विश्वास थियो। जनताको स्वतन्त्रताको निम्ति धेरै नेताहरूले जेलनेल भोगे, प्रवास जीवन बिताए र लामो समय भूमिगत जीवन बिताए। ती नेताहरूको निर्देशनलाई शिरोधार्य गर्दै कार्यकर्ताहरू अगाडि बढ्थे। देशमा परिवर्तन ल्याउने बाहेक नेता कार्यकर्ताको कुनै व्यक्तिगत स्वार्थ देखिँदैनथ्यो। देश र जनताको निम्ति योगदान गर्नमा एक प्रकारको प्रतिस्पर्धा नै हुन्थ्यो। राजनैतिक कार्यकर्ताहरू क्षमताअनुसार कार्य गरेर समाजलाई अगाडि बढाउन मरीमेटी लाग्थे। पार्टी निर्देशन आएमा कुनै पनि बेला घर छोड्न, जागिर त्याग्न र जेल जान तथा मर्न समेत तयार हुन्थे।

बहुदलीय व्यवस्था पुनःस्थापनापछि दलहरू आआफ्नो बाटो लागे। नेका र एमाले मुख्य दलहरू थिए। बामपन्थीहरूको शक्ति पनि राम्रै थियो। त्यतिबेला नेमकिपाका अध्यक्ष का. रोहितले कम्युनिस्टहरू पुँजीवादी सरकारमा जान नहुने, जनआन्दोलन अझ सशक्तरूपमा अगाडि बढाउनुपर्नेमा जोड दिनुभएको थियो। उहाँले आन्दोलनलाई निरन्तर अगाडि बढाई सोभियत सङ्घको फेब्रुअरी क्रान्तिसँग जोड्नुपर्नेमा बल गर्नुभएको थियो। सन् १९१७ को फेब्रुअरी क्रान्तिपछि सोभियत सङ्घमा करेन्स्कीको नेतृत्वमा पुँजीवादी सरकार गठन भयो। लेनिनको नेतृत्वमा समाजवादी क्रान्ति अगाडि बढ्यो र अक्टोबर क्रान्ति सफल भयो। सामन्तवादको अन्त्य भएको र पुँजीवादी सरकारले जरा गाडिनसकेको अवस्थामा समाजवादी क्रान्ति अगाडि बढाउनु उपयुक्त हुने नेमकिपाको दृष्टिकोण थियो। एमाले र मार्क्सवादीहरू कृष्णप्रसाद भटराई नेतृत्वको पुँजीवादी सरकारमा गए। सरकारमा भएका एमाले र नेका पार्टीभित्र जेल हाल्नुपर्ने, सम्पत्ति जफत गर्नुपर्ने र मृत्युदण्ड दिनुपर्नेहरूसमेत सुरक्षा खोज्दै पसे। लाखौँ पञ्चहरू कोही काङ्ग्रेस भए त कोही एमाले। पछि पूर्वपञ्चहरूको छुट्टै पार्टी गठनपछि सबै पञ्चहरू सङ्गठित भए। परिणाम २०५१ सालसम्म आइपुग्दा १९ सिट भएको राप्रपाका नेताहरू नेकाको समर्थनमा सूर्यबहादुर थापा र एमालेको समर्थनमा लोकेन्द्रबहादुर चन्द पालै पालो प्रधानमन्त्री भएर बहुदलवादीहरूमाथि शासन गरे। पद र पैसामा लिप्त स्वार्थी नेताहरूप्रति जनविश्वास घट्दै गयो। पञ्चायती व्यवस्थाविरुद्ध कठोर सङ्घर्ष गर्ने नेताहरू सत्तामा पुगेपछि जनताको जीवनस्तर उठाउनुभन्दा पहिले जेल, भूमिगत र प्रवास जीवन बिताएको वर्ष, महिना र दिनको समेत हिसाब गरेर राज्य कोष ब्रम्हलुट गर्न थाले। कोही कोही नेताहरूले भन्न थाले- 'जोगी बन्न राजनीति गरेको होइन।'

सरकारमा गएको केही वर्षभित्रै कुनै पेशा व्यवसाय नभएका नेताहरूले काठमाडौंमा जग्गा जोडेर घर बनाए, करोडौँको गाडी चढे र करोडौँ बैङ्क ब्यालेन्स राख्न सक्ने भए। जनताको जीवनमा कुनै किसिमको सुधार आएन। जनताको आलोचना नेताहरूले सुन्न छाडे। राजनीतिमा बिस्तारै अपराधीहरू छिर्न थाले। अपराधलाई राजनीतिकरण र राजनीतिलाई अपराधीकरण गर्न थालियो र राजनीतिप्रति जनताको वितृष्णा सुरु भयो।

२०५२ सालदेखि सशस्त्र सङ्घर्षमा लागेका माओवादीहरू पनि २०६२ सालमा शान्ति प्रक्रियामा आए। नेका र एमालेको विकल्पको रूपमा नेपाली जनताले माओवादीलाई देखे। १० वर्षसम्म सशस्त्र सङ्घर्ष गरेर आएकाहरूले केही परिवतन गर्ने जनताको आशा थियो। २०६४ सालको संविधानसभा निर्वाचनमा एक्लै लडेर पनि प्रत्यक्षतर्फ ५० प्रतिशत सिट जितेर प्रतिनिधिसभाको पहिलो पार्टी बन्यो तर माओवादीहरू पनि पद र पैसाको निम्ति नेका र एमालेकै पदचापमा हिँडे। शासन सत्तामा पुगेका नेताहरूले देश र जनताको भन्दा आफ्नो व्यक्तिगत स्वार्थलाई प्राथमिकतामा राखेको कारण देशको सङ्कट गहिरिँदै गयो। अहिले नेका, एमाले र माओवादी तीनवटै दलहरू पालैपालो सरकारमा गएर शासन र शोषण गर्दै छन्। ती पार्टीहरू सिद्धान्त र विचारअनुसार चलेनन्। राजनीतिलाई उनीहरूले सेवाभन्दा व्यापारमा रूपान्तरण गरे। छिटो पैसा कमाउन राजनीति गर्नुपर्ने जस्ता सोचकै कारण राजनीति विकृत हुँदै गयो।

**जनअपेक्षा**

निरङ्कुशताको अन्त्यसँगै रोजगारी, शिक्षा, स्वास्थ्य सहजरूपमा उपलब्ध हुने र समाजको आर्थिक स्तर वृद्धि जनताको अपेक्षा थियो। २०७२ सालमा नयाँ संविधान घोषणासँगै सरकारबाट समाजवादउन्मुख कामको आशा गर्नु स्वाभाविक पनि थियो। कम्युनिस्ट पार्टीहरूको सरकारबाट उत्पादनका साधनहरू क्रमशः सामाजिकीकरण हुने, व्यक्तित्व विकासमा समान अवसर, योग्यताअनुसार काम र कामअनुसार ज्यालाको व्यवस्थाको आशा गर्नु पनि अन्यथा थिएन। तर त्यो सपनामा मात्रै सीमित भयो। नेताहरू निर्वाचनमा करोडौँ खर्च गरेर जित्ने, जसरी पनि मन्त्री बन्ने र मन्त्री भएपछि सात पुस्ताको लागि सम्पत्ति जोर्नेतिर लागे। अपराधीहरूलाई समेत निर्वाचनमा टिकट दिएर जिताउन पनि पछि परेनन्। हिजो नेताहरूको घर घरमा गएर सुरक्षित हुने अपराधीहरू अहिले आफै सांसद र मन्त्री बनेर सम्मान खाइरहेका छन्। यही अहिलेको विडम्बना हो।

**परिणाम**

राजनैतिक दलहरूले सिद्धान्त र विचार त्यागेपछि अनैतिक गठबन्धन गरेर चुनाव लड्ने, निर्वाचन जितेपछि अर्कोसँग गठबन्धन गरी सरकार बनाउने जस्ता हदैसम्मको अवसरवादी र अनैतिक चरित्र प्रदर्शन गरे। पछिल्लो समयको मात्रै कुरा गर्ने हो भने २०७९ सालको संसदीय निर्वाचनमा नेका र माओवादी गठबन्धन गरेर चुनाव लडे। निर्वाचन सम्पन्न भएको ३ महिनापछि प्रधानमन्त्री निर्वाचनसम्ममा एमाले, माओवादी गठबन्धन सरकार बन्यो। पछि २०८० फागुन २१ गते पुनः एमाले माओवादीकै गठबन्धन सरकार बन्यो र अहिले चलिरहेको छ। यो कति दिन चल्छ अनिश्चित छ।

देशमा राजनैतिक अस्थिरताको कारण दैनिक हजारौँ युवाहरूले देश छोड्दै छन्। वर्षको ८ लाखभन्दा बढी युवाहरू श्रम स्वीकृति लिएर विदेश जाने र १ लाख १० हजारभन्दा बढीले उच्च शिक्षा पढ्न देश छोड्ने गरेको तथ्याङ्क छ। अझ यो वर्ष ८ महिनामा ८५ हजार विद्यार्थी देश बाहिर पढ्न जान नो अब्जेक्सन लेटर लिएको खबरले देशको कहालिलाग्दो शैक्षिक स्थिति प्रष्ट हुन्छ।

व्यापार घाटा चुलिँदै छ। देशमा विदेश निर्यात गर्ने कुनै किसिमको वस्तु उत्पादन छैन, हरेक वस्तु विदेशीको भरमा बाँच्नुपर्ने अवस्था छ। १६।१७ खर्ब वार्षिक बजेट भएको देशमा २४ खर्ब ऋण छ। सियोदेखि हवाइजहाजसम्म सबै वस्तु आयात गर्नुपर्ने बाध्यता छ। दाल, चामल, तरकारीलगायत कृषिप्रधान देशमा कृषि उपज वस्तुसमेत वार्षिक खरबौँको आयात गर्नुपर्ने अवस्था आउनु भनेको देशको आर्थिक टाट पल्टिने सङ्केत हो। बैङ्कमा रहेको पुँजी परिचालन हुन सकेको छैन। साढे ६ खर्ब लगानी योग्य पुँजी बैङ्कमा थुप्रिएको छ भने ३१ हजार सहकारीमा झण्डै ५ खर्ब बजेट रहेको बताइन्छ। तर, नेपाल सरकार ससाना योजना समेत आफ्नो पैसाले बनाउन खोज्दैन।

पछिल्लो उदाहरण, मेलम्ची खानेपानीको दिगो व्यवस्थापनसम्बन्धी खानेपानी मन्त्रालयको आयोजनामा भएको छलफल कार्यक्रममा ३० अर्बको ल.इ. मा सुरु भएको मेलम्ची आयोजनामा कुल लागत ६२ अर्बभन्दा बढी खर्च भएको बताइयो। अझ थप ५ अर्ब खर्च गर्नुपर्ने मन्त्रालयको प्रस्ताव थियो। तापनि दिगोपनको सुनिश्चितता नभएको बताइन्छ। त्यसैगरी भक्तपुरको महादेव खोलाको पानी सङ्कलन गरी वितरण गर्न पनि रु. दुई अढाइ अर्ब जति खर्च लाग्ने र त्यसको पनि एसियाली विकास बैङ्कसँग ऋण लिएर गर्ने जानकारी दिइएको थियो। २०४६ सालपछि जनताले खुला राजनीति गर्न पाउने बाहेक अरू केही पाएनन्। लोकतन्त्र र गणतन्त्रको नाउँमा जनताले महँगी, भ्रष्टाचार, पक्षपात, बेरोजगार र परनिर्भरता पाए तथा पुँजीवादी प्रजातन्त्रका सबै खाले विकृतिहरूको अनुभव गर्न पाए।

# ऋणको भारमा थिचिनु परनिर्भर हुनु हो

✍ रामरतन चौधरी

चाइना जियोलोजिकल सर्भेको आर्थिक तथा प्राविधिक सहयोगमा दैलेख जिल्लाका विभिन्न स्थानमा पेट्रोलियम पदार्थबारे अन्वेषण कार्य भइरहेको समाचारले नेपाली जनतालाई खुशी नै तुल्याउँछ। चीनको 'चाइना पेट्रोलियम कर्पोरेसन' पेट्रोल अन्वेषण र उत्खनन् गर्ने क्षेत्रमा विश्वकै ठूलो संस्था हो। २०७२ सालमा नेपाल र चीनबिच नेपालमा पेट्रोलियम पदार्थको अन्वेषणमा सघाउने द्विपक्षीय समझदारी भएको थियो। त्यसपछि अन्वेषणका प्रारम्भिक चरणका कामहरू सुरु भइसकेका छन्। चाइना जियोलोजिकल सर्भे र नेपालको खानी तथा भूगर्भ विभागको 'पेट्रोलियम अन्वेषण प्रवर्द्धन परियोजना' का प्राविधिकले २०८० चैत तेस्रो सातादेखि जमिनमा ड्रिलिङ्ग थाल्ने बताएका छन्। अहिले ड्रिल कार्यलाई अन्तिम रूप दिन चीनबाट भारतको कोलकाता हुँदै नेपालगञ्जको बाटो भएर दैलेखमा मेसिनरी सामान तथा उपकरण आइरहेको समाचार छ। चारहजारदेखि पैंतालीस सय मिटर गहिरो ड्रिल गरेर अन्तिम अन्वेषणको प्रतिवेदन आएपछि मात्र पेट्रोलियम पदार्थको परिमाण निश्चित हुने खानी तथा भूगर्भविद्ले जनाएको छ।

नेपालमा खानी तथा भूगर्भ विभागले विगत चार दशकदेखि नै पेट्रोलियम पदार्थको अन्वेषण गर्दै आएको हो। तर, सफलता हात परेको थिएन। यसपटक सकारात्मक परिणाम निस्कने आशा गरिएको छ। नेपाल र चिनियाँ टोलीद्वारा दैलेख जिल्लाका शिरस्थान, नाभीस्थान, धुलेश्वर, पादुका र भैरवी गाउँपालिकाको जलजलेमा गरिएको प्रारम्भिक अनुसन्धानबाट नेपालमा पेट्रोलियम पदार्थ रहेको पुष्टि भइसकेको छ। यो कार्य सफल भए पाल्पा, सल्यान, अर्घाखाँचीलगायत अन्य जिल्लामा समेत खोजी कार्य गर्ने सरकारी योजना रहेको समाचार छ।

यो परियोजनाको लागत सुरुमा दुई अर्ब ५० करोड रुपैयाँ अनुमान गरिएको थियो। तर, काममा ढिलाइ भएका कारण लागत पनि बढ्ने अनुमान गरिएको छ। जमिन अधिग्रहणको निम्ति नेपालको तर्फबाट करिब एक करोड खर्च भइसकेको छ भने अन्य खर्च चिनियाँ पक्षले व्यहोर्ने सहमति छ। भारतीय विस्तारवादको जस्तो चिनिया पक्षको व्यवहार त देखिँदैन। तर, पनि नेपाल सरकार सचेत हुनु जरुरी छ।

नेपालमा पेट्रोलियम पदार्थमात्र नभई अन्य खानी पनि धेरै छन्। खानी तथा भूगर्भ विभागले देशभर १ सय ५६ वटा खानी उत्खनन्को निम्ति विभिन्न उद्योगलाई इजाजत दिइसकेको छ। कोइला, फलाम, सिसा, काइनाइट, ग्रेनाइट, टाल्क (माटो खनिज), डोलामाइट, मार्बल, म्याग्नेसाइटलगायतका खानीहरू छन्। तर, चुनढुङ्गाबाहेक अन्य कुनै पनि खानी उत्खनन् भएका छैनन्। नवलपुरको धौवादीमा नेपाललाई ५० वर्षभन्दा बढीलाई पुग्ने फलाम खानी रहेको पत्ता लागेको छ। मुस्ताङमा युरेनियम, रोल्पामा सुनका खानीहरू पनि छन्। तर, नेपाल आफैले खानीको उत्खनन्, प्रशोधन र उद्योग चलाउने सामर्थ्य राख्दैन। यसकारण सरकारले विदेशी लगानी भित्र्याउने नीति लिएको देखिन्छ।

नेपाल सरकारले नेपालमा पूर्वाधार विकासको निम्ति वैदेशिक लगानी भित्र्याउन २०८१ वैशाख १६ र १७ गते लगानी सम्मेलन गर्दै छ। सम्मेलनमा करिब १ सय ३२ परियोजना अघि सार्ने तयारी गरिएको छ। यसभन्दा अगाडि सन् २०१७ र सन् २०१९ मा पनि लगानी सम्मेलन गरिएको थियो। पहिलो सम्मेलनमा करिब १४ खर्ब ४६ अर्ब ६४ करोड विदेशी लगानीको प्रतिबद्धता आए पनि ३ खर्ब ३५ करोड ४७ लाख र दोस्रो सम्मेलनमा १७ खर्ब ३० अर्ब रुपैयाँको लगानी प्रतिबद्धता आए पनि १ अर्ब १८ करोड रुपैयाँ बराबरको रकम मात्र नेपाल भित्रियो। यसले लगानी सम्मेलन गरेर मात्र नहुने रहेछ भन्ने स्पष्ट भयो। नेपाल सरकारले विदेशी लगानीसँगै विदेशी स्वार्थ पनि आउँछ भन्ने बुझ्नु जरुरी छ। साम्राज्यवादी मुलुकहरूले आफ्नो स्वार्थ पूरा गर्न कमजोर देशहरूलाई कङ्गाल बनाएको इतिहासबाट सिक्नु जरुरी छ। ठूल्ठुला सुनखानी भएका अफ्रिकी मुलुक विदेशी लगानीकर्ताकै कारण कङ्गाल भएका उदाहरण छन्।

२०८० माघ मसान्तसम्म नेपालको सार्वजनिक ऋण करिब २४ खर्ब रुपैयाँ पुगी सक्यो। जुन हाम्रो कूल गार्हस्थ उत्पादनको करिब ४४ प्रतिशत हुन आउँछ। नेपालको आन्तरिक ऋण ११.८४ खर्ब र बाह्य ऋण करिब १२ खर्ब छ। ऋणको भारमा थिचिनु भनेको परनिर्भर हुनु हो। यसतर्फ शासक दलहरूले सोच्नु जरुरी छ।

नेपालमा एकातिर पेट्रोलियम पदार्थको अन्वेषण भइरहेको छ अर्कोतिर भारतको सिलिगुडीदेखि नेपालको झापासम्म पेट्रोलियम पाइपलाइन र ग्रिनफिल्ड टर्मिनल निर्माण गर्ने योजना पनि छ। २०८० जेठमा प्रधानमन्त्री दाहाल भारत भ्रमणका क्रममा नेपाल-भारतीच भारतको लगानीमा दुईवटा पाइपलाइन र एउटा ग्रिनफिल्ड टर्मिनल (भण्डारण गृह) बनाउने समझदारी भएको थियो। भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्म रहेको हालको पेट्रोलियम पाइपलाइनलाई चितवनको लोथरसम्म विस्तार गर्ने पनि समझदारी भएको छ।

अमलेखगञ्ज-चितवन पेट्रोलियम पाइपलाइन निर्माणमा ४ अर्ब ३८ करोड (२७४ करोड भारु), सिलिगुडी-झापा पेट्रोलियम पाइपलाइन निर्माणमा ४ अर्ब ६० करोड रुपैयाँ ( २८८ करोड भारु), चारआलीस्थित ग्रिनफिल्ड टर्मिनल निर्माणमा ८ अर्ब ३ करोड रुपैयाँ (५०२ करोड भारु) समेत यी तीन प्रोजेक्टका लागि १७ अर्ब १ करोड (६१८ करोड भारु) लाग्ने प्रक्षेपण गरिएको छ। तर, पाइपलाइन र ग्रिनफिल्ड टर्मिनल निर्माणमा अनुदान वा ऋण लगानी स्पष्ट छैन। यही कारणले योजनाले गति नलिएको बताइँदै छ। भारतको ऋण सहयोगमा यो परियोजना अगाडि बढे नेपाल पेट्रोलियम पदार्थमा भारत निर्भर हुनुपर्ने अवस्था सिर्जना हुन्छ। यसकारण नेपालले भारतबाट भित्र्याइने पेट्रोलियम पदार्थको विकल्प खोज्नु जरुरी छ। पेट्रोलियम पदार्थको विकल्प जलविद्युत् हो। तर, नेपालको जलविद्युत्मा पनि नेपालका दलाल शासक दलका नेताहरूको कारण भारतीय एकाधिकार पुँजीको दबदबा बढ्यो। भारतीय एकाधिकार पुँजीले चीनको सहयोगमा हुन लागेको पेट्रोलियम पदार्थको अन्वेषण र उत्खनन रोक्न पनि चलखेल नगर्ला भन्न सकिन्न। यसतर्फ पनि नेपाली जनता सचेत हुनु जरुरी छ।

चीनले पनि ठूलो मात्रामा वैदेशिक लगानी भित्र्याउँछ तर राज्यको नियन्त्रणमा। चीनले विदेशी लगानीलाई राज्यको स्वामित्वमा भएको प्रतिष्ठानमार्फत संयुक्त लगानीको आधारमा मात्रै चीन प्रवेश गराउँछ। दोस्रो विदेशी लगानीकर्ताको चीनमा अवधि सकिएपछि उसको उद्योगधन्दा तथा परियोजना चीनलाई हस्तान्तरण गर्ने बाध्यात्मक सर्त हुन्छ। यसले गर्दा चीनमा विदेशी लगानीले नेपालमाजस्तो नियन्त्रण जमाएर अर्थतन्त्र कब्जा गर्ने सामर्थ्य राख्दैन। तर, नेपालको अवस्था त्यस्तो नभएकोले विदेशी लगानीको पछि लाग्नुभन्दा आफै आत्मनिर्भर बन्ने बाटो रोज्नु जरुरी छ।

*२०८० चैत २५*

# स्वतन्त्र न्यायपालिका : सिद्धान्त र व्यवहार

*नेपालको अन्तरिम संविधान २०६३ को धारा ११३ ले न्यायपरिषद्मा नेपाल बार एशोसियसनको प्रवेश गरायो । धारा ११३ को उपधारा (१) मा प्रधानन्यायाधीशको अध्यक्षतामा न्यायमन्त्री १, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश १, राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा मनोनीत गरेको कानुनविद् १ र नेपाल बार एशोसियसनको सिफारिसमा प्रधानन्यायाधीशद्वारा नियुक्त वरिष्ठ अधिवक्ता वा कम्तीमा बीस वर्षको अनुभव प्राप्त अधिवक्ता १ रहने न्यायपरिषद् गठन हुने व्यवस्था गरियो ।*



✍ रामप्रसाद प्रजापति

सरकारका तीन प्रमुख अङ्गहरूमध्येको एक न्यायपालिका सरकारकै एउटा महत्त्वपूर्ण अङ्ग भएर पनि सरकारका अन्य अङ्गहरू व्यवस्थापिका र कार्यपालिकाप्रति कुनै पनि किसिमको उत्तरदायित्व नहुने अर्थात् प्रजातान्त्रिक समाजमा न्यायपालिका स्वतन्त्र हुनु आवश्यक मानिन्छ ।

न्यायपालिकाले जनताको रक्षक भई जनताको हक अधिकारलाई संरक्षण गर्ने र न्याय व्यवस्थालाई सशक्त राख्न पनि न्यायपालिका निष्पक्ष, सबल र स्वतन्त्र हुनु जरुरी मानिन्छ ।

संविधानले न्यायपालिकालाई कार्यपालिका र व्यवस्थापिकाबाट मुक्त, निष्पक्ष तथा स्वतन्त्र राखेको हुन्छ । तर, संविधान र कानुनले न्यायपालिकालाई स्वतन्त्रताको प्रत्याभूत गर्दैमा पर्याप्त मानिँदैन ।

न्यायाधीश नियुक्तिमा समेत कार्यपालिका र व्यवस्थापिकाको हस्तक्षेप, दबाब वा प्रभाव पर्न नहुने हो । तर प्रजातान्त्रिक देशहरूमा सामान्यतया न्यायाधीश नियुक्तिमा कार्यपालिकाकै हालिमुहाली या दबाब कायम रहेको देखिन्छ । तापनि न्यायाधीश नियुक्ति भएपछि नियुक्तिकर्ता प्रति नभई संविधान र कानुनप्रति बफादार भएर न्यायाधीशले काम गर्नुपर्ने हो ।

न्यायपालिकाले कार्यपालिका वा व्यवस्थापिकाको कुनै पनि दबाब, प्रभाव र छायाँमा रहेर काम गर्नु नपर्ने अवस्थालाई न्यायिक स्वतन्त्रता भन्न सकिन्छ ।

### न्यायपरिषद्को जन्म

नेपालमा पञ्चायती व्यवस्थाको पतनपछि प्रजातन्त्रको पुन:स्थापनासँगै बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले स्वतन्त्र न्यायपालिकाको सिद्धान्तलाई आत्मसात गर्दै न्यायाधीश नियुक्ति गर्ने छुट्टै निकाय 'न्यायपरिषद्' को संवैधानिक व्यवस्था गरियो ।

न्यायपरिषद्को जन्मलाई एउटा पक्षले स्वतन्त्र न्यायपालिकाको कोशेढुङ्गा मान्यो भने अर्को पक्षले एउटा धुन्धुकारी बच्चाको जन्म भएको मान्यो ।

अर्थात् न्यायाधीशको नियुक्ति गर्दा सरकारबाट स्वतन्त्र छुट्टै निकायबाट न्यायाधीशको नियुक्ति, सरुवा, बढुवा, कारबाही गर्ने संवैधानिक व्यवस्थाले विगतमा सरकारले प्रत्यक्ष रूपमा प्रभाव पार्ने कुरालाई अब उप्रान्त प्रभाव पार्न नसकिने आँकलन एकातिर गरियो भने अर्कोतिर स्वतन्त्र भनिएको न्यायपरिषद्रूपी उक्त निकायमा सदस्यको रूपमा रहने कानुनमन्त्री र प्रधानमन्त्रीका प्रतिनिधिले स्वतन्त्र न्यायपालिकाको सिद्धान्तलाई तिलाञ्जली दिँदै व्यवहारमा स्वतन्त्र न्यायपालिकामाथि राजनीतिक हस्तक्षेप अर्थात् कार्यपालिकाको प्रभाव र दबाब बढाउने आशङ्का गरियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९३ ले संविधानबमोजिम न्यायाधीशहरूको नियुक्ति सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासनसम्बन्धी अन्य कुरा गर्न प्रधानन्यायाधीशको अध्यक्षतामा न्यायपरिषद् गठन हुने संवैधानिक व्यवस्था गरेको पाइन्छ । जसमा न्याय मन्त्री १, वरिष्ठताको क्रमानुसार सर्वोच्च अदालतका दुई वरिष्ठ न्यायाधीशहरू र श्री ५ (राजा) बाट तोकेको कानुनविद् १ गरी ४ सदस्यहरू हुने व्यवस्था थियो ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ११३ ले न्यायपरिषद्मा नेपाल बार एशोसियसनको प्रवेश गरायो । धारा ११३ को उपधारा (१) मा प्रधानन्यायाधीशको अध्यक्षतामा न्यायमन्त्री १, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश १, राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा मनोनीत गरेको कानुनविद् १ र नेपाल बार एशोसियसनको सिफारिसमा प्रधानन्यायाधीशद्वारा नियुक्त वरिष्ठ अधिवक्ता वा कम्तीमा बीस वर्षको अनुभव प्राप्त अधिवक्ता १ रहने न्यायपरिषद् गठन हुने व्यवस्था गरियो ।

यसरी २०४७ सालबाट २०६३ सालसम्म आउँदा न्यायाधीश नियुक्ति गर्ने मुहान 'न्याय परिषद्' मा ५ जनामध्ये न्याय मन्त्री १, प्रधानमन्त्रीको सिफारिसमा नियुक्ति हुने कानुनविद् १ र नेपाल बार एशोसिएशनको सिफारिसमा नियुक्ति हुने कानुन व्यवसायी १ समेत ३ जना अर्थात् न्यायाधीश नियुक्ति गर्ने निकाय न्याय परिषद्को ५ जनामध्ये बहुमत सदस्य ३ जना राजनीतिक पृष्ठभूमिबाट नियुक्ति हुने प्रस्ट देखियो ।

तत्पश्चात् न्यायपालिकामा भएका नियुक्तिलाई अध्ययन गर्ने हो भने कुनै न कुनै सरकारमा पुगेका राजनीतिक दल वा प्रमुख प्रतिपक्षी दलको भागबन्डामा मात्रै न्यायाधीश नियुक्ति हुन सक्ने परिस्थितिको सृजना भयो ।

एकताका त न्यायपरिषद्ले तत्कालीन पुनरावेदन अदालत (हाल उच्च अदालत) मा न्यायाधीश नियुक्ति गर्दा सर्वोच्च अदालतमा सपथ ग्रहण गरेकै दिन सरकारमा रहेको राजनीतिक नेकपा एमालेको बल्खुस्थित पार्टी कार्यालयमा आशीर्वाद लिन लामबद्ध भएर गएको तस्बिर नै सार्वजनिक भयो ।

पछिल्लो समय विवादित बनेका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको पालामा त न्यायाधीश नियुक्तिको क्रम भागबन्डामा मात्र सीमित नरही सोभन्दा अगाडि बढेर प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले कार्यपालिकामा मन्त्री पद आफ्नो भागबन्डामा पारेको चर्चा व्यापक बन्यो ।

यसरी स्वतन्त्र न्यायपालिकाको सिद्धान्त एकातिर तिलाञ्जली दिँदै न्यायपालिका प्रमुखहरूले नै स्वतन्त्र न्यायपालिकाको साख क्षय गरेको उदाङ्गिँदै छ । सत्ता र सरकारमा पुगेका राजनीतिक दलहरूको भागबन्डामा दशकौँपछिसम्म न्यायपालिकाको नेतृत्व ( प्रधानन्यायाधीश) कुन राजनीतिक पृष्ठभूमिबाट, के कुन राजनीतिक दलको भागबन्डामा परी न्यायाधीश बनेको व्यक्तिले सम्हाल्ने हो भन्ने हिसाब किताब गरेर न्यायाधीश नियुक्त हुन थालेको दर्जनौँ उदाहरण बन्यो ।

### न्यायिक स्वतन्त्रताका शर्तहरू

न्यायिक स्वतन्त्रता संवैधानिक एवं कानुनी प्रावधानहरूबाट मात्र प्राप्त हुँदैन । यसका लागि केही आधारभूत न्यायिक शर्तहरू आवश्यक हुन्छ ।

#### क) शक्तिपृथकीकरणको सिद्धान्त :

कानुन निर्माण गर्ने, कानुनको कार्यान्वयन गर्ने र कानुनको व्याख्या गर्ने अधिकार एउटै व्यक्ति वा संस्थामा राखियो भने निरङ्कुश वा अलोकतान्त्रिक पद्वतिको विकास हुने खतरा प्रचुर हुने हुँदा सरकारका अन्य अङ्गहरू कार्यपालिका (मन्त्री परिषद्) र व्यवस्थापिका (संसद्) को हस्तक्षेप र प्रभावबाट न्यायपालिकालाई मुक्त राख्ने मन्टेस्क्यू प्रतिपादित सिद्धान्त शक्तिपृथकीकरणको सिद्धान्त न्यायिक स्वतन्त्रताका लागि आवश्यक पर्ने एक महत्त्वपूर्ण शर्त हो ।

#### ख) न्यायाधीशको स्वतन्त्रता :

अदालतको भवन र कार्यालय सरकारबाट स्वतन्त्र हुनु नै स्वतन्त्र न्यायापालिका भन्ने होइन । सक्षम, निडर र इमानदार न्यायाधीश पनि हुनु आवश्यक छ । जसले कुनै पनि निर्णय वा फैसला गर्दा कुनै पनि संस्थाप्रति झुकाव, डरत्रास, स्वार्थ नराखी संविधान र कानुनबमोजिम फैसला गर्न सक्ने क्षमता हुनु जरुरी छ ।

#### ग) न्यायिक सर्वोच्चता :

संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार अदालतमा रहनु नै न्यायिक सर्वोच्चता हो । जसलाई अर्को भाषामा न्यायिक पुनरावलोकन (Judicial Review) पनि भनिन्छ ।

#### घ) न्यायिक स्वतन्त्रता बचाउ :

न्यायपालिकासँग कार्यपालिकाको जस्तो सेना र प्रहरी शक्ति हुँदैन । जनताको विश्वास अर्थात् जनआस्था नै न्यायपालिकाको शक्ति हुने गर्दछ ।

#### ङ) फैसला कार्यान्वयन :

संविधान र कानुनको अन्तिम व्याख्या गर्ने निकाय न्यायालयले गरेका हरेक निर्णय, आज्ञा आदेश र फैसलाको हुबहु कार्यान्वयन हुनु जरुरी छ । अन्यथा न्याय प्रक्रिया अर्थहिन हुन्छ । त्यसैले अदालतका हरेक फैसला छिटो छरितो उचित एवं प्रभावकारी ढङ्गमा कार्यान्वयन हुनु पर्दछ ।

#### च) न्यायिक उत्तरदायित्व :

न्यायपालिका भ्रष्टाचारीहरूलाई दण्डित गर्न फैसला गर्ने निकाय हो । तर न्यायपालिकाभित्रै भ्रष्टाचार व्याप्त भयो भने कार्यपालिका, व्यवस्थापिकाबाट जनताले आफ्नो विश्वास गुमाएको अवस्थामा वा कार्यपालिकाले गैरकानुनीरूपमा जनतामाथि दमन, अन्याय अत्याचार गर्दाको अवस्थामा होस् वा व्यवस्थापिकाले जन विरोधी कानुन निर्माण गरेको अवस्थामा न्यायपालिकाले जनताको रक्षक भई न्याय दिन सक्ने हैसियत राख्दैन । त्यसैले भ्रष्टाचारमा शून्य सहनशीलताका साथ न्यायालय शूद्ध हुँदै न्यायिक उत्तरदायित्व निर्वाह गर्नु जरुरी हुन्छ ।

### सिंहदरवारको बाछिटा

वर्तमान नेपालको संविधानको प्रस्तावना मै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणाप्रति प्रतिबद्ध रहने उल्लेख छ ।

तर स्वतन्त्र न्यायपालिकामा हुने न्यायाधीश नियुक्ति र सर्वोच्च अदालतले पछिल्ला केही वर्ष गरेका केही महत्त्वपूर्ण फैसला तथा केही रिट निवेदनहरूमा अहिलेसम्म फैसला एवं सुनवाइ नगरिएको अवस्थालाई हेर्दा न्यायपालिका आफैले आफ्नो स्वतन्त्रता हनन गरेको आभाष गरिन थालेको छ ।

न्यायाधीश नियुक्तिमा सत्तासीन राजनीतिक दलहरूको भागबन्डा छताछुल्ल हुन थालेको मात्रै होइन, दुर्गन्धित भएरै धेरै वर्ष बितिसके ।

तापनि न्यायालय सुधारका लागि गठित विभिन्न समितिहरूले तयार गरेका प्रतिवेदनहरू कार्यान्वयन गर्न सर्वोच्च अदालत फुल कोर्ट अग्रसर भएको छैन ।

सर्वोच्च अदालतका प्रधानन्यायाधीशमाथि संसद्मा महाअभियोग दर्ता भएर निलम्बित अवस्थामै लामो समय प्रधानन्यायाधीश पद रिक्त भए । तर स्वतन्त्र न्यायपालिकालाई आफ्नै नेतृत्वमाथि लागेको महाअभियोगको प्रक्रिया कहाँ पुग्यो ? के भयो ? लगायतका कुराहरूमा कुनै पनि चासो देखिएन ।

राज्यका विभिन्न संवैधानिक निकायहरूमा पदाधिकारीहरू नियुक्ति गर्न संविधानले प्रधानमन्त्रीको अध्यक्षतामा एउटा संवैधानिक परिषद् हुने व्यवस्था संविधानको धारा २८४ ले गरेको पाइन्छ । संवैधानिक परिषद्मा प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाको अध्यक्ष, प्रतिनिधिसभाको विपक्षी दलका नेता, प्रतिनिधिसभाका उपसभामुखसहित ६ जना सदस्यहरू रहने संवैधानिक व्यवस्था छ ।

तर प्रम केपी ओली हुँदा भागबन्डा नमिलेपछि विपक्षी दलका नेतालाई बाहेक गर्न संवैधानिक परिषद्सम्बन्धी ऐन, २०६६ लाई संसद छलेर, अध्यादेशमार्फत ३ जना सदस्यले पनि निर्णय गर्न सक्ने गैर संवैधानिक व्यवस्था गरेर विभिन्न संवैधानिक निकायहरूमा ५४ भन्दा बढी नियुक्ति गरियो ।

त्यस सम्बन्धमा सर्वोच्च अदालतमा रिट निवेदन परेको छ तर हालसम्म सुनुवाइको पालो आएको छैन । न्यायपालिकाको नेतृत्व प्रधानन्यायाधीश नै सिंहदरबारमा हाछ्यूँ गर्दा आएका बाछिटाले प्रभावित पार्ने 'एस म्यान' अर्थात् 'हसबहादुर' हुँदा स्वतन्त्र न्यायपालिकाको मर्ममाथि पटक पटक प्रहार भइरहेको दु:खद अवस्था व्यहोर्न परेको छ ।

पछिल्लो पटक उच्च अदालतमा न्यायाधीश नियुक्त गर्ने सवालमा न्याय परिषद् नियमावली नै संशोधन गरेर सर्वोच्च अदालत फुल कोर्टले न्यायसेवाबाट उच्च अदालतको न्यायाधीश नियुक्त हुने व्यक्ति सिनियर हुने व्यवस्था गरेकोमा नेपाल बार एशोसियसनले विरोध गर्दै आएको छ ।

निजामति कर्मचारीबाट न्यायालयको नेतृत्व प्रधानन्यायाधीश बनेका बखत कर्माचारीबाट नियुक्ति हुने न्यायाधीशलाई सिनियर बनाउनेले वकिलबाट नेतृत्वमा पुग्नेले पनि न्यायाधीश नियुक्ति गर्दा वकिलबाट नियुक्ति हुने न्यायाधीशलाई सिनियर बनाउने गरी नियमावली संशोधन गर्न सकिने, महिला प्रधानन्यायाधीश हुँदा महिला न्यायाधीशलाई सिनियर बनाउने, कुनै जातको प्रधानन्यायाधीशले कुनै जातको न्यायाधीशलाई सिनियर बनाएर नियुक्ति गर्ने गरी नियमावली संशोधन गर्न सक्छ भन्ने बुझ्न जरुरी देखेन ? भन्ने प्रश्न उठेको छ ।



**निजामति कर्मचारीबाट न्यायालयको नेतृत्व प्रधानन्यायाधीश बनेका बखत कर्माचारीबाट नियुक्ति हुने न्यायाधीशलाई सिनियर बनाउनेले वकिलबाट नेतृत्वमा पुग्नेले पनि न्यायाधीश नियुक्ति गर्दा वकिलबाट नियुक्ति हुने न्यायाधीशलाई सिनियर बनाउने गरी नियमावली संशोधन गर्न सकिने, महिला प्रधानन्यायाधीश हुँदा महिला न्यायाधीशलाई सिनियर बनाउने, कुनै जातको प्रधानन्यायाधीशले कुनै जातको न्यायाधीशलाई सिनियर बनाएर नियुक्ति गर्ने गरी नियमावली संशोधन गर्न सक्छ भन्ने बुझ्न जरुरी देखेन ? भन्ने प्रश्न उठेको छ ।**

यसलाई स्वतन्त्र न्यायपालिकाले "आफ्नै खुट्टामा बन्चरो हान्ने" प्रसङ्गसँग तुलना गरेर हेर्ने गरेको छ । त्यसैले स्वतन्त्र न्यायपालिकाको साख जोगाउन न्यायपालिका आफैले पनि र सत्तासीन राजनीतिक दलहरूले पनि आफूलाई सुधार्नु जरुरी छ । स्वतन्त्र न्यायपालिकाको श्री क्षय गर्ने दोषीहरू हालसम्म सरकारमा पुगेका राजनीतिक दलहरू नै हुन् भन्दा फरक पर्दैन । न्यायालयभित्र र नेपाल बार एशोसियसनभित्रका बिचौलियाहरूको बिगबिगीका कुरा त निकै चर्को सुनिएकै छ ।

मुहान नै दूषित रहेसम्म तल बग्ने पानी स्वच्छ हुँदैन भनेझैँ न्यायाधीश नियुक्ति गर्ने न्यायपरिषद्, न्यायपरिषद्का सदस्यहरूबाटै सुधारको पहलकदमी चलाउनुपर्ने देखिनुका साथै आवश्यक परे न्यायपरिषद्सम्बन्धी संवैधानिक व्यवस्थामै सुधार गर्नु जरुरी देखिन्छ ।

२०८० चैत २५

# नेपाली समाजमा आर्थिक सङ्कटभन्दा नैतिकताको सङ्कट बढी डरलाग्दो !

✍ सुरेन्द्रराज गोसाईं



**हाम्रा पार्टी अध्यक्षले भन्नुभएको अर्को प्रसङ्ग पनि यहाँ राख्छु, "बरोबर अवसर पाएर पनि यदि योग्यता देखाउन सकिएन भने त्यो नालायक हो ।" यस कसीमा पनि हामीले घोटौं ! क-कसले दिएको उपदेश त मान्नुपर्छ, स्वीकार्नुपर्छ भने यी कुराबारे पनि एकपटक गम्भीरतापूर्वक आत्मसमीक्षा गर्न अनुरोध छ । कम्युनिस्टहरूका पिता कार्ल मार्क्सले कतै उल्लेख गर्नुभएको थियो, "मैले बनाउन खोजेको त आगो ओकल्ने ड्रागन हो । यहाँ त गड्यौलाहरूको जन्म भयो ।" कतै नेपालमा कम्युनिस्ट दाबी गर्ने शासक दलहरूलाई हेरेर त्यतिखेरै लेखेर जानुभएको हो कि भन्ने अहिले आशङ्का लागिरहेको छ !**

आजका समाचारपत्र तथा खबरहरूले आज 'अप्रिल फर्स्ट' को दिन भएको बताए । शासक दलका नेताहरूको कुरा सुन्दा कतै यहाँ पनि ढँटुवा दिवस त मनाइँदै छैन भन्ने लाग्यो । जनतालाई मूर्ख बनाउने, उल्लु बनाउने, ढाँट्ने, फेरि पनि ढाँट्ने काम निरन्तर चालु छ ! शासक दलहरूले त्यो खालको प्रवृत्ति, त्यो खालको चरित्र नदोहोऱ्याऊन् भन्ने हाम्रो शुभेच्छा छ । सरकार बैठक बोलाउँदैन, यस्तै 'ढँटुवा दिवस' को अवसर जुराएर बोलाउँछ ! यो के हुँदै छ ? जनताको प्रश्न छ ।

अहिले यहाँ प्रदेश सरकारको पन्ध्र-सोह्र महिनाको गणना भइरहेको छ । यति अवधिभित्र कति जना मन्त्री बने, कति जना मन्त्री हटे ? त्यो ठुलो सरोकारको वा जनताको चासोको विषय होइन । मन्त्री आए या गए, जनता त्यसप्रति एकदम उदासीन छन् । मन्त्रीहरूको मुखै हेर्दिनँ भन्नेहरू पनि छन् । मुख्य कुरा जनतालाई चाहिने विधि, ऐन–कानुन कति बने ? वाग्मती प्रदेश सभाले वाग्मती प्रदेशका लागि चाहिने नीति निर्माण गऱ्यो कि गरेन ? विधि निर्माण गऱ्यो कि गरेन ? योजना नयाँ खालको ल्यायो कि ल्याएन ? कार्यक्रमहरू के कस्ता ल्यायो ? जनताको चासोको विषय यही नै हो । जबसम्म ती कुराहरूमा हामी ध्यान दिँदैनौँ तबसम्म सरकार परिवर्तनका जतिसुकै परीक्षाहरू हामी देऔँ, त्यो व्यर्थ हुनेछ । अहिले विद्यालयहरूमा अन्तिम परीक्षा चल्दै छ । कतै सरकारको पनि यो अन्तिम परीक्षा त चल्दै छैन ? त्यसकारण, शासक दल र शासक दलका नेताहरूले यी विषयमा बेलैमा सोचून् भनी हामी सचेत पार्न चाहन्छौँ ।

विनियोजित बजेटको स्थिति के छ ? हामी अर्को नयाँ बजेटमा जानैपर्ने, पुग्नैपर्ने बाध्यता पनि छ । अहिले विद्यमान बजेटको हालत के छ ? के यथार्थ हामी जनतालाई भन्न सक्छौँ ? मन्त्रीहरू जनताबिच गएर बोल्ने स्थितिमा छन् कि छैनन् ? समीकरण जनताको चासोको विषय होइन । गठबन्धन निर्माण भयो, को-को सँग मिल्यो ? हिजो रातिसम्म एउटा, आज बिहान अर्कोसँग भन्ने आहान अब नेपालमा पनि चलिसकेको छ । यो स्थिति के स्वाभाविक हो ? गठबन्धनको निर्माण, भत्काउने र बनाउने जुन खेल चल्दै छ, के हामीलाई एकदम आनन्द आइरहेको छ ? के तपाईँ आनन्दपूर्वक सुत्न सकिराख्नुभएको छ ? जनताबिच गर्वका साथ तपाईँ प्रस्तुत हुन सक्नुहुन्छ ? यी यक्ष प्रश्नको रूपमा खडा छन् ।

यतिखेर हाम्रा पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भन्नुभएको झल्झली याद आउँदै छ, "लोभीहरू, बेइमानहरू कम्युनिस्ट बनेका छन् भने ती कम्युनिस्ट नै होइनन् । लोभी, स्वार्थी कम्युनिस्ट हुनै सक्दैनन् । यदि बनेका छन् भने तिनीहरू कम्युनिस्ट नै होइनन् ।" एकचोटि आत्मसमीक्षा र आत्ममूल्याङ्कन गरौँ ! कम्युनिस्ट दाबी गर्ने हाम्रा मित्रहरूलाई अनुरोध छ ।

हाम्रा पार्टी अध्यक्षले भन्नुभएको अर्को प्रसङ्ग पनि यहाँ राख्छु, "बरोबर अवसर पाएर पनि यदि योग्यता देखाउन सकिएन भने त्यो नालायक हो ।" यस कसीमा पनि हामीले घोटौं ! क-कसले दिएको उपदेश त मान्नुपर्छ, स्वीकार्नुपर्छ भने यी कुराबारे पनि एकपटक गम्भीरतापूर्वक आत्मसमीक्षा गर्न अनुरोध छ । कम्युनिस्टहरूका पिता कार्ल मार्क्सले कतै उल्लेख गर्नुभएको थियो, "मैले बनाउन खोजेको त आगो ओकल्ने ड्रागन हो । यहाँ त गड्यौलाहरूको जन्म भयो ।" कतै नेपालमा कम्युनिस्ट दाबी गर्ने शासक दलहरूलाई हेरेर त्यतिखेरै लेखेर जानुभएको हो कि भन्ने अहिले आशङ्का लागिरहेको छ !

यहाँ विश्वासको मतबारे छलफल चल्दै छ । पन्ध्र महिनामा तेस्रोपटक विश्वासको मत मागिँदै छ ! योभन्दा अगाडि विश्वासको मत लिँदा सबै दल एकातिर र नेमकिपा एक्लै अर्कोतिर थियो ! नेमकिपाले संसदीय व्यवस्थाको एउटा सौन्दर्य पनि हुन्छ, त्यो जोगाउनुपर्छ र प्रतिपक्षको भूमिका निर्वाह गर्ने शक्ति पनि आवश्यक हुन्छ भनेर त्यतिखेर पनि हामीले भनेका थियौँ । आज पनि 'मास हिस्टेरिया' बाट नेपालको राजनीतिमा कमसेकम नेमकिपा निरन्तर अलग्ग छ । राजनीतिक धर्म र राजनीतिक नैतिकताको विषयमा फेरि पनि अडिग छौँ र त्यसबारे हामी बहस गर्न तयार छौँ ।

आज हामी जुन किसिमको खेल खेलिरहेका छौँ, त्यो स्वाभाविक देखिन्न । यसमा कुन तत्त्व हाबी भइरहेको छ ? कुन प्रतिक्रियावादी तत्त्व या कुन देशी–विदेशी तत्त्व चलखेल गर्दै छ ? एकपटक हामी संवेदनशील भएर सोचौँ ! घात–प्रतिघातको खेल अति भयो, जनता यही भन्दै छन् । प्रजातन्त्रवादी, लोकतन्त्रवादी, गणतन्त्रवादी जोसुकैबाट घात–प्रतिघात भएको किन नहोस्, त्यो हामीले सदाका निम्ति टुङ्ग्याउनैपर्छ ।

अहिले हामी भोग्दै छौँ, देशको अर्थतन्त्र एकदमै सिकिस्त अवस्थामा छ । देश अत्यन्त बेहाल अवस्थामा छ । हामी सबैलाई यसबारे थाहा भएर पनि गम्भीर हुन सकिरहेका छैनौँ । त्यो बमोजिम आफूलाई जिम्मेवार बनाउन सकिरहेका छैनौँ । त्यसको एउटा कारण छ । आर्थिक सङ्कट त आइरहन्छ । त्यसमा केही बन्दोबस्त मिलाएपछि त्यसको समाधान गर्न सक्छौँ । तर, नेपालको खास सङ्कट भनेको नैतिकताको सङ्कट हो । यसको कारण सारा अरू राजनीतिक, सामाजिक तथा आर्थिक सङ्कटहरू निम्तिएका हुन् । नेपाली समाजमा त्यो नैतिकताको सङ्कट राजनीतिमा डरलाग्दो किसिमले फैलिरहेको देखिरहेका छौँ । त्यसलाई समाधान वा अन्त्य गर्नेतर्फ अगाडि बढ्न सक्छौँ कि सक्दैनौँ ? मन, वचन र कर्मले । यहाँ इमानदारीको सङ्कट छ, विश्वासको सङ्कट छ । बाँकी दुनियाँ र छिमेकी देशले हाम्रो मूल्याङ्कन गर्ने बेलामा तिनीहरूको नजरमा हामी कस्ता होऔँला ? त्यो कोणबाट पनि हेरौँ भन्ने विनम्रतापूर्वक अनुरोध गर्दछु ।

एकजना सुविख्यात मनोचिकित्सकले भन्नुभएको छ, "सधैँ पैसा, पैसा, पैसामात्र भन्नु पनि मनोरोग हो । सधैँ पद, पद, पद भन्नु पनि मनोरोग हो ।" नेपाली समाजमा त्यो मनोरोगलाई सरल भाषामा पागलपन भनिन्छ । त्यो पागलपनविरुद्धमा उभिने, आफूलाई खरो रूपमा उतार्न सक्छौँ कि सक्दैनौँ ? यो जुन किसिमको प्रवृत्तिगत समस्या छ नेपाली समाज र राजनीतिमा, त्यसको विरुद्ध आफूलाई उभ्याउनु कम्युनिस्टहरूको पहिलो कर्तव्य हो । हामीले त्यो गर्न सकेनौँ भने हामीलाई अर्को निर्वाचन होइन अहिले नै जनताले सजाय दिनेछन् । यसतर्फ हामी सबै सजग होऔँ !

हामीले स्तालिनलाई सम्झनैपर्छ । दोस्रो विश्वयुद्धमा हिटलरलाई परास्त गर्न नेतृत्व गर्ने रुसका समाजवादी नेता स्तालिन नै हुन् । स्तालिनलाई समेत आफ्नै पार्टीभित्रका कार्यकर्ता, नेताहरूले विष खुवाएर हत्या गरेको इतिहासमा हामी पढ्न पाउँछौँ । नेपालमा प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्रीहरूलाई पनि आफ्नै पार्टी, गठबन्धनभित्रकै खराब कार्यकर्ता, नेताहरूबाट समाप्त पार्ने प्रयास भएको खबर सुन्न नपरोस् भनेर हामी कामना गर्दछौँ । षड्यन्त्रको राजनीति, विश्वासघात तथा अनैतिकताको राजनीति पार्टीभित्र मौलाएपछि त्यस्तै कुराको जन्म हुन्छ । आज सरल तथा सामान्य लाग्ला । सरकारमा हामी मन्त्री बन्यौँ, जित्यौँ भन्ने लाग्ला तर षड्यन्त्र, छलकपट, धोखा, बेइमानीको राजनीतिले त्यही स्थितिमा पुऱ्याउने त होइन भन्ने चिन्तामा छौँ । नैतिकताविहीन राजनीतिले दुःखद परिणाम ल्याउँछ । त्यसकारण, फेरि पनि मूल्य–मान्यताको राजनीति, सिद्धान्त र विचारको राजनीति, कामदार वर्गीय भावनाको राजनीति गर्नु जरुरी छ । वर्गीय भावनालाई तिलाञ्जली दिएर कोही कसैले कम्युनिस्ट दाबी गरिराख्नुको कुनै तुक हुनेछैन । यो विषयमा पनि एक हिसाबले हाँक वा अनुरोध गर्न चाहन्छौँ ।

उद्देश्यबाट हामी विचलित भयौँ भने, विचारमा हामी यदि अडिग हुन सकेनौँ भने कार्यकर्ताहरू सबै भ्रष्टाचारी नै भ्रष्टाचारी बन्दा रहेछन् ! नेताहरूसमेत भ्रष्टाचारी बन्दा सारा कार्यकर्ताहरू पनि त्यही बाटोमा हिँडिरहेको देखिरहेका छौँ । अहिले नेताहरू जेल जाँदै छन् । कोही जेल जाने क्रममा छन् । यो भ्रष्टाचार, बेइमानी, अनैतिकताको स्थितिलाई पनि हामीले टुङ्ग्याउनैपर्छ । जो जो नेपाली जनताको राजनीति गर्छौं भन्छौँ, तिनीहरूले यो स्थितिबारे पनि गम्भीरता अपनाउन आवश्यक छ ।

अहिले देशको आर्थिक टाटपल्टाइको जुन स्थिति छ, बेइमानीको तथा अविश्वासको स्थिति छ, त्यो कतिञ्जेलसम्म कायम रहन्छ भनेर जनता अत्यन्त चिन्तित छन् । त्यसको जवाफ वाग्मती प्रदेश सरकार र वाग्मती प्रदेशमा क्रियाशील पार्टी, राजनीतिक कार्यकर्ताहरूले त्यसको जवाफ दिनुपर्ने अहिलेको आवश्यकता छ । एकजना विद्वानले भनेका थिए, Give them bread and circuses and they will never revolt. यसको तात्पर्य हो, यदि कसैलाई विद्रोही हुनबाट च्युत बनाउने हो भने उसलाई रोटी फ्याँकिदेऊ । उसलाई सर्कसतिर लगाऊ अर्थात् सरकारमा पठाऊ ! अनि, ऊ विद्रोही बन्दैन, जनपक्षीय बन्दैन, अर्कै अर्कै बन्छ । कतै त्यो भनाइ पनि नेपालको सन्दर्भमा, हाम्रा वामपन्थी दाबी गर्नेहरूको सन्दर्भमा, आफूलाई कम्युनिस्ट दाबी गर्नेहरूको सन्दर्भमा लेखिएको त होइन ? त्यसकारण, विचार पुऱ्याऔँ ! शब्दले होइन व्यवहारले । शब्दले भन्दा पनि कामबाट हामीले जवाफ दिन सकेको खण्डमा उचित होला ।

नेपाल मजदुर किसान पार्टीलाई आज सर्वसाधारण जनताले पनि चिनिसकेका छन् । नेमकिपालाई स्थायी प्रतिपक्ष भन्नेहरू पनि धेरै छन् । नेपाल मजदुर किसान पार्टीले आजभन्दा ३३ वर्ष अगाडिदेखि संसदीय अभ्यासमा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आइरहेको छ । ३३ वर्ष अगाडि हाम्रा पार्टीका अध्यक्षले केन्द्रीय संसद्मा देश र जनताको पक्षमा नेमकिपा प्रखर प्रतिपक्षमा बस्ने घोषणा गर्नुभएको थियो । आज सर्वसाधारणबिच नेपाल मजदुर किसान पार्टी एउटा चोखो पार्टी बाँकी छ भन्ने चर्चा छ । सरकारमा नगई, कहिले यता कहिले उता होइन, कहिले लेफ्ट कहिले राइट, लेफ्ट–राइट – लेफ्ट–राइट होइन, अडानको राजनीति गर्ने एउटा चोखो, पवित्र पार्टीको रूपमा पनि नेपाली जनताले चिन्दै छन् । यो पटक नेपाल मजदुर किसान पार्टी यो विश्वासको मतको सन्दर्भमा तटस्थ रहने जानकारी सभामुखमार्फत यो सदनलाई अवगत गराउँछु ।

*(वाग्मती प्रदेश सभामा नेकपा माओवादी केन्द्रका शालिकराम जमकट्टेलले तेस्रोपटक राखेको विश्वासको मतको प्रस्तावमाथि चैत १९ गते भएको छलफलमा भाग लिँदै नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईंले राख्नुभएको विचार सामान्य सम्पादनसहित प्रस्तुत छ । मुख्यमन्त्री जमकट्टेलले जम्मा ५६ मत प्राप्त गरे । सरकार गठनका निम्ति चाहिने मत सङ्ख्या ५६ हो ।)*

# चीन र इन्डियाबिच तिक्तता पैदा गर्नु अमेरिकी सरकारको स्वार्थ

केही राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा संसद् र सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

नेपाल सरकारले इन्डिया र चीनलाई समानरूपमा व्यवहार गर्ने भन्दै आएको हो । नेपालका दुई छिमेकी देश चीन-इन्डियाको सीमाको हालको समग्र स्थितिबारे केही उल्लेख गर्न चाहन्छु :-

अहिले दुवै पक्षले सीमाको अवस्थाबारे एक अर्काको चासोलाई सम्बोधन गर्न कूटनीतिक र सैन्य सञ्चार कायम गरिरहेको अवस्था छ । यो घडीमा चीन र इन्डिया दुवैले सीमामा द्वन्द्व भएको हेर्न चाहँदैनन् । सीमा क्षेत्रमा शान्ति र स्थायित्व चीन-इन्डियाका जनताको साझा आकाङ्क्षा हो । यो नेपालको पनि आकाङ्क्षा हो । तर, केही दिनअगाडि अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले बेलायती म्याकमाहोन रेखाअनुसारको तथाकथित 'अरुणाञ्चल प्रदेश' (चीनको जाङनान क्षेत्र) लाई भारतीय क्षेत्रको रूपमा मान्यता दिएको दाबी गऱ्यो । सतहमा हेर्दा यसले भारतलाई सहयोग गरेको देखिन्छ । तर, यथार्थमा यसले भारतलाई लोभ्याउने विष दिएको छ । 'अरुणाञ्चल प्रदेश' चीन-इन्डिया सीमाको पूर्वी भागमा विवादको मूल कारण हो । बाहिरीहरूको उक्साहटमा केही माध्यमबाट इन्डियाले केही फाइदा उठाउन सकिन्छ भन्ने सोच्यो भने सबैभन्दा बढी नोक्सान इन्डियालाई हुनेछ ।

चीनले चीन-इन्डिया सम्बन्ध दुवै देशका जनताको साझा हितमा रहेको तर्फ बारम्बार जोड दिएको छ । संयुक्त राज्य अमेरिकाले यो विषाक्त पेय प्रस्ताव गरेको छ । नयाँ दिल्लीले चीनको वचनबद्धतालाई ध्यान दिनु जरुरी छ । संयुक्त राज्य अमेरिकाले चीनमा गरेको लगानीबाट ठुलै नाफा कमाएको पनि छ । चीनले विश्वासको आधारमा ठुलो रकम बराबरको सामग्री उधारोमा अमेरिका पठाएको छ । अमेरिकी सरकारको ऋणपत्र (बोन्ड) किनेर चीनले सहयोग गरिरहेको छ । दुईपक्षीय व्यापार युद्धको मार अमेरिकी जनतालाई नै बढी पर्ने निश्चित छ । दक्षिण चीन सागरमा संयुक्त राज्य अमेरिकाले आफ्नो शक्ति प्रदर्शन गरेर यो क्षेत्रका देशहरूमाथि सुरक्षाको खतरा पनि देखाउँदै छ ।

संरा अमेरिकाले इन्डियालाई एसियाको हवल्दार बनाउँदै छ । नेपालले यो परिस्थितिलाई अध्ययन गरी परराष्ट्र नीति निर्धारण गर्नु जरुरी छ । जहाँसम्म तटस्थता र असंलग्नताको विषय छ, रणबहादुर शाहको पालामा नेपाल चीनतिर ढल्केको थियो भने सुगौली सन्धिपछि अङ्ग्रेजको पुच्छरजस्तै भयो र तिब्बतमा हमला गऱ्यो । सरकारहरू अहिले भारतको पुच्छरजस्तै भएको जनगुनासो छ । यो विषयलाई अध्ययन गरेर सरकारले परराष्ट्र नीति निर्धारण गर्नु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत २० गते प्रतिनिधिसभा बैठकको विशेष समयमा राख्नुभएको मन्तव्यको सार-सं)*

**सांसद सुवालको वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडीलाई प्रश्न**

**काठमाडौँ उपत्यकामा राति चलाइने टिपर गाडीको धुवाँ दिनभरि सञ्चालन हुने गाडीको धुवाँभन्दा तीन दोब्बर भएको र टिपर गाडीको धुवाँ परीक्षण मेसिन नेपाल सरकारसँग नभएको बारे मन्त्रीजीको के भनाइ छ ?**

मन्त्रीको जवाफ : माननीयज्यूले उठाउनुभएको विषय सम्पूर्ण उपत्यकावासीको निम्ति ज्यादै महत्त्वपूर्ण र सान्दर्भिक रहेको छ । काठमाडौँ उपत्यकामा चल्ने सबै किसिमका सवारी साधनहरूले प्रदूषण जाँच गराई तोकिएको मापदन्डभित्र रही हरियो स्टिकर लिनुपर्ने व्यवस्था छ ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत वातावरण विभागले ट्राफिक प्रहरीसँगको समन्वयमा बेलाबेलामा सवारी साधनको छड्के परीक्षण गर्ने गरेको छ । विभागसँग सवारी साधनबाट उत्सर्जन हुने धुवाँ मापन गर्ने उपकरणहरूको सम्बन्धमा हाम्रो विभागमा त्यो उपकरण छ ।

**पूरक प्रश्न**

**प्रदूषण वातावरणसँग सम्बन्धित छ । स्वच्छ वातावरण कायम गर्ने मन्त्रीको विभागमा पर्छ । काठमाडौँ उपत्यकामा बसाइँसराइ बढेको हुँदा यहाँको प्रदूषण जनताको लागि दिनको दुई बट्टा चुरोट खाए बराबर भएको र एक खिल्ली चुरोटले मान्छेको ११ मिनेटको आयु घटाउने विज्ञहरूको मत छ । काठमाडौँमा भएको बसाइँसराइ नियन्त्रण गर्न वातावरण मन्त्रालयले देशको सन्तुलित विकास गर्ने योजना बनाएको छ कि छैन ?**

जवाफ

राम्रो प्रश्न गर्नुभयो, वातावरणबारे सम्पूर्ण देशको लागि कार्यक्रम चलिरहेको छ ।

**विमस्टेक बडापत्र : भारतीय शासक वर्गको स्वार्थ**

विमस्टेक बडापत्रमा आतङ्कवादलाई निर्मूल गर्ने लेखिएको छ । हाम्रो शब्दकोषअनुसार थोरै मानिसहरूको समूहले हतियारसहित योजनाबद्ध गरी क्षति पुऱ्याउने आतङ्कवादी हमला हो । तर, उपनिवेशकालको आतङ्कवाद फरक छ । ल्याटिन अमेरिका, अफ्रिका, एसियामा साम्राज्यवादी देशहरूले उपनिवेश बनाउँदा उपनिवेशवादी देशका जनताले स्वाधीनताको निम्ति गरेको प्रत्याक्रमणलाई साम्राज्यवादी देशहरूले 'आतङ्कवादी' आरोप लगाई दबाएका थिए । यो बडापत्रको 'आतङ्क' बाट गरिब देशलाई दबाउने नै हो ।

युरोपेली सङ्घका देशहरूको क्षेत्रफल, जनसङ्ख्या, आर्थिकस्तर उस्तै उस्तै छन् । विमस्टेक र सार्कमा यस्तो अवस्था छैन । सार्कमा चीनलाई सदस्य बनाउनुपर्नेमा पर्यवेक्षकको रूपमा राखियो । विमस्टेकमा पनि भारतको स्वार्थअनुसार मात्र बैठक हुन्छ । दक्षिण एसिया र दक्षिण पूर्वीएसियामा अफगानिस्तान, पाकिस्तान, म्यानमार पनि पर्छ । म्यानमारको अक्षांशमा चीन पनि पर्दछ । तर, विमस्टेकमा पनि चारओटै देशलाई राखिएको छैन । क्षेत्रीय सन्तुलनको लागि राख्नु जरुरी छ । यो बडापत्र प्रायोजित ढङ्गले ल्याइएको हो । नेपालले हस्ताक्षर गर्नु अगाडि सबै अध्ययन गर्नुपर्ने हो ।

विमस्टेकको एउटा उद्देश्य रोजगारी सिर्जना गर्ने लेखिएको छ । तर, गोरखा भर्ती खारेज उल्लेख छैन । यो बडापत्र हाम्रा युवालाई सस्तो ज्यामी बनाउने हो ।

बडापत्रमा गरिबी उन्मूलनको विषय पनि लेखिएको छ । गरिबी उन्मूलनको उपाय त सामाजिकीकरण हो । बडापत्रमा विमस्टेकका देशहरूमा सामाजिकीकरणको उपायबाट गरिबी उन्मूलन गर्ने विषय किन लेखिएन ? बडापत्रमा धेरै झूट लेखिएको छ । झूटलाई अनुमोदन गर्नु हुँदैन ।

यो बडापत्र इन्डियाको भूरणनीतिक र आर्थिक स्वार्थसँग जोडिएको छ । चीनविरुद्ध अमेरिकी सरकारको नीतिकै अङ्गको रूपमा यो अवधारणा ल्याइएको हो । यसकारण, समर्थन गर्नु हुँदैन ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत २० गते प्रतिनिधिसभाको बैठकमा विमस्टेक बडापत्रको छलफलमा राख्नुभएको मन्तव्य । उहाँले विमस्टेक बडापत्रको विपक्षमा मत दिनुभयो -सं)*

# उग्र-साम्राज्यवाद : विकराल पतनोन्मुख चरण-११

✍ द ट्राइकन्टिनेन्ट

**खण्ड ४ : पश्चिमको अधोगति**

## अमेरिकी आर्थिक र राजनीतिक वर्चस्वमा ह्रास

संरा अमेरिकाको आर्थिक वृद्धिदर घट्दो छ । घट्दो कूल गार्हस्थ उत्पादनको वृद्धिदर नाप्दा यसै भन्न सकिन्छ । गार्हस्थ उत्पादनमा कूल लगानीको अंश पनि घट्दो छ । उत्पादक क्षमता अत्यन्त प्रयोगविहीन छ । बेरोजगारी वा अल्परोजगारी सन् १९६० को दशकबाट सुरु भएको थियो भने सन् १९७० को दशकको आधाआधीबाट अत्यन्त तीव्र बनेको थियो । (यस खण्डका तथ्यतथ्याङ्क अर्थविद् जोन रोसका अनुसन्धानहरूमा आधारित छन् ।)

संरा अमेरिका पुँजी आयातकर्तामा रूपान्तरण हुनाले एकाधिकार पुँजीको अन्तर्विरोध चर्काइदियो ।

अमेरिकी पुँजीको खाता सन् १९८० को दशकदेखि ठूलो मात्रामा निरन्तर पुँजी निर्यातमा निर्भर हुन थाल्यो । यो बदलाव धन उत्पादन प्रक्रिया तथा अमेरिकी साम्राज्यवादको अहम् आर्थिक संयन्त्रलाई वित्तीयकरण गर्ने काममा निर्णायक सिद्ध भयो । विश्वको पुँजी सम्पदा मुख्यत: अमेरिकी डलरमा छ र त्यसले समग्रमा अमेरिकी एकाधिकार वित्तीय पुँजीको थैली भर्छ ।

सन् २००९ सम्ममा अमेरिकाले चीनको आर्थिक वृद्धि रोक्नका लागि 'एसियातिर धुरी' (पिभोट टु एसिया) योजना बनाउन थाल्यो । ओबामाको शासनकालमा आएर अमेरिका विश्व व्यापार सङ्गठनविपरीत चल्न थाल्यो । यस अवधिमा अमेरिकाले करदस्तुर, आर्थिक प्रतिबन्ध, व्यापारमा संरक्षणवाद र बहुपक्षीय हाइब्रिड युद्धमाथिको निर्भरता बढायो ।

अहिले अमेरिका ठूलो मात्रामा पुँजी आयातमा निर्भर छ । सन् २०२२ मा मात्र अमेरिकाले १० खर्ब डलर पुँजी आयात गऱ्यो । ऊसित उत्तर र दक्षिण गोलार्द्धका आफ्ना साझेदारहरूलाई आर्थिक लाभ दिनसक्ने आन्तरिक आर्थिक क्षमता अत्यन्त कम छ ।

वास्तविकता त के हो भने उसले तिनै साझेदारबाट अझ बढी अतिरिक्त धन कुम्ल्याउन जारी राख्नुपरेको छ ।

नवउदारवादी अर्थतन्त्रको छायाँमा अमेरिकाको तुलनात्मक स्वायत्तता खुइलियो र निजी पुँजीले राज्यरूपी अमेरिकामाथि झन् कसिलो नियन्त्रण जमायो । आज उदाउँदो अन्तर्राष्ट्रिय अर्थतन्त्र अमेरिकाको अग्रताका लागि खतरा बनेको छ र नवउदारवादले अमेरिकाको आर्थिक वर्चस्व कायम गर्न असमर्थ छ । अमेरिकी शासक वर्गको साझा राजनीतिक स्वार्थमाथि स्वायत्त राज्यको दबाब बढ्दो छ । यो दबाब पुँजीपति जमातको स्वार्थ मात्र प्रतिबिम्बित गर्ने कार्यको विरोधमा छ । लेनिनका शब्द सापटी लिएर भन्नुपर्दा पुँजीपतिहरूका लागि पनि 'राजनीति अर्थतन्त्रभन्दा अगाडि लाग्नैपर्छ ।'

वित्तीय पुँजीको एकाधिकारको चरणमा वित्तीयकरण वा पुँजी सञ्चय साँच्चिकै परजीवी विकासमा पुगेको छ । उसले अरूबाट रगत चुस्दै छ र पुँजीको संरचनात्मक सङ्कटलाई रेखाङ्कित गर्दै छ । अमेरिकी पुँजीको आन्तरिक अन्तर्विरोध छ । स्वदेशी कामदार वर्गबाट अतिरिक्त मूल्यको दोहन बढाउन खोज्दै गर्दा उसले बाह्य सैन्य युद्धमा समर्थन गुमाउने जोखिम मोल्नुपर्छ । फेरि यी युद्ध आफैमा अमेरिकाको पुँजीवादी आर्थिक स्वार्थका अन्तर्राष्ट्रिय तगाराहरू हटाउन लक्षित छन् । त्यसैले अमेरिकी शासक वर्ग दक्षिणी गोलार्द्ध तथा स्वदेशी कामदार वर्गमाथि एकैबाजी हमला गर्न बाध्य छ । यसैको लागि अमेरिकी पुँजीवादभित्र अहिले दक्षिणपन्थी छाल ह्वात्तै बढाउनुपर्ने हुन्छ । सन् १९३० को दशकमा सुधारवादी घरेलु नीति लागु गरेर पुँजीवादभित्रको गहिरो सङ्कटको सामना गर्न अमेरिकासँग पर्याप्त जगेडा धन थियो । यसको विपरीत उस्तै समस्या समाधान गर्न जर्मनी वा जापानमा भने स्वदेशी कामदार वर्गमाथि ठाडो हमला गरिएको थियो । यद्यपि आर्थिक मन्दीबाट जोगिनका लागि अमेरिकालाई दोस्रो विश्व नै चाहियो । अमेरिकाले अर्थविद् किन्सको विचारमा आधारित 'न्यू डिल' कार्यक्रम लागु गरेर आर्थिक सङ्कटबाट पार पाएको हो भन्ने प्रचार अतिरञ्जना हो । आजको स्थितिमा अमेरिकासँग भरपर्दो विकल्प छैन । देशबाहिर आक्रामक हुने र घरेलु मुद्दामा झन् बढी दमनकारी हुनेसिवाय अर्को बाटो ऊसँग छैन ।

संरा अमेरिकाले नाफा बढाउने प्रयासमा मुद्रास्फितिलाई प्रयोग गर्छ । उसको भारी सैन्य खर्च र त्यसकारण उसले लिनुपर्ने ऋणका कारण पनि उसले मुद्रास्फितिलाई उपयोग गर्नुपरेको हो । अमेरिकी सैन्य ऋणमा लाग्ने ब्याजले अमेरिकी केन्द्र सरकारले तिर्दै आएको कूल ब्याजको ७० प्रतिशत ओगट्छ । सन् १९७० को दशकमा भियतनाम युद्धले गर्दा सैन्य खर्चमा पर्न गएको असर व्यवस्थापन गर्न अमेरिकाले आफूलाई स्वर्ण मानकबाट हटायो र आफ्नो ऋणको भार अन्य देशलाई बोकायो । आफ्ना साम्राज्यवादी प्रतिस्पर्धीहरूमाथिको यो सफल हमलाका कारण तिनीहरूभन्दा अमेरिका आर्थिक र वित्तीय शक्ति बलियो भयो ।

साम्राज्यको सम्भावित पतनको विश्लेषण गर्दा सटिक ऐतिहासिक दृष्टिकोण र ससाना बदलावलाई पनि ध्यान दिनु आवश्यक छ । युरोपमा दासप्रथादेखि सामन्तवादसम्मको सङ्क्रमणले धेरै शताब्दी लियो । सामन्तवादबाट पुँजीवादसम्मको सङ्क्रमण पनि लामै रह्यो । १९ औं शताब्दीसम्म पनि फ्रान्सले सामन्ती अवशेषहरूसँग लड्दै थियो । जब कि सानै आकारमा सही इटलीका नगर राज्यहरूमा युरोपेली पुँजीवादको जन्म भएको सयौँ वर्ष बितिसकेको थियो ।

पुँजी खोज्दै बाहिरी देशहरूमा भौतारिनुपर्ने आवश्यकता बढ्नुबाट कुनै पनि साम्राज्यवादी राज्यको तुलनात्मक आर्थिक पतनको भेउ पाउन सकिन्छ । बेलायत र अमेरिका दुवैले यो ऐतिहासिक बाटो हिँड्दै छन् । सन् १९३० को दशकको आरम्भदेखि नै बेलायत पुँजी निर्यात गर्ने देश रहेन । (चित्र ३२)

देशको शोधनान्तर उसको घरेलु पुँजी निर्माण (बचत/अतिरिक्त धन) र उसको घरेलु पुँजी लगानीको अन्तर हो । कुनै देशको 'घरेलु' पुँजी निर्माण उसको घरेलु लगानीभन्दा बढी छ भने उसले पुँजी निर्यात गरिरहेको हुन्छ र ऊ शोधनान्तर बचतमा जान्छ । कुनै देशको घरेलु पुँजी निर्माण उसको 'घरेलु' पुँजी लगानीभन्दा कम छ भने ऊ शोधनान्तर घाटामा जान्छ र उसले पुँजी आयात गरिरहेको हुन्छ; अर्थात्, उसको पुँजी खातामा अतिरिक्त पुँजी रहन्छ ।

सन् १९१३ देखि १९८० को दशकको आरम्भसम्म अमेरिकाले 'घरेलुरूपमा' लगानी गरेको भन्दा अतिरिक्त पुँजी बढी थियो । यसमा बिरलै मात्र परिवर्तन आयो । ऊसँग अतिरिक्त पुँजी रहिरह्यो । त्यसलाई उसले अन्य देशमा लगानी गर्न सक्थ्यो र हिंसा प्रयोग नगरेरै पनि अन्तर्राष्ट्रिय वर्चस्व विस्तार गर्न सक्थ्यो । दोस्रो विश्वयुद्धपछि यसबाट लाभान्वित हुनेहरूमा खासगरी साम्राज्यवादी देशहरू नै रहे । अमेरिकाले तिनलाई फसाएर, जोडेर र अधीनमा राख्न चाहन्थ्यो । युरोपमा यही उद्देश्यले मार्शल प्लान लागू गरिएको थियो । अमेरिकाको अतिरिक्त पुँजीबाट लाभान्वित हुने अन्य देशमा दक्षिण कोरिया रह्यो । रूस र चीनको विकासलाई छेक्न दक्षिण कोरिया अमेरिकाको सैनिक मोर्चा बन्यो । त्यही भएर उसले अमेरिकी आर्थिक लगानी पायो ।

सन् १९६० को दशकको अन्त्यतिर अमेरिकाले साम्यवादबाट आउने राजनीतिक खतराभन्दा आर्थिक खतरा बलशाली भएको बुझ्यो । त्यसैले उसले अन्य पुँजीवादी प्रतिस्पर्धीहरूको विकासमा भाँजो हाल्नमा ध्यान दिन थाल्यो । दोस्रो विश्वयुद्धपछि पहिले जर्मनीले र त्यसपछि जापानले सन् १९७० को दशकको अन्त्यसम्म अमेरिकाको भन्दा पनि बढी लगानीदर हासिल गरे । उनीहरूको लगानीदर कूल गार्हस्थ उत्पादनभन्दा ३० प्रतिशत माथि थियो । यसले गर्दा कूल गार्हस्थ उत्पादनमा यी देशको वृद्धि उच्च भयो । ऐतिहासिक रूपमा जर्मनी र जापानमा फासीवादले कामदार वर्गलाई निर्ममतापूर्वक दबाएको हुनाले यस्तो परिणाम आएको थियो । विश्वयुद्धपछि पनि त्यो दमनको असर मेटिएको थिएन । जर्मनी र जापानका पुँजीपतिहरूले शोषणको मात्रा बढाउन सके । यसले गर्दा त्यहाँ पुँजी लगानीको दर उच्च भयो । साथै 'पछि औद्योगीकरण भएका' देश हुनाले तिनले उन्नत प्रविधिसम्म पहुँच पाए । यसले पनि त्यहाँ उत्पादकत्व बढ्यो । दोस्रो विश्वयुद्ध लगत्तैको अवधिमा अमेरिका यी आर्थिक परिणामहरू स्वीकार्न तयार पनि थियो । तर, यही प्रक्रियाले पछि गएर अमेरिकी आर्थिक वृद्धिलाई असर गर्न थाल्यो ।

यी देशहरूबाट प्रभावशाली आर्थिक प्रतिस्पर्धालाई रोक्न संरा अमेरिकाले तिनको लगानीदर र त्यसका कारण हुने आर्थिक वृद्धिलाई तल राखिरहन राजनीतिक र सैनिक दबाबको सहारा लियो । सन् १९७१ म अमेरिकी डलरलाई स्वर्ण मानकबाट हटाइयो । यसरी अन्तर्राष्ट्रिय मौद्रिक प्रणालीमाथिको अमेरिकी नियन्त्रणलाई हतियार बनाउने कार्यको ठूलो अड्चन हटाइयो । स्वर्ण मानकबाट हट्नु यस दिशामा महत्त्वपूर्ण पाइला साबित भयो ।

चित्र ३३ मा दिइएका अङ्कहरूले गत १२० वर्षको अवधिमा घरेलु बचत/पुँजी निर्माण र घरेलु लगानीबीचको सन्तुलन देखाउँछन् । उदाहरणको लागि सन् १९२९ को धनात्मक ०.८ प्रतिशतले त्यो वर्ष अमेरिकाको घरेलु लगानी घरेलु पुँजी निर्माण/बचतभन्दा उच्च थियो भन्ने जनाउँ छ । अर्को शब्दमा उसले उसले विदेशमा पुँजी निर्यात गरेको वा ऋण दिएको थियो । ऋणात्मक अङ्कको एउटा उदाहरण हेरौँ । सन् २०२२ मा अमेरिकाको कूल राष्ट्रिय उत्पादन ( जिएनपी) –३.९ प्रतिशत थियो । यसको अर्थ त्यो वर्ष अमेरिकाको घरेलु लगानी घरेलु पुँजी निर्माण/बचतभन्दा उच्च थियो । यसको अर्थ जिएनपीको ३.९ प्रतिशत पुँजी विदेशबाट अमेरिका घुसेको थियो । धनात्मक अङ्कले पुँजी अमेरिकाबाट बाहिर गएको अर्थ लाग्छ भने ऋणात्मक अङ्कले पुँजी अमेरिकाभित्र आएको थियो भन्ने अर्थ लाग्छ ।

आफ्ना साम्राज्यवादी प्रतिस्पर्धीहरूको विकासको गति ढिलो पार्न सक्ने क्षमता भए पनि अमेरिकासँग आफ्नै आर्थिक वृद्धिदर बढाउने क्षमता भने छैन भन्ने पुष्टि भइसकेको छ । ( यसको अर्थ उसले लगानी र शोषणको दर बढाउन सक्दैन ।) अमेरिकामा क्रियाशील पुँजीपतिहरूले अमेरिकामा दीर्घकालीन उत्पादनशील लगानी गर्न छोड्नु यसको एउटा कारण हो । अमेरिकाको आर्थिक वृद्धि झन् घट्दै गयो । आज उसको औसत वार्षिक आर्थिक वृद्धिदर जम्मा २ प्रतिशत हो । सन् १९६० को दशकको तुलनामा यो वृद्धिदर आधा पनि होइन । चीन र अन्य धेरै एसियाली देशहरूको तुलनामा यो वृद्धिदर धेरै कम हो । चित्र ३४ बाट सन् १९५३ यता उसको औसत वृद्धिदरमा मोटामोटी ह्रास मात्र आएको स्पष्ट हुन्छ ।


यस्तो स्थितिका कारण संरा अमेरिका आयातकर, आर्थिक प्रतिबन्ध र प्रविधिमाथिको प्रतिबन्धजस्ता हत्कण्डातर्फ फर्केको हो । यसले गर्दा अमेरिकामा आर्थिक संरक्षणवादी सरगर्मी बढेको हो । अमेरिकाको आर्थिक ह्रास बढेको छ तैपनि माथि चर्चा गरिएझैं अझै पनि अमेरिका अन्य देशभन्दा सैन्य हिसाबले अगाडि छ । यसकारण, अमेरिकी साम्राज्यवाद झन्झन् बलप्रयोगतर्फ अग्रसर भएको हो ।

**बाँकी पृष्ठ ७ मा**

Figure 32

**United Kingdom current account balance of payments**

Figures in percentage of GDP, 1885–1945





Source: Calculated by John Ross from The Economist, *One Hundred Years of Economic Statistics*, 1989

Figure 33

**United States current account balance of payments**

Figures in percentage of GNP, 1900–2022





Source: Calculated by John Ross from The Economist, *One Hundred Years of Economic Statistics* and BEA, "International Transactions", Table 1

Figure 34

**United States average annual GDP growth rate**

1949–2028





Source: Calculated by John Ross from BEA, "NIPA", Table 1.1.3 and IMF World Economic Outlook Database, Oct. 2023

Figure 35

**United States net savings/net capital creation**

Figures in percentage of GNI, 1929–2023




Source: Calculated by John Ross from BEA, "NIPA", Tables 5.1 and 1.5.5

# अमेरिकीहरूलाई सीको स्पष्ट सन्देश

**रोबर्ट लरेन्स कुहन**




चिनियाँ राष्ट्राध्यक्ष सी चिनफिङको अमेरिकी व्यापार र शैक्षिक नेताहरूसँगको विशेष भेटले अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको ध्यान तानिएको थियो । यो हुने नै पनि भयो । विश्वको शान्ति र समृद्धिमा निर्भर रहेका चिन्ताहरूमध्ये दुईवटा सबैभन्दा ठुला संरा अमेरिका-चीन सम्बन्धको अवस्था र चीनको आर्थिक विकासका सम्भावनाहरू समानान्तर हुन् र यी दुवै अमेरिकीहरूलाई सीको सावधानीपूर्वक योजनाबद्ध सन्देशका प्राथमिक विषयवस्तुहरू थिए ।

यो आयोजना उल्लेख्य छ । यो वार्षिक चाइना डेभलपमेन्ट फोरमपछि भएको थियो, जसमा विदेशी कर्पोरेट सीईओहरू चीनका नीति निर्माताहरूसँग छलफल गर्न आउने गर्छन् । चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) केन्द्रीय समितिका महासचिव एवं राष्ट्राध्यक्ष सी चिन फिङले प्रमुख कार्यकारी अधिकृतहरूसँग भेटघाट गरी उच्च अधिकारीसँग भेटघाटको महत्वलाई बढाउनुभएको छ । नयाँ युगमा सीपीसीले चीनका सबै क्षेत्रको नेतृत्व गर्ने प्रत्यक्ष जिम्मेवारी लिएको छ, सीले आफैंले बैठक आयोजना गरेको तथ्य नै चीनको पहिलो महत्त्वपूर्ण सन्देश हो ।

चीनको सरकारी सञ्चारमाध्यममा रिपोर्ट गरिएअनुसार राष्ट्रपति सीको भेटवार्ताको आयोजना चीनका नेताहरूको वर्तमान सोच्ने शैलीको चाखलाग्दो अनुसन्धान हो । यद्यपि राष्ट्रपति सी आफ्नो बैठक र भाषणको लागि सधैं राम्रोसँग तयारी गर्नुहुन्छ, उहाँ यो असाधारण समयको बैठकको लागि असाधारण रूपमा राम्रोसँग तयार देखिनुभयो । उहाँको भनाइको संरचना र विशिष्टताले चीन-अमेरिकाको बारेमा सीको विचारको स्पष्ट, सबैभन्दा तीव्र, सबैभन्दा प्रत्यक्ष र गहिरो अभिव्यक्ति बनाउँछ । चीन-अमेरिका सम्बन्ध र चीनको अर्थतन्त्रमा त्यसको प्रभावलाई यसरी सम्झन सकिन्छ । यसरी, कसैले दुईवटा ठूला विषयवस्तुहरू अनुमान गर्न सक्छ: चीन अमेरिकासँग सुधारिएको सम्बन्ध खोज्न प्रतिबद्ध छ र चीन थप व्यापक सुधार र खुलापन गर्न कटिबद्ध छ । यद्यपि यी दुई विषयवस्तुहरू खासै नयाँ छैनन्, यसपटक सीको टिप्पणीहरूमा केही फरक देखिन्थ्यो, जुन दृढ प्रतिबद्धताको सङ्केत हो ।

अमेरिका-चीन सम्बन्धमा, सीको सन्देश अस्पष्ट थियो । उहाँले अमेरिकी सीईओ र अमेरिकी चाइना विज्ञहरूसँग भेटघाट गर्न रोजेको तथ्य नै चीनले सम्बन्धमा भइरहेको द्वन्द्वलाई रोक्न, सम्बन्धलाई स्थिर बनाउन र सावधानीपूर्वक सम्बन्धलाई पुन: निर्माण गर्न खोजेको नयाँ प्रकाशको सङ्केत हो । सीले सामान्य रूपमा जनतामा र विशेष रूपमा जनता-जनताबिचको आदानप्रदानमा आफ्नो दृढविश्वास देखाउनुभयो, जुन व्यापक रूपमा परराष्ट्र नीतिमा सीको दृष्टिकोणको लामो समयदेखिको आधार हो । चीन-अमेरिकाको सन्दर्भमा सम्बन्धमा सीले जोड दिनुभयो, 'भविष्य पक्कै पनि जनताले निर्माण गर्नेछ,' र उहाँले आशा व्यक्त गर्नुभयो कि 'चिनियाँ र अमेरिकी समाजका सबै क्षेत्रका मानिसहरूले थप पारस्परिक भ्रमण र आदानप्रदान गर्नेछन् ।'

मलाई के कुरा मनमोहक लाग्यो भने सीले द्वन्द्व होइन, आपसी सम्मान र जीतको नतिजाको लागि आह्वान गर्नुभयो । उहाँले सामान्य रूपमा र सामान्यतया गरेझैं "सम्बन्ध पुरानो दिनहरूमा फर्किन सक्दैन," एक शक्तिशाली र यथार्थपरक मान्यता, जसले उहाँको निरन्तरको आग्रहलाई विरोधाभासपूर्ण रूपमा मान्यता दिन्छ, "तर यसले (चीन-अमेरिका सम्बन्ध) उज्ज्वल भविष्यलाई अँगाल्न सक्छ ।" वर्तमानको इमानदार मूल्याङ्कनले मात्र भविष्यको आशावादी दर्शनलाई सक्षम बनाउन सक्छ ।

अचम्मको कुरा के थिएन भने राष्ट्रपति सी चीनको अर्थतन्त्रको बारेमा आशावादी हुनुहुन्थ्यो - जुन सबैको दिमागमा भएकै एउटा विषय हो - आफ्ना श्रोताहरूलाई स्मरण गराएर सन् २०२३ मा वृद्धिका धेरै अघिल्ला वर्षहरूमाझैं चीनको वृद्धिदर प्रमुख अर्थतन्त्रहरूमध्ये सबैभन्दा उच्च थियो र यसले विश्वको ३० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको थियो भनी स्मरण गर्नुभयो । अचम्मको कुरा के थियो भने सीले चीनको अर्थतन्त्रको बारेमा दुई नकारात्मक सिद्धान्तहरूको सन्दर्भमा चीनको अर्थतन्त्रको कथा सुनाउनुभयो : विगतको 'चीन पतन सिद्धान्त', जुन पक्कै भएन, र 'पीक चाइना' । वर्तमानको सिद्धान्त, जसलाई सीले भन्नुभएको छैन ।

चीनले उच्च गुणस्तरको विकास र चिनियाँ आधुनिकीकरणलाई निरन्तरता दिने, चिनियाँ जनतालाई राम्रो जीवनयापन गर्न र विश्वको दिगो विकासमा थप योगदान दिने बताउनुभयो । यी शब्दहरू विदेशी आगन्तुकहरूका लागि सहज कुराकानीको रूपमा बनाइएको थिएन तर चिनियाँ नेताहरूको व्यापक रणनीतिक नीति र चिनियाँ अधिकारीहरूका लागि दैनिक कार्यात्मक दिशानिर्देशहरू हुन् । चीनको आर्थिक वृद्धिको नयाँ मन्त्र उच्च गुणस्तरको विकास हो, जुन "नयाँ गुणस्तरीय उत्पादक शक्तिहरू" द्वारा सञ्चालित छ । चीनमा योगदान गर्ने सबैले यही सन्देश पाउँछन् ।

सुधार र खुलापनको सन्दर्भमा, सीका शब्दहरू सधैं जस्तै विवेकपूर्ण रूपमा तौलिएका थिए । त्यहाँ विदेशी व्यवसायहरूबिच चिन्ता छ, र चीनका केही उद्यमीहरूमा पनि, सुधार र खुलापन रोकिएको थियो । जबकि सीले भन्नुभएको थियो "सुधार र खुलापनले समसामयिक चीनलाई ठूलो प्रगतिमा लैजाने कुञ्जी हो," "चीनको सुधार रोकिने छैन र यसको खुलापन रोकिने छैन," उहाँले धेरै पटक यस्तै भन्नुभएको छ । त्यसकारण मैले उहाँले के भन्नुभयो भन्ने कुरामा ध्यान केन्द्रित गरें: "चीनले व्यापक रूपमा सुधारलाई गहिरो बनाउन र बजार-उन्मुख, कानुनमा आधारित र विश्व-स्तरीय व्यापार वातावरणलाई निरन्तरता दिनका लागि प्रमुख कदमहरूको श्रृङ्खला योजना र कार्यान्वयन गरिरहेको छ ।"

कार्यान्वयनको मुख्य शब्द 'योजना' हो, जसको अर्थ हो कि त्यहाँ नयाँ संरचनाहरू, नयाँ नियमहरू र/वा क्षितिजमा नयाँ उपायहरू छन्, जुन वर्तमानमा रहेकाहरू भन्दा पर्याप्त रूपमा फरक छन्, वाक्यांशलाई जायज बनाउनको लागि "व्यापक रूपमा गहिरो सुधारको लागि प्रमुख चरणहरू अगाडि सारिएका छन् । यदि सीले सामान्य सिद्धान्तहरू मात्र बताउनुभएको भए, उहाँका शब्दहरूले मात्र उच्च आत्मविश्वास जगाउने थिएन । तर विश्वलाई ध्यानमा राखेर, व्यापक अपेक्षाहरू निर्माण गर्दै, चीन आर्थिक सुधारको नयाँ चरणको लागि गम्भीर छ भन्ने माथिबाट विश्वास दिन्छ । यसैले म आशा गर्छु, जुन धेरै विदेशी विश्लेषकहरूले गर्दैनन्, महत्त्वपूर्ण आर्थिक सुधारहरू, अगाडि एक दशकमा सबैभन्दा बढी हुनेछ ।

नि:सन्देह, योजनाको विशिष्टता हुनेछ, र त्यसपछि यसको वास्तविक-विश्व कार्यान्वयन अझ महत्त्वपूर्ण हुनेछ । उदाहरणका लागि, हालैका दिनहरूमा, सरकारले चिकित्सा र दूरसञ्चार क्षेत्रहरू खोल्दै, उत्पादनमा विदेशी लगानीको लागि बजार पहुँचमा प्रतिबन्ध समाप्त गर्दै, विदेशी लगानीको लागि नकारात्मक सूचीलाई छोटो पारेको छ । यसबाहेक, चीनको साइबर सुरक्षा नियामकले आउटबाउन्ड डाटा प्रवाहमा अवरोधहरू कम गरेको छ ताकि चीनमा कार्यरत विदेशी व्यवसायहरूले आफ्नो सामान्य व्यवसाय सञ्चालन गर्न अझ बढी खुलापन र सुरक्षित महसुस गर्न सकून् । सरकारी खरिदलगायत विदेशी फर्मलाई समान राष्ट्रिय व्यवहार दिने प्रतिबद्धता अनुगमन हुने गर्दछ ।

मेरो लागि, राष्ट्रपति सीका लागि एउटा प्रमुख प्रेरणादायी कारक भनेको चीनको लागि उहाँको भव्य दृष्टिकोण - "चिनियाँ राष्ट्रको महान् कायाकल्प' लाई साँच्चै हासिल गर्नको लागि चीन विश्वस्तरको व्यापारिक केन्द्र बन्नैपर्छ र वास्तविकतामा यस्तो बन्नुपर्दछ । चीनसँग "बजारमुखी कानुनमा आधारित र विश्व स्तरको व्यापारिक वातावरण हुनुपर्दछ ।"

स्थिर अमेरिका-चीन सम्बन्धले विश्वलाई फाइदा पुग्ने कुरा कसले अस्वीकार गर्नसक्छ ? चीनको आर्थिक वृद्धि र विकासले विश्वलाई फाइदा पुग्ने कुरालाई कसले नकार्न सक्छ ? २१ औं शताब्दीको तेस्रो दशकको यी तनावपूर्ण मध्य-वर्षहरूमा दुवै विश्वव्यापी रूपमा केन्द्रबिन्दुमा छन् ।

(सम्पादकको नोट: रोबर्ट लरेन्स कुहन द कुहन फाउन्डेसनका अध्यक्ष हुन् । उनलाई चाइना रिफर्म फ्रेन्डशिप मेडल प्रदान गरिएको थियो ।)


**-पिपल्स डेली अनलाइनबाट**

**अनुवाद : प्रकाश**

---

**उग्र...**

यो प्रक्रियालाई रेखाङ्कित गर्दै र वृद्धिदर बढाउन नसक्ने अमेरिकाको अक्षमता दर्शाउँदै चित्र ३५ मा रेखा १ ले सन् १९६५ यता अमेरिकाको जम्मा बचत/पुँजी निर्माण सन् २००९ सम्म लगातार घट्दै कूल राष्ट्रिय आयको – २.७ प्रतिशतमा झरेको देखाउँछ । रेखा २ ले सन् १९८० को दशकयता अमेरिकाले विदेशबाट सापटी लिएर वा पुँजी आयात गरेर प्रयोग गर्दै आएको र यो क्रम तीव्रतर भइरहेको देखाउँछ । सन् २००२ सम्ममा पहिलोचोटि अमेरिकाले विदेशबाट लिएको ऋणले उसको जम्मा घरेलु पुँजी निर्माणलाई उछिन्यो । यसको अर्थ पहिलोचोटि अमेरिकी पुँजीबजारमा आएको तत्कालीन वृद्धिमा अमेरिकाको आफ्नै पुँजीको भन्दा बढ्ता योग विदेशी पुँजीको थियो । यो क्रम बिस्तारै उल्टियो र सन् २०२० सम्म अस्थीर भइरह्यो । त्यो वर्ष फेरि एकचोटि अमेरिकी पुँजीबजारको बढोत्तरीमा विदेशी वित्त हावी भयो ।




यो समग्र प्रक्रियालाई सङ्क्षेपमा भन्दा अमेरिकाले समग्र आर्थिक ढाँचालाई आफ्नो लाभअनुसार ढालेको छ । त्यहाँका कर्पोरेसन वा बहुराष्ट्रिय कम्पनीहरूले दक्षिणी गोलार्द्धमा हुने ऋणपत्रको विश्वव्यापी कारोबारबाट अकूत अतिरिक्त मूल्य हडप्छन् र समग्र साम्राज्यवादी व्यवस्थाले बलजफ्ती अमेरिकी डलरलाई विदेशमा थोपर्छन् । यसको लागि आर्थिक उपायको मात्र नभई अमेरिकी सैन्य अखडा र अन्य हत्कण्डाको पनि प्रयोग गरिन्छ । यसको उद्देश्य एक यस्तो व्यवस्थाको निर्माण गर्नु हो जहाँ अन्य देशसँग आफूले कमाएको अमेरिकी डलरलाई अमेरिकी सुरक्षणमा राख्नुबाहेक अर्को विकल्प नहोस् र तिनीहरूले अमेरिकी घाटा र घरेलु लगानीको सट्टाभर्ना गरिरहून् । यसरी विश्वव्यापी वित्तीय पुँजीको एकाधिकारले काम गर्छ । यो विश्वव्यापी एकाधिकार वित्तीय पुँजी सैन्य र राजनीतिक शक्तिको आडमा खडा भएको वित्तीय साम्राज्यवादकै उन्नत रूप हो ।

यो व्यवस्थालाई अहिले उत्पादनका हिसाबले एकाधिकार पुँजीमा आएको तुलनात्मक गतिरोधले डस्दै छ । (किनभने उत्पादनप्रधान अर्थतन्त्र नै वास्तविक अर्थतन्त्र हो ।) यही डसाइका कारण दक्षिणी गोलार्द्धका चीनलगायत देशहरूले उत्पादनमा फड्को मार्न पुगेका हुन् । हड्सनको पुस्तक 'महासाम्राज्यवाद' मा अमेरिकाले आफ्नो डलर वर्चस्व गुमायो भने केकस्ता असर पर्छ भन्ने विषयलाई गहिरोगरी केलाएका छन् ।

चित्र ३६ ले कूल स्थिर पुँजी निर्माणमा चीनले अमेरिकालाई पछाडि छोडिसकेको देखाउँछ भने यस मामिलामा अमेरिका बिस्तारै ओरालो झरिरहेको देखाउँछ । यहाँ हामी चीनको उदयबारे चर्चा गर्दैनौं । तैपनि यहाँनिर ध्यानमा राख्नुपर्ने कुरा के भने सन् १९९२ यता ३० वर्षसम्म हरेक वर्ष चीन लगातार पुँजी निर्यातकर्ता रहिआएको छ । यही अतिरिक्त पुँजीबाट 'क्षेत्र-मार्ग अगुवाइ' ( बिआरआइ) जस्तो अन्तर्राष्ट्रिय अगुवाइलाई आर्थिक रूपमा भरथेग गर्न सकिएको हो ।

यो कुरा अहिले अन्तर्राष्ट्रिय प्रक्रियाका दुई गाँठाहरूलाई बुझ्न निकै महत्त्वपूर्ण तत्त्व बन्न पुगेको छ । यी दुई गाँठा हुन् :

१.देशभित्र र बाहिर विश्वभरि नै संरा अमेरिका उत्पादक शक्तिको विकासमा झन्झन् अवरोधक बन्दै छ ।

२. चीनले अहिले आफ्नो राष्ट्रिय उत्पादन शक्तिको विकास तथा सम्पूर्ण विकासशील देशहरूसँग मिलेर काम गर्नमा ध्यान दिँदै छ । यसबाट आधुनिकीकरणको नयाँ बाटो खुलेको छ । विश्वको उत्पादक शक्तिलाई समग्रमा विकास गर्दै यो बाटो खुल्छ । 'बिआरआई', विश्व विकास अगुवाइ र अन्य महादेशस्तरीय औद्योगीकरण परियोजनाहरू यसका सहायक हुन् ।

# सहकारी संस्था गरिब जनताको सहयोगी हुनुपर्ने



भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले बैङ्क तथा वित्तीय संस्थाहरू पुँजीपतिवर्गको स्नायु केन्द्र भएको हुँदा ती संस्थाहरूले कामदारवर्गको भन्दा पुँजीपतिवर्गकै हितमा काम गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको ६७ औँ राष्ट्रिय सहकारी दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रममा उहाँले सहकारी संस्थाहरूको प्रमुख समस्या त्यसमा व्याप्त भ्रष्टाचार र आर्थिक अनियमितता नै हो भन्नुभयो ।

सहकारी संस्थाको जगमा आजको चीनले आर्थिक र सामाजिक विकास गरेको बताउँदै उहाँले चीनका सहकारी संस्थाहरू खुला विश्वविद्यालयको रूपमा सञ्चालित रहेको, कृषि र उत्पादनमूलक क्षेत्रमा लगानी तथा व्यापक जनतालाई सचेत र सङ्गठित पार्ने काम गर्दै आइरहेको बताउनुभयो ।

सहकारीमा ठगिएकाहरूको रकम फिर्ता र धनको सुरक्षा गर्नुपर्ने दायित्वबाट सरकार चुक्दा लाखौँ सर्वसाधारणले आफूले बचत गरेको रुपैयाँ जोखिममा परेको बताउँदै उहाँले समुदायमा आधारित सहकारी संस्थाले पैसा लेनदेनमा मात्र सीमित नरही गरिब जनताको सहयोगीको रूपमा काम गर्नुपर्ने बताउनुभयो ।

कति सहकारीहरू सञ्चालकहरूको बदनियतकै कारणले डुबेको प्रस्ट पार्दै उहाँले भक्तपुरका सहकारी संस्थाहरूले सामाजिक गतिविधि सञ्चालनका साथै स्वास्थ्य, ज्येष्ठ नागरिक लक्षित आदर निकेतन सञ्चालन, गरिबलाई छात्रवृत्ति, पुस्तक प्रकाशन, तालिम आदि सञ्चालन गरी सदस्यहरूको हितमा काम गर्नु आफैँमा स्वागतयोग्य कदम भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारी संस्थाले बैङ्क तथा वित्तीय संस्थाले जस्तै काम गर्न नहुने बताउँदै समुदायको हित र सिङ्गो समाज उत्थानमा सहकारीको अहम् भूमिका हुनुपर्ने बताउनुभयो ।

उहाँले अधिकांश सहकारी संस्थाहरूले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुभन्दा पनि घरजग्गाहरूमा लगानी गरेको पाइएको बताउँदै भक्तपुर नपाले जनताको बचत रकम सुरक्षित गर्ने विषयमा संवेदनशील भएर काम गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुर नपाले सङ्कटको समयमा सहकारी संस्थाहरूसँग समन्वय गरी काम गर्दै आएको बताउँदै उहाँले सहकारीले बालबालिका र ज्येष्ठ नागरिकलाई लक्षित गरी गतिविधिहरू सञ्चालनमा जोड दिनुपर्ने बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले गरिब जनताको आशा र भरोसाको केन्द्रको रूपमा रहेका सहकारी संस्था आफैँमा सङ्कटग्रस्त हुँदा सहकारीप्रति जनताको विश्वास हट्दै गएको बताउनुभयो ।

समाजलाई बौद्धिकरूपमा माथि उठाउन साहित्यिक गतिविधिहरूलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले राजनीतिक र आर्थिक क्षेत्रमा आएको सङ्कटका कारण देशलाई अपूरणीय क्षति पुगेको बताउनुभयो ।

सहकारी ठगी आरोपितहरूलाई उच्च ओहोदामा पुऱ्याउने राजनीतिक परिदृश्यले देशलाई झन् सङ्कटमा धकेलेको बताउँदै उहाँले सहकारीहरूले इमानदार र पारदर्शी ढङ्गले समाज उत्थानमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले सहकारी संस्थाले जनताको अभिभावकत्व ग्रहण गरी गरिब जनताको साथीको रूपमा काम गर्नुपर्ने बताउँदै सहकारी संस्था स्थापनाको ६ दशक पार गरिसक्दा पनि सहकारीका विकृति र व्याप्त समस्याहरू यथावत रहेकोमा चिन्ता व्यक्त गर्नुभयो । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष कृष्णगोविन्द लाखाजूले सहकारी स्थापनाको इतिहासबारे प्रस्ट पार्दै वित्तीय तथा आर्थिक अनुशासन र सहकारी सिद्धान्त र मूल्य मान्यतामा सञ्चालित सहकारीहरूमा कुनै समस्या नभएको बताउनुभयो । सहकारी संस्था सुशासनमा सञ्चालन हुने संस्था भएको बताउँदै उहाँले सहकारी एकीकरणको नीति गलत भएको धारणा राख्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत वसन्त भट्टराईले सहकारी संस्थाहरू वित्तीय सङ्कटका असल साथीको रूपमा रहेको बताउँदै सहकारीमा देखिएको चुनौती र समस्याबारे प्रस्ट पार्नुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् सहकारी समितिका संयोजक हरिप्रसाद बासुकला, सहकारी अनुगमन समितिका हरिरत्न गोर्खाली र नारायणप्रसाद त्वानाबासुले पनि बोल्नुभएको थियो ।

# 'कुकुल्यान्ड' ले त प्रम दाहाललाई पनि भ्रष्टाचार देखायो !

भक्तपुर । चाँगुनारायण नगरपालिका वडा नं ५, छालिङस्थित 'राहुलगाउँ गुसिटार खानेपानी तथा सरसफाइ उपभोक्ता समिति' को वार्षिक साधारणसभा शनिबार छालिङ वेगविनायक मन्दिर परिसरमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवालले नेपाली भूमि कालापानीमा आफ्नो सेना राखेर लिम्पियाधुरा, लिपुलेकलगायत नेपालको ६० हजार हेक्टरभन्दा बढी भूमि मिच्ने भारतीय विस्तारवादलाई शासक दलहरूले कोसी, गण्डक, महाकालीलगायतका नदीनाला बुझाएको हुँदा नेपाली जनताले सोको विरोध गर्नु जरुरी रहेको आवश्यकता औँल्याउनुभयो ।

"चीन र भारतमा जमिन र जनसङ्ख्या धेरै छ । १ अर्ब ४२ करोड जनता भएको भारतमा ३ करोड बसोबास गर्ने सहर बनाउँदा फरक पर्दैन । तर, ३ करोडमात्रै जनसङ्ख्या भएको नेपालको काठमाडौँ उपत्यकामा १ करोड मान्छे थुपार्नु उपयुक्त हुन्न । एकैठाउँमा धेरै मान्छे राख्दा हरियाली घट्छ । मानिसको बस्ती वरिपरि पानी, खेती गर्ने जमिन र रुखबिरुवा पनि हुनुपर्छ । शासक दलहरूको अकर्मन्यताको कारण अहिले काठमाडौँवासीले खाद्यान्न र तरकारी समेत भारतबाट ल्याएर खानुपरेको छ" उहाँले उल्लेख गर्नुभयो ।

सांसद सुवालले भन्नुभयो, शासक दलहरूले काठमाडौँलाई कङ्क्रिटको जङ्गलमा परिणत गरे । सिमेन्टले 'रोडन' भन्ने ग्यास निकाल्छ जसले अक्सिजन खान्छ । यसकारण झ्याल ढोका बन्द भएको कोठामा अक्सिजन पुग्दैन । जनसङ्ख्या बढेपछि धुलो, धुवाँको समस्या पनि बढ्दो छ । धुलो, धुवाँले मानिसलाई दिनको २ बट्टा चुरोट खाए बराबरको असर गर्छ । एक खिल्ली चुरोटले मानिसको ११ मिनेट आयु घटाउँछ । यसकारण, देशको सन्तुलित विकास गर्न सिंहदरवारको सेवा सुविधा गाउँगाउँमा पुऱ्याउनु पर्छ । जनताले आ-आफ्नो जिल्लामा मात्रै जग्गा किनबेच गरेर बस्न पाउने बन्दोबस्त संविधान संशोधन गरेर लेख्नु जरुरी छ ।"

"नेपालको तराईमा हावा, हुरी, घाम झेलेको हजारौँ वर्ष पुरानो बलिया सालका काठ छन् । शासक दलका नेताहरूले नेपालको सक्कली सालको काठ भारत पठाएर विदेशमा छिटो हुर्काइएका कमसल काठ ल्याउँदै छन् । नेपालको चारकोसे झाडी सखाप पारियो । नेपालको हरियो वन तस्करको धन भइरहेको छ" उहाँले भन्नुभयो ।

"०७३ सालमा वाइडबडी जहाज किन्न कर्मचारी कल्याण कोष र नागरिक लगानी कोषको खर्बौं रुपैयाँ लगानी गरिएको थियो । वाइडबडीमा सुरुमा ८, १० अर्ब भ्रष्टाचार भएको सार्वजनिक भयो । पछि लेखा समितिले साढे ४ अर्ब भ्रष्टाचार भएको जनायो । अख्तियारले १ अर्ब भ्रष्टाचार भयो भनेर ३२ जना नेपालीलाई मुद्दा हालेको छ । ८ जना विदेशी नागरिक पनि वाइडबडी भ्रष्टाचारमा संलग्न छन् । नेपाली र विदेशी मिलेर देश लुटे ।" सांसद सुवालले चिन्ता व्यक्त गर्नुभयो ।

अतिथि सुवालले एक विदेशीले लेखेको 'कुकुल्यान्ड' भन्ने किताबमा अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहालले अजय सुमार्गीसँग मिलेर एनसेलमा खर्बौं भ्रष्टाचार गरेको उल्लेख गर्दै भ्रष्टाचारी कारबाही गरिए सिंहदरबारमा बस्ने कोही पनि नबच्ने बताउनुभयो ।

"नेपालमा राणाले १०४ वर्षसम्म जनतालाई अँध्यारोमा राखे, राणा प्रम चन्द्रशमशेरले त्रिचन्द्र कलेजको जग हाल्दा 'मैले आफ्नै खुट्टामा बन्चरो हाने' भनेका थिए । हामीले जनताका छोराछोरीलाई पढाउनुपर्छ भनेर ख्वप कलेज स्थापना गऱ्यौँ । आज ख्वप कलेजमा ७७ जिल्लाका विद्यार्थीहरू पढ्दै छन् । हामीले विश्वविद्यालय खोलेर डाक्टर पनि सस्तोमा पढाउँछौँ भन्दा निजी क्षेत्रसँग कमिसन खान पल्केका सरकारहरूले स्वीकृति दिएनन् ।" सांसद सुवालले उल्लेख गर्नुभयो ।

उहाँले नेपाली युवा बेलायती, अमेरिकी, फ्रान्सेली, रुसी, युक्रेनको सेनामा भर्ती भएर लड्दै र मर्दै गरेको बारे सचेत पार्दै सरकारले नेपाली युवालाई अर्काको देशमा जान नपर्ने गरी यहीँ रोजगारीको बन्दोबस्त गर्नु जरुरी रहेको आवश्यकता औँल्याउनुभयो ।

सांसद सुवालले भन्नुभयो, "लोडसेडिङको बेला सर्वसाधारण जनताका छोराछोरीले पढ्नलाई बिजुली पाएनन् तर उद्योगपतिहरूको कारखाना चलाउन सरकारले चौबीसै घण्टा बिजुली दियो । आज ती उद्योगपतिहरूले ३० अर्ब रुपैयाँ बिजुलीको महशुल बुझाएका छैनन् । सरकारले सो रकम उठाएर जनतालाई सस्तोमा बिजुली दिनुपर्छ ।"

उहाँले शासक दलहरू जनताप्रति समर्पित रहनु जरुरी रहेको बताउनुभयो । भारतमा आफ्नै बडीगार्डले इन्दिरा गान्धीलाई गोली हानेर मारेको इतिहासबाट शासक दलका नेताहरूले पाठ सिक्नु जरुरी रहेको पनि उहाँले औँल्याउनुभयो ।

सांसद सुवालले भन्नुभयो, "रुसमा फेब्रअरी क्रान्तिमा राजालाई निकालेर पुँजीपति सरकारमा गयो । त्यसपछि १९१७ को अक्टोबरमा लेनिनको नेतृत्वमा समाजवादी क्रान्ति भयो । नेपालमा ४६ सालमा राजालाई कमजोर बनाएर शासक दलहरू सरकारमा गएर देश र जनताको पक्षमा ३५ वर्षसम्म केही गरेनन् । शासक दलका नेताहरूले क्रान्ति होइन भ्रष्टाचार गरे । ०७ सालमा भएको क्रान्तिपछि ०१७ सालमा प्रतिगमन भयो, ०४६ सालको परिवर्तनपछि ६१ साल माघ १९ गते ज्ञानेन्द्रले प्रतिगमन गरेजस्तै शासक दलका नेताहरूले देश र जनताको पक्षमा काम नगरे फेरि प्रतिगमन हुन सक्छ । यसकारण, सरकारमा जाने शासक दलहरूलाई जनताले खबरदारी गरिरहनु जरुरी छ ।"

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका उपाध्यक्ष एवम् चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउने काममा उपभोक्ता समिति सक्रियताका साथ लागेकोमा धन्यवाद व्यक्त गर्दै बेलाबेलामा जनताको स्वास्थ्य जाँच गर्न स्वास्थ्य शिविरहरू पनि सञ्चालन गर्नु आवश्यक रहेको औँल्याउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभाका सांसद गीता काफ्लेले नेपाल मजदुर किसान पार्टी संसद्मा भागबन्डा खान संलग्न नभएको उल्लेख गर्दै देश र जनताको पक्षमा कानुन निर्माण गर्न लागिपरेको बताउनुभयो । उहाँले कामदार जनता अगाडि नबढेसम्म देश उँभो नलाग्ने बारे जनता सचेत हुनु जरुरी रहेको बताउनुभयो ।

आयोजक समितिका उपाध्यक्ष मञ्जु तोर्लाङ्गिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा हरिभक्त फोजुले उपभोक्ता समितिको वार्षिक प्रतिवेदन पेस गर्नुभएको थियो भने गणेशलाल फोजूले पनि बोल्नुभएको थियो । राहुलगाउँ गुसिटार खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले तेलकोट जङ्गलभित्रबाट मुलाकोट गढीमा स्वच्छ पानी लिफ्ट गरी राहुलगाउँ, गुसीटार, नगरकोटी गाउँ र तामाङगाउँका जनतालाई वितरण गरिरहेको छ ।

# नेमकिपा जुम्लाको पन्ध्रौँ सम्मेलन तयारी समिति गठन

जुम्ला । नेपाल मजदुर किसान पार्टी जुम्लाले पन्ध्रौँ जिल्ला सम्मेलन गर्न जिल्ला भेला आयोजना गऱ्यो । शुक्रबार भएको भेलाले चौधौ जिल्ला सम्मेलनबाट निर्वाचित जिल्ला समितिलाई विघटन गरी पूर्णलाल खत्रीको संयोजकत्वमा पन्ध्रौँ जिल्ला सम्मेलन तयारी समिति गठन गरेको हो । २७ सदस्यीय सम्मेलन तयारी समितिले विभिन्न उपसमितिहरू पनि गठन गरेको छ ।

जिल्ला भेलामा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले अमेरिकी साम्राज्यवाद, भारतीय विस्तारवाद, देशीय सामन्तवाद र छद्मभेषी कम्युनिस्ट भनाउँदासँग नेमकिपा सङ्घर्षरत रहेको बताउनुभयो ।

उहाँले भारतीय विस्तारवादीहरूले नेपालको विकासमा दलाल नेताहरू प्रयोग गरी देशको विकास र जनताको उन्नति हुन नदिएको बताउनुभयो ।

केन्द्रीय सदस्य काफ्लेले भन्नुभयो, "नेमकिपा कामदार जनताको सच्चा पार्टी हो । नेका, एमाले र माओवादी लगायतका पार्टीहरू अपराधीहरूको भिडमा परिणत भएको छ । देशको अर्थतन्त्र शासक पार्टीहरूकै कारण ध्वस्त हुँदै गएको छ ।"

उहाँले भन्नुभयो, "पार्टी विचार हो; तर शासक दलहरूका कारण देशमा नयाँ शक्ति व्यक्तिवादी र साम्प्रदायिकरूपमा देखिएका छन् । उनीहरू सबैको अन्त्य समाजवादी गणतन्त्रको आन्दोलन र नेमकिपा हुनेछ ।"

कार्यक्रमका सभापति एवं नेमकिपा जुम्लाका संयोजक पूर्णलाल खत्रीले नेमकिपा विचार र इमानदारहरूको पार्टी भएकोले शासक दलको कमिकमजोरीलाई औँल्याउँदै जनतालाई सचेत गर्नुपर्छ भन्नुभयो ।

जिल्ला समिति सदस्य वृषबहादुर रावतले अहिलेसम्मका शासक दलहरूले सन् १९५० को सन्धि, विभिन्न नदीनाला भारतलाई दिने सन्धि, लगानी बोर्ड कानुन, विप्पा सम्झौता, उर्जा व्यापार सम्झौता, परियोजना विकास समझौता, एमसीसी सम्झौता, नागरिकता विधेयकलगायत विषयमा सम्झौता गरी देशलाई भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको सेवा गरेको उनीहरूको अन्त्य नेमकिपाबाटै हुनेछ भन्नुभयो ।

कार्यक्रममा कालीबहादुर शाहीले पनि बोल्नुभएको थियो ।

# 'रुसको डिसेम्बर विद्रोह' आज पनि प्रेरणास्रोत भएको दाबी

दैलेख । नेपाल मजदुर किसान पार्टी दैलेखको आयोजनामा 'रुसको डिसेम्बर विद्रोह' पुस्तकको अन्तरक्रिया कार्यक्रम दुल्लुमा सम्पन्न भयो ।

उक्त अन्तरक्रिया कार्यक्रममा नेपाल मजदुर किसान पार्टी दैलेखका अध्यक्ष जगतबहादुर ओलीले सन् १९२५ को डिसेम्बरमा रुसको जारशासनविरुद्ध खानदानी परिवारका युवा तथा सैन्य जर्नेलहरूले गुप्त सङ्गठनमार्फत गरेको सङ्घर्ष नै डिसेम्बर विद्रोह हो भन्दै तत्कालीन रुसका कुलीनवर्गका युवा तथा क्रान्तिकारी सेनाले जारविरुद्ध गरेको विद्रोहले जनतामा उत्साह जागेको चर्चा गर्नुभयो । उहाँले यसले रुसका अन्य क्रान्ति तथा विद्रोहहरूलाई थप बल पुगेको दाबी गर्दै रुसका डिसेम्बरवादीहरूको सङ्घर्ष आज विश्वको लागि प्रेरणाको स्रोत बनेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी दैलेखका सल्लाहकार सदस्य बमबहादुर सिंहले कार्यकर्ताहरूले विभिन्न देशमा भएका विद्रोह र क्रान्तिहरूको अध्ययन गरी सो विषयमा जनताबिच निरन्तर छलफल र अन्तरक्रिया गर्नुपर्ने बताउनुभयो । उहाँले विभिन्न देशमा भएका विद्रोहहरू कमजोर बनाउन सामन्तवर्ग र पुँजीपतिवर्ग क्रियाशील रहेकोले यस वर्गलाई समाप्त पार्न जनता सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ दैलेखका अध्यक्ष मनोज दाहालले रुसका विभिन्न विद्रोहमध्ये रुसको डिसेम्बर विद्रोह एक महत्त्वपूर्ण विद्रोह भएको भन्दै यस विद्रोह विश्वका मजदुरवर्गको लागि एक मार्गनिर्देशक पथ भएको बताउनुभयो । रुसको डिसेम्बर विद्रोह जारविरुद्धको लडाइँ भएको चर्चा गर्दै उहाँले भूदासहरूले आफूलाई शान्ति, रोटी र जग्गाको माग राखी सङ्घर्ष गरेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी दैलेखका उपाध्यक्ष लक्ष्मीकुमार विकको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा नेपाल मजदुर किसान पार्टी दैलेखका सहसचिव टीकाराम कठायतले पनि बोल्नुभएको थियो ।

# मेलम्ची खानेपानी दिगो व्यवस्थापनबारे छलफल



काठमाडौँ । खानेपानी मन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा 'मेलम्ची खानेपानी आयोजनाको दिगो व्यवस्थापन' बारे बिहीबार सिंहदरबारमा अन्तरक्रिया कार्यक्रम भयो ।

उक्त कार्यक्रममा सरोकारवालाहरूबिच मेलम्ची खानेपानीको हाल कायम भएको हेडवर्कभन्दा ९०० मि. माथि सार्कथलीमा नयाँ हेडवर्क निर्माण गर्ने विषयमा छलफल भएको थियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले मेलम्ची खानेपानी आयोजना ढिलाइ हुनुका कारण र आयोजना निर्माणको क्रममा देखिएको भ्रष्टाचारबारे छानबिन हुनुपर्ने बताउनुभयो ।

देशकै गौरवको आयोजनाको रूपमा सञ्चालनमा भएको मेलम्ची खानेपानी आयोजनाको वैकल्पिक स्रोतहरूको खोजी हुनु आवश्यक भएको स्पष्ट पार्दै उहाँले खानेपानीको स्थानीय स्रोत उपयोग गर्ने विषयमा धेरै छलफल भए पनि कार्यान्वयन हुन नसकेको बताउनुभयो ।

देश निर्माणका स-साना आयोजनाहरू विदेशको भर पर्दा नेपाल उपनिवेश हुने खतरा बढ्ने उल्लेख गर्दै उहाँले खानेपानीको दिगो समस्या समाधानको लागि स्थानीय पालिकाहरूसँग समन्वय गरेर अगाडि बढ्नु उचित हुने बताउनुभयो ।

काठमाडौँकेन्द्रित विकासले गर्दा यहाँ धेरै प्रदूषण, ट्राफिक जाम, अपराध, खानेपानी समस्या, अव्यवस्थित आवास योजना सञ्चालन भइरहेको औँल्याउँदै उहाँले काठमाडौँ उपत्यकामा बसाइँसराइ रोक्नुपर्ने र सरकारले देशको सन्तुलित विकासतर्फ ध्यान दिन आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विदेशी लगानी, ऋण र अनुदानबाट देशले आर्थिक समृद्धि हासिल गर्न नसक्ने बताउँदै देशका गौरवका आयोजनाहरूमा राज्यले नै लगानी गर्नुपर्ने बताउनुभयो ।

उहाँले स्थानीय स्रोतहरूको संरक्षण गर्नुपर्नेमा जोड दिँदै विदेशी बैङ्कहरूबाट ऋण लिएर नेपाल विदेशीको अधीनमा जानेतर्फ सचेत गराउनुभयो ।

भक्तपुरमा पुरानै पाइपलाइनबाट मेलम्चीको पानी वितरण भइरहेको अवगत गराउँदै उहाँले खानेपानीको वैकल्पिक स्रोत संरक्षण र नयाँ स्रोतको खोजी अपरिहार्य भएको बताउनुभयो । उहाँले उपत्यकाकेन्द्रित विकासले ट्राफिक जाम, अपराधको सङ्ख्या वृद्धि, खानेपानी समस्या, फोहोर व्यवस्थापन चुनौती भएकोले उपत्यका बाहिर स-साना सहरहरू निर्माण गरी जनसङ्ख्या विकेन्द्रित गर्नमा जोड दिनुपर्छ भन्नुभयो ।

बुढानीलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले मेलम्ची खानेपानी आयोजनाप्रति जनताको विश्वास घट्दै गएको बताउँदै खानेपानीसम्बन्धी अध्ययन समिति गठन गरी मेलम्ची आयोजनाले अहिलेसम्म गरेको कार्य प्रगतिबारे विस्तृत अध्ययन हुनु आवश्यक भएको बताउनुभयो ।

मेलम्चीको हेलम्बु गाउँपालिका अध्यक्ष निमा ग्याल्जेन ह्योल्मो सार्कथलीमा हेडवर्क निर्माण गर्ने विषयमा आपत्ति जनाउँदै सार्कथली आफैँमा जोखिमयुक्त ठाउँ भएको बताउनुभयो । मेलम्चीमा पूर्वाधार तथा बाटो निर्माण गर्ने विषयमा मन्त्रालयको ध्यानाकर्षण गराउँदै उहाँले उक्त क्षेत्रमा पहिलो नियन्त्रण गर्ने विषयमा पहलकदमी आवश्यक भएको बताउनुभयो ।

रास्वपाका सांसद तोसिमा कार्कीले खानेपानीको दिगो समस्या समाधानको लागि मेलम्चीको विकल्पहरूको खोजी हुनुपर्ने बताउँदै उपत्यकामा रहेका खानेपानीका मुहान र स्रोतहरू सङ्कलन गर्नुका साथै आकासे पानी सङ्कलनबाट पनि खानेपानी समस्या समाधान हुने धारणा राख्नुभयो ।

रास्वपाका शिशिर खनालले जनतासँग प्रत्यक्ष सरोकार राख्ने आयोजनाहरू सञ्चालन गर्दा स्थानीय तहहरूसँग समन्वय र सहकार्य आवश्यक भएको बताउँदै चक्रपथ बाहिर पनि खानेपानी व्यवस्थापनतर्फ सरकारले ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव सुरेश आचार्यले कार्यक्रमको उद्देश्यमाथि प्रस्ट पार्दै मेलम्ची खानेपानी आयोजनालाई दिगो व्यवस्थापन गर्ने हेतुले सरोकारवालाहरूसँग छलफल कार्यक्रम गरिएको बताउनुभयो ।

मेलम्चीमा भएको लगानी फलदायी रहेको उल्लेख गर्दै उहाँले काठमाडौँ उपत्यकामा स्थायीरूपमा पानी पठान्तरणको व्यवस्थामा मन्त्रालयले जोड दिँदै आएको बताउनुभयो ।

उक्त कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का गोपीबहादुर अछामी, नेपाली काङ्ग्रेसका राजेन्द्रकुमार केसी, राप्रपाका दीपकबहादुर सिंह, नेकाका प्रदीप पौडेल, सार्वजनिक लेखा समितिका सभापति ऋषि पोखरेल, मेलम्ची खानेपानीका विकास समितिका कार्यकारी निर्देशक अहमद अन्सारीलगायतले मेलम्ची खानेपानी आयोजनाको दिगो व्यवस्थापनका लागि रायसुझावहरू प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा इन्जिनियरिङ अध्ययन संस्थानको विज्ञ टोलीले मेलम्ची खानेपानी आयोजनाको प्रगति र हेडवर्क सार्ने विषयमा आफ्नो प्रस्तुतीकरण देखाएको थियो भने एडीबीका विज्ञ तथा इन्जिनियरले पनि बोल्नुभएको थियो ।

# भ्रष्टाचारले परिवार र जात हेर्दैन : 'उच्च'

## जातिको भ्रष्टाचारले लाजको पनि निहुरिँदै

काठमाडौँ । पहिले नेपाली समाजमा माथिल्ला 'सम्भ्रान्त' परिवारका मानिसहरूलाई सम्मान गरिन्थ्यो । तिनीहरूको जीवन धर्म-कर्ममा तल्लीन भएको र निधारमा ठुलठुला रातो श्रीखण्डको टीका लगाइएको हुन्थ्यो । हातमा अनेक प्रकारका सुनका र अन्य धातुका औँठीहरू लगाइएका हुन्थे । संस्कृत, नेपाली, हिन्दी, अङ्ग्रेजी एवं अन्य भाषाका जानकार ती परिवारका सदस्यहरू अनेक सरकारी माथिल्ला पदहरूमा पदासीन हुन्थे र साधारण जनताले तिनीहरू साँच्चै देश र जनताप्रति समर्पित र देशभक्त सम्झन्थे । तर, आज त्यो भ्रमबाट नेपाली जनता बुझ्दै छन् । ती परिवारहरू 'उचच' जातिका सम्भिन्थे ।

आज समाचारपत्रहरू हेर्नासाथै त्यस्तै परिवार र उच्च जातिहरूले गरेका सार्वजनिक सम्पत्तिमाथि गैरकानुनी रूपबाट भएको हस्तक्षेप, निजीकरण तथा भ्रष्टाचारले बुद्धिजीवीहरू पनि लाजले शिर निहुर्‍याउँदै छन् ।

पहिलेका थापा, पाण्डे, राणा, शाह, झा, मिश्र आदि खस-ब्राह्मण परिवारका बारेमा समाचार पढ्दा पाठकहरू अन्योलमा पर्छन् । ठमेलको छाया सेन्टर, नक्कली शरणार्थी काण्ड, अमेरिकी कम्पनी कोटिभिटी (COTIVITI) का पाँच अर्ब १८ करोड कर छली प्रकरण, 'कानुनविपरीत ५१ करोड भ्याट छुट दिने ६० कर अधिकारी छानबिनको घेरामा' जस्ता शीर्षकले सबै नेपालीलाई जिब्रो टोक्नुपर्ने स्थितिमा पुर्‍यायो । (नयाँ पत्रिका, २० चैत २०८०)

विशाल पण्डित, विकल पौडेल, सुनिल पौडेल, भीमकान्त भण्डारीजस्ता माथिल्ला परिवारका सदस्यहरूलाई 'औषधि र आईटी क्षेत्रका माफियाको 'नेक्सस' भत्काउँदै अख्तियार', 'कोकोविरुद्ध दायर भयो भष्टाचार मुद्दा ?' शीर्षक र उपशीर्षकले पाठकहरूलाई झस्काएको व्यापक चर्चा छ । (नेपाल समाचारपत्र, २१ चैत २०८०)

'कोटिभिटी राजस्व छली प्रकरणमा सचिव, सहसचिव र महानिर्देशकसहित ६० जना छानबिनको घेरामा शीर्षकले पाठकहरू अमेरिकी कम्पनीहरू पनि 'भ्रष्टाचारी' हुन्छन् र भन्ने सरल जनता आश्चर्यमा परेका छन् ।

'सहकारी ठगीमा श्रममन्त्री अर्याल पनि ?' शीर्षकको समाचारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका मन्त्री डीपी अर्याल र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य सचिव केशवप्रसाद पौडेल पनि तानिएका छन् । (नागरिक दैनिक, २० चैत २०८०)

पोखरा विमानस्थलमा छानबिन गर्न थालिएपछि प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले भने अख्तियारका पदाधिकारी नै हटाउने भन्दै हिँड्न थालेका छन् । 'नागरिक' दैनिकको शीर्षक छ - 'पोखरा विमानस्थल ठेक्कामा अख्तियार धाउँदै अधिकारी ।'

त्यसो त भ्रष्टाचार र अपराधले परिवारको उचाइ र जात हेर्दैन । सन् १८१६ मा सुगौली सन्धिमा नेपाललाई बेलायती साम्राज्यवादको सर्त मानेको पत्रमा हस्ताक्षर गर्नेहरू गजराज मिश्र र चन्द्रशेखर उपाध्यायबारे पनि विश्वासघातीको रूपमा नेपाली जनतामा व्यापक रोष प्रकट हुने गरेको सर्वविदित छ ।

# विदेशी लगानी र ऋणले देश समृद्ध नहुने

भक्तपुर । नेपाल कर्मचारी समाजद्वारा प्रकाशित 'सन्देश' बुलेटिनको शुक्रबार अन्तरक्रिया तथा नयाँ वर्ष २०८१ को शुभकामना आदानप्रदान कार्यक्रम भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगर पालिकाका प्रमुख सुनिल प्रजापतिले कर्मचारीहरूले पठन संस्कृतिको विकासलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

कर्मचारीहरूले समाजको लागि पनि काम गर्नुपर्ने उल्लेख गर्दै उहाँले कर्मचारीहरू राजनीतिक प्राणी भएको हुँदा राष्ट्रिय अन्तर्राष्ट्रिय विषयमा पनि जानकारी राख्नुपर्ने बताउनुभयो ।

उहाँले विदेशी लगानी र ऋण तथा अनुदानमा देशको समृद्धि सम्भव नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "कर्मचारीहरू ट्रेड युनियनवादी हुनुहुँदैन । कर्मचारीहरूले व्यक्तिगत स्वार्थको लागि मात्र कुरा उठाउनु र सक्रिय हुनु ट्रेड युनियनवादी सोचबाट ग्रसित मानसिकता हो ।"

उहाँले देशभक्त कर्मचारीहरू त्यसको विरुद्धमा सम्पूर्ण जनताको हितको निम्ति इमानदारीका साथ कर्तव्यनिष्ठ भएर क्रियाशील हुनुपर्ने बताउनुभयो ।

जनप्रतिनिधिको निर्देशनअनुसार कर्मचारीहरूले काम गरे संस्थाको दिगो विकास हुने स्पष्ट पार्दै उहाँले आफ्नो व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताको हितमा काम गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले जनप्रतिनिधि र कर्मचारीहरूबिच समन्वयात्मक ढङ्गले काम हुनुपर्नेमा जोड दिँदै कर्मचारीहरूले जनताको सेवालाई प्राथमिकतामा राखी काम गर्नुपर्ने बताउनुभयो ।

जनताको साथ र सहयोगले भक्तपुर नपाले सफलतापूर्वक आफ्ना कार्यक्रमहरू अगाडि बढाइरहेको प्रस्ट पार्दै शिक्षा र स्वास्थ्यमा भक्तपुर नपाले प्राथमिकतामा राखी काम गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले सूचना प्रविधि तथा डिजिटाइजेसनको युगमा सरकारी सेवालाई 'पेपरलेस' बनाउनेतर्फ अगाडि बढ्नुपर्नेमा जोड दिँदै कर्मचारीहरूले आफूलाई तोकेको जिम्मेवारी निर्धारित समयभित्र इमानदारीपूर्वक सम्पन्न गर्नतर्फ अग्रसर हुनुपर्ने बताउनुभयो ।

स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीबिच अन्योन्याश्रित सम्बन्ध रहने उल्लेख गर्दै अधिकृत भट्टराईले कर्मचारीहरूले सृजनात्मक ढङ्गले काम गर्न प्रेरित गर्नुभयो ।

समाजका अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारी समाजले नियमितरूपमा पुस्तक, पत्रिकाहरू प्रकाशन गर्दै कर्मचारीहरूको हकहित सुनिश्चित गर्ने कार्य गर्दै आएको बताउनुभयो ।

उहाँले कर्मचारीहरू आफ्नो काम, कर्तव्य र अधिकारबारे सुसूचित हुनु जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा कर्मचारी समाजका उपाध्यक्ष काजीबहादुर पञ्च, शिवराम धुखवा, प्रज्ज्वल खत्री, दिव्यलक्ष्मी बज्राचार्य, रामकृष्ण प्रजापति, कान्छी प्रजापति, कृष्णश्वरी सुवाल, इन्दिरा शाक्य, विकास प्रजापतिलगायतले 'सन्देश' पत्रिकाबारे आफूले गरेको अध्ययनको सार प्रस्तुत गर्दै राष्ट्रसेवक कर्मचारीहरू राजनीतिकरूपमा सचेत हुनुपर्ने र अध्ययनलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । उक्त कार्यक्रममा समाजका राजेश दिष्टिले पनि बोल्नुभएको थियो ।

# व्यापक जनता राजनीतिकरूपले सचेत र सङ्गठित हुनुपर्ने

भक्तपुर । भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा शनिबार प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले मार्क्सवाद, लेनिनवाद र माओ विचारधाराअनुसार व्यापक जनतालाई राजनीतिकरूपले सचेत र सङ्गठित गर्दै समाजवादी व्यवस्थाको लागि आ-आफ्नो क्षेत्रबाट क्रियाशील हुनुपर्दछ भन्नुभयो ।

उहाँले कृषकहरूको उत्पादनलाई सरकारले उचित मूल्यमान्यता नदिएको भन्दै नेपाली युवाहरू सरकारको गलत नीतिले रोजगारीको नाउँमा ज्यानको जोखिम मोली विदेशी सेनामा संलग्न भइरहेको चर्चा गर्नुभयो ।

भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलनजस्ता किसान आन्दोलनको चर्चा गर्दै उहाँले पुँजीवादी व्यवस्थामा कामदारवर्गको हित नहुने बताउनुभयो ।

किसान नेता गोविन्द दुवालले एमाले, काङ्ग्रेस, माओवादी पार्टीहरू किसान मजदुरको हितमा काम नगरी लोभलालच, भ्रष्टाचारमा लिप्त रहेको र देशको कलकारखाना निजीकरण गरी ध्वस्त पारेको प्रस्ट पार्दै न्यायाधीशहरूको




नियुक्तिमा समेत दलीय भागबन्डा गरेको चर्चा गर्नुभयो ।

नेमकिपाले बहुसङ्ख्यक काम गरिखाने बहुमत जनताको समस्या समाधान गर्न निरन्तर सङ्घर्ष गरिरहेको बताउँदै उहाँले विगतको किसान आन्दोलनबारे नयाँ पुस्तालाई बताइरहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नि:स्वार्थपूर्वक देश र जनताको सेवा गर्ने सिद्धान्तअनुसार नेमकिपाले इमानदारीपूर्वक राष्ट्रिय अन्तर्राष्ट्रिय सवालमा आवाज उठाइरहेको बताउनुभयो ।

कार्यपालिका सदस्य रोशनमैयाँ सुवालले नेमकिपाले किसान आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, शिक्षा, स्वास्थ्य, सफाइ तथा सांस्कृतिक आन्दोलन थालेको चर्चा गर्नुभयो ।


भनपा वडा नं. ६ का वडाध्यक्ष एवम् कार्यक्रमका सभापति हरिराम सुवालले विश्व प्रसिद्ध बिस्का जात्रालाई शान्तिपूर्ण बनाउन आ-आफ्नो क्षेत्रबाट योगदान गर्न आग्रह गर्दै वडावासीहरूको साथ, सहयोग र जनश्रमदानमा वडाको विकास निर्माण कार्य अघि बढिरहेको विचार राख्नुभयो ।

कार्यक्रममा समाजसेवीहरू गोपीकृष्ण चाँगुभारी, जगन्नाथ सुजखु, गणेशराम थुसा र वडा सचिव सिद्धिराम अवालले पनि बोल्नुभएको थियो ।

# साहित्यकारहरूको अन्तर्राष्ट्रिय कर्तव्य

✍ **हरिबहादुर श्रेष्ठ**

व्यापार र उद्योग, कल-कारखाना, यातायात र सञ्चार अनि ज्ञान-विज्ञानको प्रगतिले आज संसारका जनताको भाग्यलाई एक अर्कोसँग गाँसिदिएको छ। पुँजीवादको जति जति विकास हुँदै गयो, उति उति एक देशको शोषक वर्ग अरू देशका जनतालाई समेत चुस्न पुग्यो। त्यस विदेशी शोषणको विरोधमा चुसिएका देशका जनताले सङ्घर्ष गर्न थाले। स्वतन्त्रताको त्यस सङ्घर्षलाई दबाउन साम्राज्यवादी र उनिवेशवादीहरू ती देशहरूमा आ-आफ्ना पिछलग्गूहरू तयार पार्छन्। ती पिछलग्गू र दलालहरूमार्फत साम्राज्यवादीहरूले ती देशका जनताको स्वतन्त्रता आन्दोलनलाई दबाउँछन्। सामन्त र जमिनदार वर्ग, ठुल्ठुला व्यापारी र माथिल्ला कर्मचारी वर्ग विदेशको पक्षमा लाग्छन्। विदेशी पल्टन र स्वदेशी पल्टनमा काम गरेका ठुलाबडा अफिसर र पुँजीपतिवर्ग विदेशी पुँजीको सेवा गर्न पुग्छन्। धेरै धेरै पढे-लेखेका प्रोफेसर या प्राध्यापक, लेखक, कवि-कलाकार र पत्रकारहरू विदेशकै पैसा खाएर आफ्नो देशको खोइरो खन्छन्, विदेशी शोषणको पक्ष लिन्छन्। आ-आफ्ना देशवासीको विरोध गर्छन्। यसरी विदेशी शोषक वर्ग र आक्रामक शक्तिको पक्ष लिने साहू-महाजन, राजा-महाराजा, सामन्त, जमिनदार, व्यापारी तथा पुँजीपति, कर्मचारी र प्राध्यापक एवम् पत्रकारहरूलाई विदेशी दलाल भनिन्छ। सामन्त र पुँजीपतिवर्ग विदेशी दलाल हुन्छन्, तिनीहरू वर्गीयरूपले प्रतिक्रियावादी हुन्छन्। तर, केही सामन्त या पुँजीपतिहरू व्यक्तिगतरूपले देशभक्त र प्रगतिशील हुन सक्छन्। जहाँसम्म वर्गको हिसाब किताब हुन्छ, तिनीहरू जनताका शत्रु हुन्। विदेशी आक्रामकहरूले दलालहरू नपाएसम्म कुनै देशमाथि आक्रमण, थिचोमिचो र हुकुम चलाएर बस्न सक्दैनन्। तर, थिचिएका र थिच्ने दुवै देशका जनता शोषित र पीडित हुन्छन्। ती दुवै देशका जनता शोषण र थिचोमिचोको विरोधमा लड्छन्। आक्रामक देशका जनताले आ-आफ्नो सरकारको विरोधमा काम-मामको निम्ति या राज्यसत्ता कब्जा गर्ने सङ्घर्ष गर्दा थिचिएका, जितिएका वा उपनिवेश देशहरूका जनतालाई मद्दत हुन पुग्छ। आक्रामक देश आफ्नै घरेलु युद्धमा फसिरहँदा त्यो कमजोर हुन्छ, अनि त्यसैबेला थिचिएका जनताले आफ्नो सङ्घर्ष चर्काउने मौका पाउँछन्। थिचिएका देशका जनताले आक्रामक देशको विरोधमा लडाइँ लडिरहँदा आक्रामक देशका जनताको सरकारविरोधी सङ्घर्षहरूमा मद्दत पुग्न जान्छ। त्यसबेला आक्रामक सरकार आफैं विदेशमा मार खाइरहेको हुन्छ। यसप्रकार थिचिएका र थिच्ने देशका जनताको सङ्घर्षहरूले आक्रामक सरकार झन्झन् निर्बलियो हुँदै जान्छ। यस मानेमा पुँजीवादको विकासले आज थिच्ने वा आक्रामक देशहरूका जनता र थिचिएका देशहरूका जनताको भाग्य एक अर्कोसँग गाँसिएको छ। त्यतिमात्रै होइन, अरब र इजराइलको लडाइँले काठमाडौँमा मोटरको भाडा र अरू सामानको भाउ बढ्छ। यसरी कुनै पनि देश अन्तर्राष्ट्रिय घटनाको प्रभावबाट अलग्गै रहन सक्दैन।




एक देशको शोषकवर्ग अर्को देशको शोषकवर्गसँग मेल राख्छन् तथा जनतामाथि संयुक्त या दोहोरोरूपले थिचोमिचो र शोषण गर्छन्। जनताले पनि तिनीहरूबाट सिक्छन् र एक देशका जनता अर्को देशका जनतासँग मित्रता राख्न पुग्छन्। शोषण र थिचोमिचोमा परेका संसारका जनता एक हुन्छन्। एक देशका जनताको सङ्घर्षले अर्को देशको सङ्घर्षलाई सघाउ पुऱ्याउँछ। सबै देशका जनताको संयुक्त सङ्घर्षले पुँजीवादी व्यवस्थामै अन्तिम प्रहारहरू हुन थाल्दछन्। यसरी साम्राज्यवाद र उपनिवेशवादले एकपछि अर्को मर्णान्तक हारहरू खाँदै छन्।

संसारका सबै जनता आफ्नो आफ्नो देशको सामन्तवादी र पुँजीवादी व्यवस्थाको विरोधमा लड्छन्। नयाँ र पुरानो उपनिवेशवादको विरोधमा लड्छन्। साम्राज्यवाद र सामाजिक-साम्राज्यवादको विरोधमा लड्छन्। एक देशको शोषणविरोधी सङ्घर्षबाट अर्को देशका जनताले शिक्षा लिन्छन् र विजय हासिल गर्छन्। एक देशका जनताको सङ्घर्षलाई अर्को देशको जनताले समर्थन र सहयोग दिन्छन्। एक देशको स्वतन्त्रता र मुक्ति आन्दोलनलाई अर्को देशका स्वतन्त्रता र मुक्तिको निम्ति सङ्घर्ष गरिरहेका जनताले समर्थन गर्छन्।

यस्तो अवस्थामा हाम्रा लेखक, कवि र कलाकारहरूको के कर्तव्य हुन्छ ? लेखक, कवि र कलाकारहरूले पनि देशका जनताले जस्तै अरू देशका जनताको सङ्घर्षलाई समर्थन र सहयोग पुग्ने काम गर्नुपर्छ। आज एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका करोडौँ करोड जनता स्वतन्त्रता र मुक्तिको निम्ति उठिसकेका छन्, तिनीहरूले स्वतन्त्रता र मुक्ति प्राप्त गर्दै छन्- साहित्यकारहरू पनि त्यसबाट अलग्ग रहन सक्दैनन् र रहेका पनि छैनन्। उदाहरणको निम्ति, भियतनाम र हिन्द-चीनी जनताको संयुक्त राज्य अमेरिकी साम्राज्यवादविरोधी सङ्घर्षमा संसारका विभिन्न देशका जनताले हिन्द-चीनी जनताको समर्थन र सहयोग गरेका थिए। संसारका विभिन्न देशका लेखक, कवि र कलाकारहरूले पनि कविता, कहानी, निबन्ध, नाटक, चित्र र रिपोर्टहरू लेखेर हिन्द-चीनी जनतालाई समर्थन र सहयोग गरे, प्रशंसा र जय जयकार गरे, आक्रामकहरूको विरोध र निन्दा गरे। नेपालका लेखक, कवि र कलाकारहरूले पनि भियतनाम र हिन्द-चीनी जनताको समर्थनमा कलम उठाए। तिनीहरूको जय जयकार गरे। जनतासँग मिलेर तिनीहरूले साम्राज्यवादको निन्दा र विरोध गरे। अन्त्यमा हिन्द-चीनी जनताको जित भयो र आक्रामकहरूको हार भयो। हिन्द-चीनी जनताको विजय नेपाली साहित्यकारहरूको निम्ति पनि खुशीको समाचार हो।

विदेशमा भइरहेको स्वतन्त्रता र मुक्ति सङ्घर्षलाई समर्थन गरेर आफ्ना देशका जनतालाई के फाइदा हुन्छ ? विदेशमा भैरहेको स्वतन्त्रता र मुक्ति सङ्घर्षलाई समर्थन गर्नु हाम्रो अन्तर्राष्ट्रिय कर्तव्य हो। यो भावना, सिद्धान्त र आदर्शको कुरो मात्रै होइन। ती देशका जनताको सङ्घर्षबाट हाम्रा देशका जनताले पनि शिक्षा लिन्छन् र सङ्घर्ष गर्न प्रेरणा पाउँछन्। ताली एक हातले बज्दैन। अरू देशका जनताले पनि हाम्रो देशको सङ्घर्षलाई समर्थन गर्नेछन्। हिजोको सैद्धान्तिक समर्थन भोलि एक भौतिक समर्थनमा बदलिनेछ। हाम्रो समर्थनले तिनीहरूलाई लड्नमा हौस्याएजस्तै तिनीहरूको समर्थन र सहयोगले हाम्रो सङ्घर्षलाई बलियो बनाउनेछ। त्यसकारण, हामीले देश-विदेशका जनताको स्वतन्त्रता र मुक्ति सङ्घर्षलाई पूर्णरूपले समर्थन गर्नुपर्छ।

विदेशमा भैरहेको स्वतन्त्रता र मुक्ति सङ्घर्षलाई समर्थन गर्नु हाम्रो अन्तर्राष्ट्रिय कर्तव्य मात्र होइन। यो आफ्नै सङ्घर्षको समर्थन जत्तिकै हो। कुनै थिचिएका देशका जनताको हार हुन्छ भने त्यो आफ्नै देशको पराजय हुन बेर छैन। किनभने, ती थिचिएका देश र जनतालाई दमन र शोषण गर्ने विजयी आक्रामकहरू हाम्रो देशमा पनि आक्रमण र दमन गर्न आउनेछन्। यसकारण, साम्राज्यवाद, उपनिवेशवाद र सबै प्रकारका विस्तारवाद हाम्रा साझा शत्रु हुन्। तिनीहरूलाई हराउनु हाम्रो अघिल्लो विजय हो। थाहै छ, एक देशमा मार खाएको डाँकुले अर्को देशमा त्योभन्दा चर्को मार खान्छ र हुँदा हुँदा आखिरमा उसले पूर्णरूपले हार नखाई सुखै हुन्न। यसरी हामी हाम्रो सम्भावित र साझा शत्रुलाई पहिले नै पराजित गर्न सफल हुनेछौँ।

तर, हाम्रा केही साथीहरू ‘विदेशी कुरा छोड् हाम्रो देशको मात्रै कुरा गर’ भन्ने नारा लगाउँछन् वा फलाको गर्छन्। तर, इतिहासले हामीलाई बताउँछ कि एक देशका शत्रुलाई अर्को देशका जनताले सजाय गरेका छन्। चीनको ताइपेह विद्रोहलाई दबाउने बेलायती उपनिवेशवादी डाँकु र ज्यानमारा गोर्डनलाई अफ्रिकी जनतालाई लुटपाट गर्न जाँदा सुडानी जनताले सजाय गरेका थिए। एक देशका जनतालाई दबाउने उपनिवेशवादी लुटेरा र ज्यानमाराहरूलाई अरू देशका जनताले सजाय गरेका उदाहरण थुप्रै पाइन्छन्। अमेरिकाको बेलायती साम्राज्यवादविरोधी स्वतन्त्रताको सङ्घर्षमा फ्रान्स र युरोपेली जनताले अमेरिकी जनतालाई मद्दत गरेका थिए। फ्रान्सेली क्रान्तिमा फ्रान्सेली जनताले अमेरिकी क्रान्तिबाट प्रेरणा पाएका थिए। संसारका सबै मजदुर आन्दोलनको अनुभवबाट रुसी क्रान्तिले सफलता प्राप्त गरेको थियो।

संसारका हरेक स्वतन्त्रता सङ्ग्राम र क्रान्तिहरूमा अरू देशका जनताको पनि योगदान भएको हुन्छ। विदेशी जनताको सहयोग, समर्थन वा योगदानबिना स्वतन्त्रता र मुक्ति सम्भव थिएन र छैन। तर, ‘विदेशका कुरा नगर्ने’ फलाकावादीहरू इतिहासबाट सिक्न चाहँदैनन्। तिनीहरू साँचो अर्थमा स्वतन्त्रता र मुक्ति चाहँदैनन्। तिनीहरू अन्ध-राष्ट्रवादी र सङ्कीर्ण राष्ट्रवादीहरू हुन्। तर, संसारका मजदुर, किसान र क्रान्तिकारी जनतालाई थाहा छ कि अरू देशका कामदार जनता स्वतन्त्र र मुक्त नभएसम्म आफ्नो देशको कामदारवर्गले पनि साँचो र अन्तिम स्वतन्त्रता एवम् मुक्ति पाउँदैन। यसकारण, हामीमा अन्तर्राष्ट्रवादी भावना हुनुपर्छ। हामी अन्तर्राष्ट्रवादी हौँ। मजदुर, किसान र क्रान्तिकारी जनता अन्तर्राष्ट्रियवादी हुन्। मजदुर, किसान र जनताले जुन कुरो मन पराउँछन्, साहित्यकारहरूले पनि त्यसलाई मन पराउन जान्नुपर्छ। यसकारण, साहित्यकारहरू पनि अन्तर्राष्ट्रवादी हुनुपर्छ। तिनीहरूले आफ्नो अन्तर्राष्ट्रवादी कर्तव्यलाई पूरा गर्नुपर्छ। आफ्नो देशको क्रान्तिको निम्ति यो धेरै महत्त्वपूर्ण कुरा हो।

कविता

# आफूलाई बिर्सने मेरा साथीहरूलाई

*अरूको भलाइ नै आफ्नो स्वार्थ सम्झने*
*देश र जनताको कार्यमा आफूलाई बिर्सिदिने*
*ए, मेरा साथीहरू*
*होस् गर -*
*देखावटी सहानुभूति र*
*दुई-चार छाकले तिमीहरूलाई किन्न खोज्ने*
*परिवारको यहाँ कमी छैन,*
*आफ्नो कार्य नसिद्धिएसम्म तिमीहरूलाई*
*ज्वाइँ सम्झी टाउकोमा राख्ने*
*राक्षसनीहरूको यहाँ कमी छैन।*
*याद गर मेरा साथीहरू*
*आफ्नो काम पटाउना साथ तिनीहरूले*
*दूधको झिँगा जस्तै तिमीहरूलाई फाल्नेछन्।*
*अरूको काममा आफूलाई बिर्सने साथीहरू*
*अरूकै कामको निम्ति*
*विश्वविद्यालयलाई बिचमै छोड्ने*
*तिमीहरू अरूको जागिरको निम्ति लड्न*
*आफ्नो जागिरलाई गुमाउने तिमीहरू*
*यही देशको निम्ति*
*आफ्नो घरको बन्धनलाई चुँडालेर फाल्नेहरू*
*आफ्ना सबै आफन्त र जाल-भेललाई छोड्नेहरू*
*साझा उद्देश्यकै निम्ति*
*आफ्ना सबै झिटी-मिटीलाई*
*च्यातचुत पारेर मिल्काउने तिमीहरू*
*तर ध्यान दिएर सुन*
*मेरा प्यारा साथीहरू*
*गोबरमा स्याउँ-स्याउँती परेका कीराहरू*
*तिमीहरूबारे के भन्दैछन् -*
*यिनीहरूको कुनै घर-बार छैनन्,*
*यिनीहरूसँग विश्वविद्यालयका*
*प्रमाणपत्रका मालाहरू पनि छैनन्*
*एक मोटो रकम आउने*
*कमाइ यिनीहरूको छैन*
*हेर्दैनन् आफन्तहरूले पनि यिनीहरूलाई,*
*घर-खेत र जात-पात नभएका यिनीहरू*
*बङ्ला र मोटरकार बनाउने कामहरू*
*गर्दैनन् यिनीहरू,*
*हल्ला मचाउनुबाहेक यिनीहरू*
*केही गर्न सक्दैनन्*
*छोरी दिने कुरो आउँदैन यिनीहरूलाई।*
*आफूलाई बिर्सने मेरा साथीहरू*
*पैसामा आफूलाई बेचिएका*
*यी कुहेका नोकर र चाकर्नीहरूको*
*यी घीनलाग्दा वाक्यहरूबाट तिमीहरू*
*पटक्कै विचलित नहुनु,*
*घर-खेत र पैसालाई*
*आफ्ना छोरीहरू बेच्ने पातकीहरूको*
*हेँलामा तिमीहरूले चित्त नदुखाउनु,*
*नाफाको निम्ति, मात्र नाफाको निम्ति*
*आफू र आफ्ना छोरीहरूलाई*
*बजार र अड्डामा बेच्न तयार*
*ती खान्दानी महिलाहरूको*
*नीचतापूर्ण अपमानबाट तिमीहरू*
*दिक्क नमान,*
*महिनाको २-४ सयको निम्ति*
*छोरीलाई अरूको पिछलग्गू बनाउने*
*२-४ हजार पैसाको निम्ति*
*आफ्नो कला, संस्कृति र देशलाई बेच्न तयार*
*ती भलादमीहरूको होचोहरूबाट तिमीहरूले*
*आफ्नो धैर्यलाई कहिल्यै नटुटाउ।*
*जात-पात र ईश्वर पूजेर*
*आफ्नो नाङ्गो नाच हेरेर अघाएका,*
*अरूको पसिनाको भरमा घमण्डले*
*दिनभर घर बसी*
*अरूको निन्दा र चर्चामै बाँचेका*
*कुहेका विचारले ग्रस्त पिसाचनीहरूको*
*कटू वचनले तिमीहरू*
*अलिकति पनि नडग्नु,*
*बरु तिमीहरू*
*अझ जोश र रीसले*
*समाजका कुरीतिहरूको विरोधमा*
*आफ्नो घृणालाई झन् फैलाउनु,*
*भित्रभित्रै समाजलाई बिगार्ने*
*बोक्सी र वैद्यहरूका चरित्रहरूलाई निर्ममतापूर्वक*
*स्वार्थको गोबरमा स्याउँ-स्याउँती*
*उम्रेका ती कीराहरू र*
*नालीको फोहरमा उडिरहने*
*ती सेता कीराहरूको गाली-सराप*
*घमण्ड र जाल-झेललाई*
*खुट्टाले कुल्चिँदै अगाडि बढ्नु*
*समाजका शत्रुहरूको सेखी झार्ने तिमीहरू*
*झन् जोश र साहसले*
*गौरवपूर्ण बाटोमा लम्किरहनु*
*आफ्नो आजुतिर बढिरहनु*
*आफूलाई बिर्सने मेरा साथीहरू।*

# 'भारतीय कम्युनिस्ट नेताहरू' पुस्तकबारे एक चर्चा

✍ समा

भारतीय विस्तारवाद र एकाधिकार पुँजीको थिलथिलो भोगिरहेका नेपाली जनतालाई भारतभित्रै शोषितपीडित जनताको अर्को भारतबारे निकै कममात्र जानकारी होला । भारतमा आज पनि बहुसङ्ख्यक जनता शोषितपीडित नै छन् । सामन्त र पुँजीपतिवर्गको हालीमुहाली चलेको भारतको महत्त्वपूर्ण पाटो भने त्यहाँको कामदार वर्गीय मुक्ति सङ्घर्ष, शोषण–उत्पीदनविरुद्धको आन्दोलन, साम्राज्यवाद र बेलायती उपनिवेशविरुद्धको जनसङ्घर्ष हुन् । यो पाटोलाई भारतीय शासकहरूले सधैँभरि छोप्न खोजे । भारतीय शासकहरूको ज्यू–हजुरी गर्ने नेपालका शासकहरूले पनि नेपाली जनतालाई भारतको वास्तविकता कहिल्यै बताएनन् ।


यथार्थ के हो भने नेपालको राजनीतिक–साहित्यिक वृत्तमा समेत भारतमा शोषित वर्गको अवस्था, कामदारवर्गीय एवम् कम्युनिस्ट आन्दोलनबारे सत्यतथ्य जानकारी दिने नेपाली भाषाका पुस्तकहरू अत्यन्त न्यून छन् । भारतीय शोषित वर्गको हितमा होमिएका योद्धाहरूलाई चिनाउने नेपाली साहित्य या प्रकाशन हातमा गन्न मिल्छ भन्दा फरक नपर्ला ! निश्चय नै कुनै पनि देशको अर्थ भूगोल, जनसङ्ख्या या सिमाना मात्र होइन । देशभित्रको वर्ग, चिन्तन, विचार, सङ्घर्ष र आन्दोलन पनि देश हो । शोषित वर्गको भारतलाई मुक्त गर्न उठेका सङ्घर्षबारे यथोचित जानकारी दिने पुस्तक आजभन्दा १२ वर्ष अघि वर्कर्स पब्लिकेशनले प्रकाशन गरेको रहेछ । वरिष्ठ लेखक महत्तोजीले "भारतीय कम्युनिस्ट नेताहरू" नामको सो पुस्तकमार्फत भारतीय कम्युनिस्ट आन्दोलनको इतिहास, आरोह–अवरोह, सफलता–असफलताबारे सटिक विश्लेषणसँगै आन्दोलनका नेताहरूको सङ्क्षिप्त समालोचनात्मक जीवनी प्रस्तुत गर्नुभएको छ । पुस्तकबारे चर्चा आज पनि सान्दर्भिक होला ।

पुस्तकले नेपाल र भारतको कम्युनिस्ट आन्दोलनबिच तुलनात्मक अध्ययन गर्न सघाउँछ । समयक्रममा भारतको कम्युनिस्ट आन्दोलनभित्र देखापरेका सैद्धान्तिक बेमेल, खोट र फुटहरूले नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारहरूको स्मरण गराउँछ । त्यसो त संसारका पुँजीवादी राजनीतिक दलहरू जस्तै कम्युनिस्ट पार्टीहरू पनि सिद्धान्त, नीति र अन्य कारण फुट्ने र जुट्ने गरेको लामो इतिहास छ, असङ्ख्य दृष्टान्त छन् । आजभन्दा झण्डै १०४ वर्ष अघि अर्थात् १७ अक्टोबर १९२० मा पूर्वी बङ्गालको शक्तिशाली गुप्त क्रान्तिकारी सङ्गठन अनुशीलन समितिका पूर्व सदस्य एमएन रायले तास्कन्दमा (सोभियत रुस) प्रवासी भारतीय कम्युनिस्ट पार्टी (सिपीआई) को स्थापना गरे । २ वर्षपछि सिपीआईका १३ सदस्यहरू भारत पुगे । तर ती सबै मस्को पेशावर षड्यन्त्रको मुद्दामा पक्राउ परे । त्यसपछि शौकत उस्मानी सहित ४ जना प्रवासी भाकपा सदस्य कोमिन्टर्नको छैठौँ महाधिवेशनमा भाग लिए । बेलायती सरकारले १९२४ मा कानपुर षड्यन्त्र र १९२८ मा मेरठ षड्यन्त्रको मुद्दामा धेरै कम्युनिस्ट नेताहरूलाई अभियुक्त ठहर गऱ्यो । त्यसपछि पनि धरपकडका श्रृङ्खला रोकिएन । भारतमा बढ्दो अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको प्रभाव निस्तेज गर्न बेलायती शासकहरूले त्यसो गरेका थिए । पुस्तकका अनुसार यो भारतमा कम्युनिस्ट आन्दोलनको सुरुआती अवस्था थियो ।

दोस्रो विश्व युद्धताका भाकपाको युद्धविरोधी अडानका कारण बेलायती शासकले भाकपामाथि प्रतिबन्ध लगायो । हिटलरले सोभियत सङ्घमाथि युद्धको घोषणा गरेपछि बल्ल भाकपाले जनयुद्धको घोषणा गरेको थियो । युद्धमा सोभियत सङ्घले बेलायतको पक्ष लिएपछि भाकपामाथि प्रतिबन्ध फुक्यो । त्यही समय गान्धी र भारतीय राष्ट्रिय काङ्ग्रेसले स्वतन्त्रता आन्दोलन छेड्यो । भाकपा अन्तर्राष्ट्रिय कर्तव्य निर्वाह गर्ने भन्दै काङ्ग्रेसको 'भारत छोड' आन्दोलनबाट टाढा बस्यो । जनलहर काङ्ग्रेसको स्वतन्त्रता आन्दोलनको पछाडि थियो । १५ अगष्ट १९४७ मा भारत स्वतन्त्र भयो ।

शासनसत्ता फेरि पनि पुँजीपति शासकहरूकै हातमा थियो । डांगेसहित भाकपाका केही नेता नेहरू नेतृत्वको काङ्ग्रेससँग एकता गर्न चाहन्थे । कम्युनिस्ट नेता रणदिवेले भने भारतको स्वतन्त्रता नाम मात्रको दाबी गर्दै चिनियाँ शैलीको क्रान्तिको पक्षमा उभिए । उनले सशस्त्र सङ्घर्षको कलकत्ता अवधारणा तयार गरे । डांगे नेहरूको पछि लागेपछि रणदिवे भाकपा महासचिवमा चुनिए । तत्काल तेलंगाना किसान विद्रोह सुरु गरे । केही समयमै ३ हजार गाउँको ४१ हजार वर्ग किमी क्षेत्रफल विद्रोही इलाका घोषित भयो । त्यो विद्रोह त्रिपुरा, त्राभान्कोर र पश्चिम बङ्गालमा फैलियो । विद्रोहमाथि नेहरू प्रशासनले निर्ममतापूर्वक दमन गऱ्यो ।

स्तालिनको मृत्युपछि सोभियत रुसमा खुस्चेभले संशोधनवादी मात्र होइन सामाजिक साम्राज्यवादी नीति लियो । एमएन राय र डांगेहरूले पनि भारतको कम्युनिस्ट आन्दोलनमा संशोधनवादी विचार भित्र्याए । सन् १९६२ मा भारतीय प्रतिक्रियावादीहरूले बढ्दो कम्युनिस्ट आन्दोलन दबाउन बेलायती अमेरिकी साम्राज्यवादीहरूसँग मिलेर नेहरू प्रशासनले भारत–चीन सिमा भिडन्त चर्कायो । त्यतिबेला चीन र रुसको पनि सैद्धान्तिक कारण मतभेद सुरु भएको अवस्था थियो । रुसले संसोधनवादी नीति लिएको प्रति चीनले खण्डन गर्दै थियो । सिमा भिडन्तमा डांगे, ए के गोपालन, मुज्जफर अहमद र संशोधवादीहरूले नेहरूको पक्ष लिए, चीनको विरोध गरे । बी.टी रणदिवे, पी सुन्दरैया, पी.सी.जोशी, बासु पुनैया, ज्योति बसु, हरिकिसन सिँहलगायतका कम्युनिस्ट नेताहरूले चीनको समर्थन गरे । भूपेश गुप्ता अस्थिर देखिए । अजय घोषले एकताको प्रयास गरिरहे भन्ने जानकारी पुस्तकमा छ । डांगेले भारतको कम्युनिस्ट आन्दोलनको सिद्धान्तमा अलमलिएपछि आन्दोलनले अर्को मोड समात्यो । पश्चिम बंगालमा वामपन्थीहरूले भूमिगत एकाइ सुरु गरे । १७ हजार पार्टी सदस्यमध्ये १४ हजार वामपन्थीको पक्षमा उभिए । नम्बुदिरिपाद र ज्योती बसुहरूले डांगेको संशोधनवादी नीतिको विरोध गरे । वामपन्थी धारका सम्पूर्ण कम्युनिस्ट नेताहरू डांगेसँग छुटिए । सन् १९६४ अक्टोबर १३ देखि नोभेम्बर ७ सम्म कलकत्तामा भएको पार्टी महाधिवेशनले भारतीय कम्युनिस्ट पार्टी मार्क्सवादीको जन्म गरायो । पी.सुन्दरैया महासचिव बने । पुस्तकमा उल्लेख छ - "सन् १९६५ को केराला राज्य विधानसभाको निर्वाचनमा भाकपाको ७९ उम्मेदवारमध्ये ३ जनामात्र विजयी भए र ५० हजार मत अर्थात ८.३० प्रतिशत प्राप्त गऱ्यो । भाकपा (मार्क्सवादी) को ७३ उम्मेदवारमध्ये ४० जना विजयी भए । झण्डै १३ लाख मत अर्थात् १९.८७ प्रतिशत मत प्राप्त गऱ्यो ।" यसले डांगे नेतृत्वको भाकपा कमजोर हुँदै गएको देखाउँछ । डांगेले १९७० मा फेरि भारतीय काङ्ग्रेससँग मिल्ने नीति लिँदा भाकपाभित्र पुनः फुट भयो र डांगे एक्लिए । पटक पटक गरी पार्टी धेरै टुक्रामा विभाजित भयो । भाकपा (मार्क्सवादी) पनि चारु मुजमदारको नक्सलवारी आन्दोलनका कारण टुक्रिएर भाकपा (मार्क्सवादी-लेनिनवादी) बन्यो । त्यसबाट पनि टुक्रिएको इतिहास पुस्तकमा पढ्न पाइन्छ ।




पुस्तकभित्र २२ जना भारतीय कम्युनिस्ट नेताहरूको समालोचनात्मक जीवनी प्रस्तुत छ । कम्युनिस्ट आन्दोलनमा तिनको योगदान र व्यक्तित्वबारे चर्चा छ । मानवेन्द्रनाथ राय (सन् १८८७-१९५४) अर्थात् एमएन राय अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा परिचित नाम नै हो । सुरुमा सोभियत रुसबाट प्रभावित भएर भारतीय कम्युनिस्ट पार्टी स्थापनामा अगुवाइ गर्ने उनको खास नाम नरेन्द्रनाथ भट्टाचार्य हो । उनले मार्क्सवादी साहित्य अध्ययन सँगै पार्टीको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा जोड दिए । अध्ययन र चिन्तनका मामिलामा नेता लेनिनले पनि उनको प्रशंसा गर्नुहुन्थ्यो । लेनिनको थेसिसको विकल्पमा रायको विचार अघि सारिएको घटना पनि पुस्तकले खोतलेको छ । तर राय रुसबाट पलायन भए । स्तालिनको विरुद्धमा त्रोत्स्की र जिनोभियभ गुटसँग मिल्न गए । उनको मार्क्सवादी चिन्तनमाथि धार्मिक र आतङ्कवादी विचारको बादल लाग्यो ।

पुस्तकमा लेखिएको छ - "उनी बुखारिन, कामेनेभ र त्रोत्स्की जस्ता अराजकतावादी र लेनिनवादविरोधीहरूको शिविरमा पुगे । उनको बौद्धिक प्रखरताले नै उनलाई बौद्धिक व्यक्तिवादी र अहङ्कारी बनायो ।" यद्यपि, भारतीय स्वतन्त्रता सङ्घर्षमा एक नौजवानको हैसियतले उनको योगदान कम मान्न सकिन्न । गान्धी र काङ्ग्रेसले "भारत छोड् आन्दोलन" सुरु गर्दा भने उनको मत बेग्लै थियो । त्यतिबेला उनी साम्यवादको निन्दा गर्दै काङ्ग्रेसमा प्रवेश गरिसकेका थिए । 'परिवर्तनवादी मानवतावाद' बारे उनको धारणा र विचार मार्क्सवादी धारबाट बाङ्गिएको थियो । उनमा रहेको व्यक्तिवादी प्रवृत्ति, अस्थिरता र मनोगत कमीकमजोरी विस्तारै सतहमा आयो । राजनीतिक अनुशासनसँगै सिद्धान्तमा चिप्लिएका एक नेताको रूपमा एमएन रायको आलोचना भारतीय कम्युनिस्ट आन्दोलनमा हुन्छ ।

मुजफ्फर अहमद (सन् १८८९–१९७३) लाई भारतीय कम्युनिस्ट आन्दोलनका पहिलो कम्युनिस्ट या पार्टी संस्थापक मानिन्छ । गरिबी र दुःख कष्टमा हुर्केका उनले आफ्नो अध्ययनका लागि पनि खुब मेहनत गरे । साहित्यको अध्ययनमा रुची राख्ने उनी सन् १९१५ तिरै बङ्गला साहित्य परिषद्को सचिव भए । उनले साहित्यमार्फत् राजनीतिको सेवा गर्ने बाटो चुने । पुस्तकका अनुसार सन् १९२० मा कवि काजी नजरुल इस्लामसँग मिलेर 'नयाँ युग' भन्ने बङ्गाली दैनिक निकाले । त्यो कम्युनिस्ट पत्रिका हो भन्ने प्रेस मालिकलाई थाहा भएपछि प्रकाशन रोकियो । त्यतिबेलासम्म मुजफ्फरलाई समाजवाद र साम्यवादबिच भिन्नता थाहा थिएन । तब उनको ध्यान सोभियत रुसले तान्यो । उनले मार्क्सवादी साहित्य खोजीखोजी पढ्न थाले । भाकपा नेता डांगे, शौकात उस्मानीसँग भेटघाट बढ्यो । मुजफ्फरले बम्बईबाट निस्किने डांगेको 'समाजवाद' भन्ने पत्रिका पढ्न थालेका थिए । बिस्तारै उनी कम्युनिस्ट आन्दोलनको हिस्सा बने । सन् १९२९ मार्च २० मा उनी मेरठ कम्युनिस्ट षड्यन्त्र मुद्दामा परे । सन् १९३३ मा उनलाई आजीवन कालापानी सजाय सुनाइएको थियो । अपिल पछि ३ वर्षको सजाय भयो । सन् १९६२ मा भएको भारत चीन सीमा सङ्घर्षमा उनलाई रुसविरोधी र चीन समर्थकको रूपमा पक्राउ गऱ्यो । भारतीय कम्युनिस्ट र भारतीय जनता उनलाई तल्लो वर्ग र दुःख कष्टबाट माथि उठेका एक नेताको रूपमा स्मरण गर्छन् ।

भारतीय स्वतन्त्रता सङ्घर्ष र कम्युनिस्ट आन्दोलनमा एउटा चिरपरिचित नाम रजनी पाम दत्त (सन् १८९६-१९७४) हो । उनी बेलायती कम्युनिस्ट पार्टीका नेता थिए । उनले भारतको कम्युनिस्ट आन्दोलनमा वैचारिक सहयोग पुऱ्याए । घरबाटै राजनीतिक कक्षा सुरु गर्ने नेता थिए उनी । साम्राज्यवाद विरोधी भावना भएका उनी रुसी कम्युनिस्ट पार्टीको नीतिका समर्थक थिए । भारतमा स्वतन्त्रता आन्दोलनसँगै समाजमा देखापरेका सङ्कीर्णतावाद, जातिवाद र साम्प्रदायिकतालाई पन्छाउने अभियान अघि बढ्नुपर्ने उनको विचार थियो । उनले सन् १९३६-३९ मा 'आधुनिक भारत' पुस्तक लेखे । भारतको निम्ति मार्क्सवादी व्याख्या भएको पहिलो पुस्तक थियो त्यो । स्वतन्त्रता आन्दोलनको निम्ति भारतको सामाजिक, आर्थिक र राजनीतिक बनावटको विश्लेषण उनले गरे । उनले थुप्रै पुस्तक र रचनाहरू प्रकाशन गरे । भारतमा बेलायती उपनिवेशवादको चिरफार गरे । बेलायती अर्थशास्त्रीहरूको कर्तुत उदाङ्ग्याए । त्यतिमात्र होइन भारतमा जनसङ्ख्या वृद्धिको अवस्थामा माल्थसको सिद्धान्तलाई मार्क्सवादी आँखाले विवेचना गर्ने नेता पनि उनी नै थिए । उनी बौद्धिक चिन्तन र आफ्ना रचनाहरूको कारण भारतको कम्युनिस्ट आन्दोलनमा लोकप्रिय बने ।

श्रीपाद अमृत डांगे (सन् १८९९-१९९१) भारतीय कम्युनिस्ट आन्दोलनमा चर्चा भइरहने नाम हो । देशको स्वतन्त्रताको पक्षदेखि लेनिनको विचार अर्थात् सोभियत रुसको समाजवादका पक्षपाती बने उनी । पछि स्तालिनको मृत्युपछि खुस्चेभहरूले लिएको संशोधवादी नीतिको पनि समर्थन गरे । उनले समातेको लाइनका कारण भाकपाभित्र सैद्धन्तिक मतभेद सुरु भयो । सशस्त्र सङ्घर्षका पक्षपाती रणदिवे लगायतका नेताले तेलङ्गाना, त्रिपुरा, ट्राभनकोर र पश्चिम बङ्गालमा सशस्त्र विद्रोह गर्दा उनी शान्तिपूर्ण सङ्क्रमणको बाटोमा हिँडे । उनी गान्धी र नेहरूको पछि लागे । सन् १९६२ को चीन भारत सिमा भिडन्तमा उनले चीनको विरोध गरे । डांगेको पतन त्यहिबाट सुरु भयो । भाकपामा फुट आयो । सन् १९६७ महानिर्वाचनमा डांगेकै कारण भाकपा कमजोर बनेको दृष्टान्तबारे चर्चा भइसकेको छ । सन् १९६९ मा अखिल भारतीय मजदुर महासङ्घ पनि फुट्यो । लगत्तै कलकत्तामा भारतीय मजदुर सङ्घहरूको केन्द्र बन्यो ।

डांगे काङ्ग्रेससँगै पुच्छर बनेर बङ्गलादेशको समर्थन र इन्दिरा गान्धीको सङ्कटकाल र राष्ट्रपति शासनको समर्थनमा उत्रे तब उनी भाकपाबाट निकालिएका हुन् । उनले अखिल भारतीय कम्युनिस्ट पार्टी खोले । त्यहाँबाट पनि डांगे निकालिए । दुबै पार्टी मिलेर संयुक्त सङ्गठन 'युसिपिआई' गठन गरियो । तर भारतमा त्यसको प्रभाव शून्यजस्तै छ । यसरी सिद्धान्तमा चिप्लेको डांगेको राजनीतिक पतन भएको जानकारी पुस्तकले दिन्छ । कम्युनिस्ट आन्दोलनमा डांगे एक विवादास्पद व्यक्ति रहे । यद्यपि, उनलाई बहुआयामिक वा बहुमुखी नेताको रूपमा स्मरण गरिन्छ । भाकपाबाट निकालिँदा उनी इन्दिरा गान्धीतर्फ लाग्छन् भन्ने अनुमान गरिएको थियो । तर उनी नेहरू र गान्धीकै पछि लागे ।

भारतीय कम्युनिस्ट आन्दोलनका हस्तीहरू दादा अमिर हैदर खान, बालचन्द्र त्रिम्बाक रणदिवे, त्रिपुराका मुख्यमन्त्रीसमेत बनेका नृपेन चक्रवर्ती, सज्जाद जहीर, पी. कृष्णा पिल्लाईको जीवन र कम्युनिस्ट आन्दोलनमा तिनको योगदान साँचै ऊर्जाप्रदायक छ । भारतको पहिलो कम्युनिस्ट राज्य केरलामा कम्युनिस्ट पार्टीको स्थापना पी.कृष्णा पिल्लाई (सन् १९०६-१९४८) ले गरेका थिए । केरलामा कम्युनिस्टहरू जित्दा शिक्षा, स्वास्थ्य र किसानहरूको जीवनमा आएको परिवर्तनबारे पुस्तकमा चर्चा छ । केरलामा अहिलेपनि कम्युनिस्टहरूको प्रभाव छ । कोभिड १९ महामारीमा जनतालाई सङ्क्रमणबाट जोगाउन केरला सरकारले गरेको काम विश्वले प्रशंसा गऱ्यो । केरलामा हुने राजनीतिक, सांस्कृतिक, आर्थिक र सामाजिक गतिविधिको केरला मोडेल आज पनि स्थापित छ ।

पुस्तकले कम्युनिस्ट आन्दोलनका नेताहरू पुरनचन्द्र जोशी, अजय घोष, पी.रामामूर्ति, ई.एम.एस.नम्बुदिरिपाद, पुचलापाल्लि सुन्दरैया, ज्योति बसुको जीवन र सङ्घर्ष उजिल्याएको छ । नेता ज्योति बसुले भारत चीन सिमाविवाद कम्युनिस्ट आन्दोलन दबाउन उछालिएको मुद्दा भन्दै विरोध गरे र रुसको संशोधनवादी लाइनको बुद्धिमत्तापूर्ण विरोध गरे । कम्युनिस्ट आन्दोलनमा एक सरल र इमान्दार नेताको रूपमा बसु परिचित छन् । माकिनेनि बासुपुनैया, हरकिशन सिंह सुरजीत, टी नागी रेड्डी पनि भारतीय कम्युनिस्ट आन्दोलनका पढ्नैपर्ने नामहरू हुन् ।

चारु मजुमदार (सन् १९१८-१९७२) भारतीय कम्युनिस्ट आन्दोलनमा एउटा फड्को या फरक धारको नाम हो । उनी भारतमा सशस्त्र कम्युनिस्ट विद्रोह नक्सलवारी आन्दोलनका प्रणेता हुन् । बङ्गालमा जन्मेका उनी किसान आन्दोलनहरूका साक्षी थिए । चारु रुसमा स्तालिनको मृत्युपछि खुस्चेभहरूले थालेको साम्राज्यवादी गतिविधिका प्रखर विरोधी थिए । चीनले समातेको सैद्धान्तिक बाटो या क्रान्तिका पक्षपाति थिए, चारु । यद्यपि, उनको तरिका गलत थियो । सन् १९६७ मा पश्चिम बङ्गालमा संयुक्त सरकार गठन भएपछि उनले सशस्त्र क्रान्तिमाथि धोखाको अनुभव गरे र मई २५ का दिन नक्सलवारीमा ऐतिहासिक किसान विद्रोह सुरु गरे । संयुक्त सरकारले चर्को दमन गऱ्यो । तर आन्दोलनको प्रभाव तामिलनाडु, केराला, उत्तर प्रदेश, विहार, कर्णाटक, उडिसा र बंगालका विभिन्न ठाउँसम्म पर्यो । र सन् १९६९ अप्रिल २ मा भाकपा (मार्क्सवादी-लेनिनवादी) स्थापना गरियो । चारु महासचिवमा चुनिए । चारु धेरैपटक पक्राउ परे, भूमिगत भएर पनि काम गरे । उनले सुरु गरेको नक्सलवारी आन्दोलन पनि खोटपूर्ण साबित भयो । पुस्तकमा आन्दोलनको समीक्षा छ – वर्ग दुश्मनको सफाया, चीनको अध्यक्ष हाम्रो अध्यक्ष, चीनको बाटो हाम्रो बाटो, जसको हात वर्ग शत्रुको रगतले रातो हुँदैन, त्यो कम्युनिस्ट हुँदैन, भारतमा क्रान्तिपछि मात्र संयुक्त मोर्चा हुन्छ, पार्टी र नेतालाई स्थापित गर्नेबारे, स्थानीय हातहतियारले सशत्र पार्ने र वर्ग दुश्मनमाथि प्रहार गर्ने, सबै पुँजीपतिवर्ग विदेशी दलाल हुन् भन्ने जस्ता बुझाइ र नक्सलवारी आन्दोलनको सैद्धान्तिक अडान वामपन्थी अवसरवादी विचार हो भन्ने पुष्टि भयो । वर्गशत्रु सफाया र व्यक्ति हत्या उही हो । अराजकतावाद र मार्क्सवाद एउटै हुन सक्दैन भन्ने आवाज उठ्यो । चीनको अध्यक्षलाई अध्यक्ष मान्ने सवालमा चिकपाले नै खण्डन गरेको थियो भन्ने पढ्न पाइन्छ । देश–देशको फरक फरक परिस्थिति हुन्छ । देशको माटो सुहाउँदो ढङ्गले मार्क्सवादको व्याख्या गर्नु बुद्धिमत्तापूर्ण हुने सन्देश पनि दिए ।

चारु मजुमदारपछि कानु सन्याल, नागि रेड्डी, कामरेड अपु, सरोज दत्त, सत्यनारायणलगायतका नेताहरूले पश्चिम बङ्गाल, आन्ध्र प्रदेश, तामिलनाडु, विहार आदि प्रान्तमा पार्टी गतिविधि अघि बढाए । त्यसमध्ये नेता नागभूषण पटनायक (सन् १९३५-१९९८) ले चारु मजुमदार नेतृत्वको भाकपा (मा.ले) को व्यक्तिगत आतङ्कवाद, निर्वाचनको बहिस्कार, चीनको बाटो जस्ता 'वामपन्थी' अवसरवाद र संशोधनवादको विरोधमा आफ्नो मत राखे । कोरा सिद्धान्तवाद र दक्षिणपन्थी अवसरवादको विरोधमा उनले संसदीय मञ्चको प्रयोगबारे लेनिनवादी नीतिको वकालत गरे । भारतको कम्युनिस्ट आन्दोलनमा वामपन्थी अवसरवादविरुद्ध खरो उत्रने नेता उनै हुन् ।

यसरी पुस्तकले २२ जना भारतीय कम्युनिस्ट नेताहरूको जीवन आकृतिमा कम्युनिस्ट आन्दोलनको शताब्दी लामो इतिहास पस्केको अनुभव हुन्छ । भारतको कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचार, डांगेको दक्षिणपन्थी र चारुको वामपन्थी अवसरवाद पढिरहँदा नेपालको कम्युनिस्ट आन्दोलनका अवसरवादीहरूको झल्को मिल्छ । पुस्तकले नेपालको कम्युनिस्ट आन्दोलनको आजको अवस्था विश्लेषण गर्न र सच्चा कम्युनिस्ट नेताहरूबाट ऊर्जा प्राप्त गर्न सघाउँछ । अत्यन्त पठनीय पुस्तकका लेखक महत्तोजीप्रति सम्मान छ । वर्तमान भारतको पृष्ठभूमि अर्थात् अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा भारतको स्थान थाहा पाउन नपढी नहुने र राजनीतिशास्त्रका विद्यार्थीले छुटाउनै नहुने यस पुस्तकका प्रकाशकप्रति साधुवाद छ ।

**के...**
अवस्था समाप्त हुनु जरुरी छ । एक सचिवले 'सिंहदरबार भ्रष्टाचारको अखडा भएको' बताउनुभएको थियो । यो भनाइ अप्रत्यक्षरूपमा प्रधानमन्त्री र मन्त्रीहरूतिरै सोभिएको हो ।

सरकार परिवर्तनसँगै मुख्य मुख्य कर्मचारीहरूको फेरबदल हुने अभ्यास सुरु गर्ने हो कि ? देशको छिटो विकास र सुशासनको लागि सङ्घीय सेवामा देशभरिका नागरिक, प्रदेश सेवामा प्रदेशका नागरिक र स्थानीय सेवामा सम्बन्धित स्थानीय सेवाका नागरिक नियुक्ति हुने व्यवस्था गर्नु जरुरी छ । स्थानीय भाषा बोल्ने र बुझ्ने कर्मचारीबाट स्थानीय जनताको थप सेवा हुनेछ ।

देशको सन्तुलित विकासको निम्ति जनप्रतिनिधि र कर्मचारीलाई आ-आफ्नो जिल्लामा मात्र घरजग्गा किन्न पाउने व्यवस्था गर्नु आवश्यक छ । काठमाडौँको सुविधा जिल्ला-जिल्लामा पुऱ्याउनु जरुरी छ ।

विधेयकमा स्वास्थ्य सेवा समूह पनि थप हुनु जरुरी छ । नेपाली सेना र नेपाल प्रहरीको सेवा निवृत्त हुने उमेर एउटै बनाइनु उपयुक्त हुनेछ । प्रधानमन्त्री, मन्त्री र कर्मचारीको लागि खाद्यान्न उत्पादन गर्ने मजदुर किसानलाई पनि ६० वर्षपछि निवृत्तिभरण दिने विधेयक सरकारले ल्याउनु जरुरी छ ।

राजनीति देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने क्षेत्र हो । प्रधानमन्त्री, मन्त्रीदेखि सबैबाट हुने भ्रष्टाचार, कमिसन, कालोबजारी, पक्षपात, नातावाद, बेइमानीको विरोध गरेकोलाई 'राजनीति' भनी आरोप लगाई कारबाही हुने प्रावधान विधेयकमा राख्नु हुँदैन ।

संविधानमा कर्मचारीको ट्रेड युनियन गठनको व्यवस्था छैन । निजी क्षेत्रमा संलग्न मजदुरलाई भएको ट्रेड युनियन अधिकार कर्मचारीलाई दिनु संविधानविपरीत हो । एउटै ट्रेड युनियनको नाममा पनि कर्मचारीलाई यो अधिकार दिनु उचित होइन । शासक दलका नेताहरू ट्रेड युनियनका कर्मचारीलाई बढी भ्रष्टाचार हुने ठाउँमा सरुवा बढुवा गर्न लागिपरेको हुँदा जनताको विरोध भइरहेको छ ।

नेपालविरुद्ध नाकाबन्दी गरेको, नेपाली भूमि अतिक्रमण गरेको, खुला सीमामा नेपालीलाई कुटपिट गरेको, निहुं पाउनासाथ नेपालीलाई गोली हानी हत्या गरेको देशमा कर्मचारीलाई तालिममा पठाउनु हुँदैन । विदेशी आक्रामकले दलाल नपाएसम्म नाकाबन्दी र आक्रमण गर्नसक्दैन ।

आजको एउटा समाचारमा कञ्चनपुरको बेलौरीको माटो भारततर्फ लगिएको, नेपालको भूमि भारतमा पर्नेगरी नापी नक्सा गरिएको, नेपालको सिंचाइ नहर, हुलाकी सडक, प्यारा ताल भारततर्फ पर्ने गरी स्ट्रिप नक्सा बनाइएको उल्लेख छ । यसतर्फ संसद र सरकारको ध्यान जानु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत २१ गते प्रतिनिधिसभा बैठकमा सङ्घीय निजामती सेवा विधेयक, २०८० माथिको छलफलमा राख्नुभएको विचारको सार -सं)*

**पोका पारिएका तयारी खानेकुरा "पत्रु" !**

खाद्य स्वच्छता विधेयकको प्रतिवेदनमा नसमेटिएका केही विषयहरू राख्न चाहन्छु ।

गुलियो र रसायन मिसिएका पेय पदार्थले दाँत, पेट, हाडजोर्नीलगायत शरीरमा अनेक समस्या ल्याउने, शरीर मोटोपनको सिकार हुने, बालबालिकालाई दीर्घरोग लाग्ने विज्ञहरूले बताउनुभएको र विज्ञहरूले चिसो पेय पदार्थमा क्यान्सर पैदा गर्ने तत्त्व मापदण्डभन्दा निकै बढी रहेको पेय पदार्थलाई रङ्गयुक्त बनाउन प्रयोग गरिने रसायन तोकिएभन्दा निकै बढी भएको र क्यान्सर उत्पन्न गर्ने तत्त्व समेत पाइएको एक अध्ययनमा भएको उल्लेख गर्नुभएको छ । विज्ञहरूले चिनी भएको चिसो पेय पदार्थको उपभोग घटाउनुपर्ने, चिनीबिना कम क्यालोरी भएको चिया पिउन सुझाव पनि दिनुभएको छ ।

सन् १९६९ मा जाम्बियामा चिसो पेय पदार्थ पिलाइएका धेरै बालबालिका कुपोषणको रोग लागेर अस्पतालमा भर्ना गर्नुपरेको थियो । त्यसरी कुपोषित भएका बालबालिकालाई 'फान्टाबेबी' नामकरण समेत गरिएको थियो । चिसो पेय, बासनादार, गुलियो स्वादलगायत फिँज आउने ग्यास भएको पानी पिउनेको पिसाबबाट बढी खनिज निष्कासन हुने, हाड कमजोर हुने, थाइराइड ग्रन्थी कमजोर हुने, मुटुको धमनीको रोग हुने, उच्च रक्तचापलगायत स्वास्थ्य समस्या हुने विज्ञहरूको मत रहेको छ ।

चिसो पेय पदार्थमा हुने क्याफिन र चिनी दुवैले क्याल्सियम नष्ट गर्ने र हाड खियाउने विज्ञहरूको मत रहेको छ । अधिकांश चिसो पेयमा ४ देखि १५ चम्चा चिनी घोलिएको हुन्छ । यसले शरीरको तौल बढाउने र टाइप दुई डाइबेटिज हुने विज्ञहरूको मत रहेको छ । चिसो पेय पदार्थको सुन्तले पहेँलो रङ्ग दिने टारटजिनले क्यान्सर गराउने, चिसो पेयमा राखिने सोडियम बढी हुँदा स्वास्थ्य समस्या बढ्ने बताइन्छ । सरकारी र निजी अस्पतालका क्यान्टिनमा समेत प्याकेटको तयारी पत्रु खाना, केक, चिसो पेय पदार्थ बेच्न दिइएकोमा पनि विज्ञहरूको आपत्ति रहेको छ । अस्पतालभित्र बिरामीको मुटु र मिर्गौला उपचार भइरहेको हुन्छ तर त्यहीको क्यान्टेनमा बिरामीका परिवारले मुटु र मिर्गौला खराब पार्ने खाना खाइरहेका हुन्छन् ।

नेपालमा कुहिएको, सडेगलेको खाद्यान्न उत्पादन गर्ने उद्योग अर्बपतिहरूकै हुन् यसकारण सरकारले केही गर्न सकिरहेको छैन । यो विधेयकमा पनि पत्रु खानेकुरा नियन्त्रण र निषेध गर्ने विषय स्पष्टसँग आएको छैन । यी विषयहरू समेटेर यो विधेयकलाई पूर्ण बनाउनु जरुरी छ ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले २०८० चैत २१ गते प्रतिनिधिसभा बैठकमा खाद्य स्वच्छता विधेयक, २०८० माथिको छलफलमा राख्नुभएको विचारको सार । यो विधेयक बहुमतबाट पारित गरिँदा सांसद सुवालले विपक्षमा मत दिनुभयो -सं)*

एकक्षण | प्रधान

# समाजवादी र पुँजीवादी व्यवहार !

उत्पादनका साधन र सेवाहरूको सामाजिकीकरण (राष्ट्रियकरण) पछि समाज वर्गविहीन अवस्थातिर उन्मुख हुन्छ । समाजका सबै सदस्यहरूको निम्ति उच्च शिक्षाको ढोकासमेत खुल्ने हुँदा कामदारवर्गका छोराछोरीहरूले उच्च शिक्षा हासिल गर्नेछन् र आ-आफ्नो दक्षताअनुसार आ-आफ्ना विषयका क्षेत्रमा सक्रिय हुनेछन् ।

तर, पुँजीपतिवर्गबाट आएका नयाँ पुस्तामा आत्मकेन्द्रित भावना, व्यक्तिगत महत्त्वाकाङ्क्षा र समुदायमा व्यक्तिगत प्रधानताको आतुरता हुन्छ । त्यस्तै गरिब परिवार र समुदायबाट आएका कति नयाँ पुस्तामा हीनताबोधका साथै सामूहिकता र व्यक्तिगत महत्त्वाकाङ्क्षा कम देखिनेछन् । साथै पछि परेको समुदायकै परिवारबाट आएका भए पनि आर्थिकरूपले अगाडि बढेको निम्न पुँजीपतिवर्गबाट आएका नयाँ पुस्तासँग जस्तै पुँजीवादी भावना वा आत्मकेन्द्रित भावना कायम रहने गर्छ ।

यसकारण, समतावादी विचारका पक्षपाती संस्था वा राजनैतिक दलहरूका नयाँ पुस्तामा समेत पुरानो समाजको पाल्लो प्रभाव परेको हुन्छ । यसकारण समतावादी वा साम्यवादी दृष्टिकोण बोकेका संस्था वा राजनैतिक दलहरू तलका नियमलाई जोड दिने गर्छन्-

१) आफूलाई आफ्नो संस्था वा पार्टीप्रति समर्पित गर्नेछन् ।
२) छलफलमा पूर्ण प्रजातन्त्र हुन्छ, पुरानो धनी र गरिब वा सामाजिकरूपले तल्लो र ठूलो जातको भेद गर्दैनन् ।
३) हरेक दिन छलफलबाट वा फरक मतको बेला बहुमतको निर्णयलाई मान्नेछन् ।
४) समान तहमा अति समानतावादले कहिलेकाहीँ निर्णय अघि बढ्न नसक्ने हुन्छ र माथिल्लो तहको निर्णय पर्खनुपर्ने हुन्छ ।
५) तल्लो तह माथिल्लो तहको निर्देशन र मातहतमा चल्ने हुन्छ ।

तर समाजवादी समाजमा समेत नयाँ पुस्तामा पुँजीवादी संस्कारले काम गर्ने हुँदा बैठक नै नगरी महत्त्वपूर्ण निर्णय पनि आफैले गर्ने र समितिका अन्य सदस्यहरूलाई चानचुन सम्झने प्रवृत्ति कायम हुन्छ । त्यस प्रवृत्तिलाई आलोचनाबाट समाधान गर्न सकेन भने आर्थिकरूपले अगाडि बढेको नयाँ पुस्ताले आफ्ना समान सदस्यहरूलाई तुच्छ सम्झने, हेप्ने र आफ्नै निर्णय लागु गर्ने जिद्दी लिनेछ । समयमा आलोचना भएन भने त्यो प्रवृत्तिले बल प्राप्त गर्दै जानेछ, संस्था र सङ्गठनमा विभाजन ल्याउनेछ । त्यस महत्त्वाकाङ्क्षी सदस्यलाई वर्ग शत्रुले छिट्टै आफ्नो हातमा लिनेछ । यसरी सुरुको सानो कमजोरीले व्यक्ति र संस्थाको ठुलो अहित गर्नेछ ।

समाजवादी समाजमा पनि अनेक वर्गीय, जातीय, प्रादेशिक, धार्मिक र अन्य साम्प्रदायिक भावनामाथि प्रतिगामी पक्षहरूले खेल्ने अवसर पाउनेछन् ।

त्यसको परिणाम आफू कुनै विषयमा ठूलो भन्ने भावना वा 'म धनी हुँ' र 'म शारीरिकरूपले बलियो छु', 'मैले धेरै शैक्षिक प्रमाणपत्र हासिल गरेको छु' भनी समूह र समाजलाई थर्काउने वा भित्रभित्र भाँजो हाल्ने कामबाट समाज, संस्था र राजनैतिक दलका समितिहरूलाई पनि संवेदनशील बनाउनैपर्छ । अन्यथा गलत प्रवृत्ति धारकले आत्मआलोचना नगरेमा वा आफ्ना गल्तीको अनुभव नगरेमा समूहबाट अलग गर्नु आवश्यक हुन्छ अन्यथा एउटा कुहेको माछाले पोखरी नै गन्हाउने परिणाम समाजले व्यहोर्नुपर्नेछ ।

समाज र बहुमतलाई अस्वीकार गर्ने वर्गलाई ध्यान दिई र निश्चित जातजाति र भाषाभाषीलाई प्राथमिकता दिँदा अनेक समाजवादी समाजहरूमा पनि जातीय भेदभाव देखिएको थियो । त्यसैको परिणामस्वरूप देशमै पुँजीवादको पुन:स्थापना गर्न वर्ग शत्रु र साम्राज्यवादी सक्षम भएका थिए ।

**तं:मुज्या...**
नेपाल कर्मचारी समाजका अध्यक्ष जीपी लासिवाले साहित्यले जनताको सेवा गर्दैन भने त्यो कागजको खोस्तासरि हुन्छ; जनताको साहित्यले देश र कामदार जनताको सेवा गर्नु आवश्यक छ, युवा र विद्यार्थीहरूलाई राजनैतिक सचेतना दिन साहित्यिक तथा सांस्कृतिक गतिविधिको आवश्यक छ भन्नुभयो ।

नेमकिपा ललितपुरका सदस्य तथा नेपालभाषा साहित्य त:मुंज्या थसीका संयोजक महन्त महर्जनले पहिलोपटक थसी नगरीमा भएको साहित्य त:मुंज्याले स्थानीय जनतालाई सचेत गर्ने कार्य गरे छ; आउँदा दिनहरूमा यसलाई निरन्तरता दिन साहित्य लेखन तथा सांस्कृतिक गुरुहरूमार्फत प्रशिक्षण आवश्यक छ भन्नुभयो ।

उक्त भेलामा आशाराम महर्जन, रूपा महर्जन, कृष्णराज महर्जन, इन्द्र महर्जन, चन्द्र महर्जन, सुजिता महर्जन, जेवि नेमकुल, एल. श्रेष्ठ, मिकी र तुल्सीनारायण महर्जनलगायतले आउँदा दिनमा थप व्यवस्थित गरी कार्यक्रम गर्न आवश्यक भएकोमा प्रकाश पार्नुभयो ।

**साम्राज्यवाद...**
चलाई मृत्यु दण्ड दियो; त्यस देशलाई ६ टुक्रामा विभाजन गर्यो; इराकका राष्ट्रपति सद्दाम हुसेन, लिवियाका राष्ट्रपति कर्णेल गद्दाफीमाथि युद्ध अपराधीको आरोप लगाई हत्या गर्यो र यो संसारमा युद्धको आयातकर्ता नै अमेरिकी साम्राज्यवाद हो भन्नुभयो ।

नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एन.बी. श्रेष्ठले भारतीय एकाधिकार पुँजीको विरोध गर्दै भन्नुभयो, "भारतीय दूतावासले नेपालमा २० करोड रुपैँयासम्मको योजना बनाई सिधै खर्च गर्ने र नेपालको दस हजार मेगावाट बिजुली भारतलाई दिने पुस १९ गतेको सम्झौता देशघाती भएकोले खारेज गर्नुपर्छ । नेपालीभूमि डुबानमा पर्ने गरी सिमानामा अन्तर्राष्ट्रिय कानुनविपरीत भारतले एकतर्फी बनाएका बाँधहरू भत्काउनुपर्छ, नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु, कर्णाली, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, पश्चिम सेती, सेती नदी १, फुकोट कर्णाली, पञ्चेश्वरलगायतका सन्धि सम्झौता खारेज गर्नुपर्छ ।

उहाँले नेपाली भूमि कालापानीमा बसेका भारतीय सेनालाई तत्काल हटाउनुपर्ने, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नुपर्ने, नेपाल-भारतबिचको खुला सीमा बन्द गरी नियमन गर्नुपर्नेबारे सांस्कृतिक तथा साहित्यिक गतिविधि निरन्तर गरी नयाँ पुस्तालाई सचेत र सङ्गठित गर्नु आवश्यक छ ।"

नेमकिपा ललितपुरका सचिव नरेश महर्जनले कुनै राष्ट्रलाई विध्वंश गर्न आणविक बम या दूरमारक क्षेप्यास्त्रहरूको प्रयोग गर्नु आवश्यक छैन, खालि शिक्षाको गुणस्तरलाई तल झार्ने र विद्यार्थीहरूलाई परीक्षामा नक्कल गर्न दिए पुग्छ भन्ने भनाइ सान्दर्भिक हो भन्नुभयो ।

उहाँले शासकवर्गले गलत शिक्षा नीति लिएको कारण आज नेपालका गाउँहरू युवाविहीन हुँदै गएको हो भन्नुभयो ।

नेमकिपा ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले नेपालको राजनीतिमा भारतको गुप्तचर संस्था 'रअ' र अमेरिकी केन्द्रीय गुप्तचर विभाग (सीआईए) ले हस्तक्षेप गरिरहेको र नेपालका शासक नेताहरूलाई 'उठ-बस' गराउने कार्य गरिरहेको छ उल्लेख गर्दै नेपाली जनता सचेत भएर उठ्नुपर्ने बेला आएको छ, भन्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य सुवर्ण शाक्यले चीनले विश्वकै ३५ प्रतिशत तयारी सामग्री उत्पादन गर्ने गरेको छ भने संरा अमेरिकाले मात्र १२ प्रतिशत मात्र उत्पादन गरेको बताउनुभयो । उहाँले संरा अमेरिकालाई पहिलो उत्पादक देश बन्न करिब सय वर्ष लागेको थियो भने चीन पहिलो उत्पादक देश बन्न १५-२० वर्षमात्र लागेको देखियो भन्नुभयो ।

नेपालभाषा साहित्य सम्मेलनको उपादेयताबारे पनि छलफल भएको सो कार्यक्रममा विष्णुभक्त महर्जन र रीमा महर्जनलगायतले जनतालाई राजनैतिकरूपमा सचेत गर्न आवश्यक भएको बताउनुभयो ।

**शासक...**
"देशमा देखिएको नैतिकता, इमान, विचार, सिद्धान्तको सङ्कटले गर्दा राजनीतिक र आर्थिक सङ्कट दिनप्रतिदिन बढ्दै गएको छ ।"

प्रतियोगिताका संयोजक नारायण महर्जनले सहिदको सम्झना गर्दै युवाहरूमा सहिदको योगदानबाट सिकाउने र ब्याडमिन्टन खेलबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय कुशल खेलाडी तयार गर्ने लक्ष्यका साथ १५ औँ पटक सहिद स्मृति कप सञ्चालन भएको जानकारी दिनुभयो ।

समूहका अध्यक्ष हरिकुमार महर्जनको सभापतित्वमा भएको कार्यक्रममा मधुकर श्रेष्ठले पनि बोल्नुभएको थियो ।

प्रतियोगितामा यस वर्षको वर्ष खेलाडी इन्द्रायणी परिवार क्लवका अध्यक्ष, देवढोका ब्याडमिन्टन समूहका संस्थापक, ब्याडमिन्टन क्लबका नियमित खेलाडी भीमकुमार महर्जनलाई घोषणा गरिएको थियो ।

प्रतियोगितामा विजयी प्रथम, द्वितीय र तृतीय खेलाडीहरूलाई क्रमश: ३० हजार, १५ हजार र ८ हजार नगद पुरस्कार प्रदान गरिएको थियो ।

विजयी खेलाडीहरूलाई अतिथि गोसाई, नेपाल टेलिकमका वित्तीय प्रमुख राजेन्द्र श्रेष्ठ, कीर्तिपुर ब्याडमिन्टन क्लवका अध्यक्ष चन्दन महर्जन, निवर्तमान अध्यक्ष दयाराम डंगोलले ट्रफी, मेडल, प्रमाणपत्र र नगद प्रदान गर्नुभएको थियो ।

**स्वास्थ्य...**
उदाहरण बनेको छ । क्यान्सरको उपचार गर्न देशभरिबाट त्यहाँ बिरामीहरू पुग्ने गर्छन् । भक्तपुर क्यान्सर अस्पताल भरतपुर अस्पतालपछिको दोस्रो ठुलो क्यान्सर अस्पताल हो । त्यहाँको फार्मेसीमा धेरै किसिमका औषधि नभएको अस्पतालकै पदाधिकारीहरू स्वीकार्छन् । अस्पताल स्रोतको भनाइ छ, "विपन्न नागरिक उपचारबापत सरकारबाट पाउनुपर्ने रु. ९ करोडभन्दा बढी भुक्तानी नहुँदा अस्पताललाई ठुलो समस्या भइरहेको छ । हामीले व्यापारीहरूलाई भुक्तानी गर्न नसकेपछि तिनीहरूले औषधि आपूर्ति रोके । त्यही कारण अस्पतालमा समस्या आएको हो ।"

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको बीमा भुक्तानी अवस्था पनि त्यस्तै छ । ख्वप अस्पतालले नगरवासीहरूमात्रै होइन देशका विभिन्न जिल्लाका नागरिकहरूलाई सस्तो र गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको छ । गत आ.व. २०७९/८० को एक वर्षमा ख्वप अस्पतालले ७० जिल्लाका २ लाख २० हजार ४ सयभन्दा बढी बिरामीलाई स्वास्थ्य उपचार सेवा प्रदान गर्यो भने चालु आ.व. २०८०/८१ को बितेको आठ महिना (साउनदेखि फागुनसम्म) मा १ लाख ५४ हजारभन्दा बढी बिरामीलाई सेवा दिइसकेको अस्पतालले जनाएको छ ।

ख्वप अस्पतालले २०७४ सालदेखि बीमा सेवा प्रदान गर्दै आएको हो । तर, उक्त अस्पताललाई निकै ठुलो राशी बीमा बोर्डले भुक्तानी गर्न बाँकी राखेको अस्पताल स्रोत बताउँछ । अस्पताल स्रोत भन्छ, २०८० फागुन मसान्तसम्म करिब १८ करोडभन्दा बढी भुक्तानी बाँकी छ । महिनाको २ करोडभन्दा बढीको बीमा भुक्तानी दाबी गरे पनि भुक्तानी थोरै पठाउनेमात्रै होइन अति ढिलो पठाउने गरेको कारण सेवा दिन गाह्रो भएको अनुभव गरिँदै छ ।

यी त केही प्रतिनिधिमूलक अस्पतालहरू मात्रै हुन् । देशैभरका अस्पतालहरूको अवस्था पनि योभन्दा फरक नहोला । सरकारले भुक्तानी दिन नसक्ने भए किन स्वास्थ्य बीमा लागु गरियो ? बीमा लागु भएका अस्पतालहरूमा भुक्तानी दिन किन ढिलाइ गरियो ? कतै स्वास्थ्य बीमा कार्यक्रमबाट सरकार पछि हट्न खोजेको त होइन ? यावत प्रश्नहरू उठेका छन् । सरकारले संविधानबमोजिम नि:शुल्क उपचार र स्वास्थ्य बीमामार्फत सबैको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउँदै लान उचित बजेटको व्यवस्था गर्नु आवश्यक छ । वि.सं. २०९० सालभित्र सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गर्ने लक्ष्य पूरा गर्ने हो भने बीमा कार्यक्रममा भएका कमीकमजोरीलाई हटाई जनतालाई सहज स्वास्थ्य सेवातर्फ सरकारले ध्यान दिने जनताको अपेक्षा छ ।

उपभोक्ता अधिकारको रक्षा गरौं ।
➢ उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ।
➢ प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
➢ गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ।
उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३